# बौद्ध आदर्श-कथा



Dhamma.Digital

कोण्डन्य

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# बौद्ध आदर्श-कथा

✍ कोण्डन्य

**प्रकाशकः**
थेरवाद फाउण्डेशन नेपाल तथा बुद्धविहार भृकुटीमण्डप
फोन : ४२२६७०२
**धर्मदान-प्रकाशन दाताः**
स्वयम्भू वीरसिंह कंसाकार तथा हितलक्ष्मी कंसाकार सपरिवार
पुतलीसडक, काठमाडौं

Downloaded from http://dhamma.digital/

# बौद्ध आदर्श-कथा


लेखन : कोण्डन्य © gkondanya@gmail.com

प्रकाशक : थेरवाद फाउण्डेशन नेपाल तथा बुद्धविहार भृकुटीमण्डप

धर्मदान-दाता : स्वयम्भू वीरसिंह कंसाकार तथा हितलक्ष्मी कंसाकार सपरिवार

कम्प्यूटर : राजकुमार छुका

आवरण : विनोद महर्जन

संस्करण : पहिलो, २०६९ श्रावण २० गते, बु. सं. २५५६

मुद्रण : आइडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को, फोनः ५००७५६३

मूल्य : ११०० प्रति धर्मदान

---

Bauddha Adarsha-Katha by Kondanya ©

Published : **Theravada Foundation Nepal & Buddha Vihara Bhrikutimandap**

Sponsor for Free Distribution : **Swayambhu Birsingh & Hitalaxmi Kansakar-201**


Downloaded from http://dhamma.digital/

# मैत्रीपूर्ण समर्पण !



बुद्धजन्म-भूमि नेपालमा पालि त्रिपिटक ग्रन्थका
सर्वाधिक अनुवादक **श्री दुण्डबहादुर वज्राचार्य** (सानुभाइ उपासक),
जसले दीघनिकाय, मज्झिमनिकाय, सुंयत्तनिकाय, मिलिन्द-प्रश्न,
इतिवुत्तक, धम्मपद, सम्पूर्ण जातकलगायत अहिलेसम्म सबैभन्दा बढी
नेपालभाषामा निष्ठापूर्ण बुद्धशासनिक अनुवादकार्य सम्पन्न गरेका छन्
(कुनै नेपालीमा समेत), उनै शासनिक उपासकको निस्वार्थभाव
एवं सतत् शासनिक धर्म-श्रमलाई स्मरण गर्दै
सुस्वास्थ्य कामनासहित यस कथात्मक नैतिक-कृति
मैत्रीपूर्ण समर्पण गर्दछु ।

-कोण्डन्य

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# आफ्नो भन्नु

"बौद्ध आदर्श-कथा" शीर्षकीय कृति श्रद्धालु स्वयम्भू वीरसिंह कंसाकार तथा उपासिका हितलक्ष्मी कंसाकारले दिवंगत माता-पिताको पुण्यस्मृतिमा बुद्धशिक्षामूलक पुस्तक धर्मदान गर्ने विशुद्ध धार्मिक मनसाय राख्नुभएअनुरूप पाठकसमक्ष यो कृति थेरवाद फाउण्डेशन नेपाल तथा बुद्धविहार भृकुटीमण्डप, काठमाडौंले आधिकारिकरूपमा प्रकाशन गरेको हो ।

यस कृतिभित्र बुद्ध र नैतिक शिक्षासम्बद्ध उपदेशलाई प्रस्तुत गर्ने क्रममा केही कथात्मक विषयवस्तुलाई आधार मानी फरक प्रस्तुतिका साथ लेखिएको छ, यद्यपि कसैलाई उही पुरानो कथा लाग्लान्, खोक्रो स्वाङ्गजस्तै महसूस होलान्, तर प्रस्तुति एवं प्रस्ट गर्न थपिएका भाव भने नयाँ प्रस्तुति लाग्नुपर्ने हो भन्ने मेरो ठम्याइ रहेको छ । प्रयोगको रूपमा लेखिएका यी कथात्मक विधाले पाठकदीर्घामा कस्तो प्रभाव पार्लान्, त्यो त प्रिय पाठकवृन्दबाट पढिसकेपछि जनाउने प्रतिकृयाबाट प्रस्ट हुन बाँकी नै छ ।

वस्तुतः सुखशान्ति विषय सार्वजनीन भएको र यसले सार्वकालिक प्रभाव कायम गरिराख्ने भएकोले सम्भवतः यस कृतिभित्र संग्रहित आदर्श बौद्ध-कथा प्रस्तुतिले सुखशान्ति जपेर मात्र सम्भव नहुने, तर हृदय परिवर्तन वा स्वव्यवहार परिवर्तनसँगै सुखशान्ति प्राप्त गर्न सामर्थ्यता प्राप्त हुने सन्देश प्रवाह गरेको छ ।

बुद्धजन्म-भूमि नेपालमा पालि त्रिपिटक ग्रन्थका सर्वाधिक अनुवादक **श्री दुण्डबहादुर वज्राचार्य** (सानुभाइ उपासक), जसले पालि त्रिपिटकका महत्त्वपूर्ण ग्रन्थहरू अहिलेसम्म सबैभन्दा बढी नेपालभाषामा निष्ठापूर्ण बुद्धशासनिक अनुवादकार्य सम्पन्न गरेका छन् (कुनै नेपालीमा समेत), उनै शासनिक उपासकको निस्वार्थभाव एवं सतत् शासनिक धर्म-श्रमलाई स्मरण गरी यो कृति मैत्रीपूर्ण समर्पण गर्न पाउँदा धर्मप्रीति-अनुभूत भइरहेको छ ।

प्रकाशक, प्रकाशन-धर्मदान दाता, शिष्य भिक्षु वजिरञाण, राजकुमार छुका, समयमैं मुद्रण गरिदिने प्रेस परिवारलगायत सम्बद्ध जो जस्ले यस कृति पाठकसमक्ष ल्याउन सहयोग गरे, प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सबैलाई साधुवाद ।

१८ श्रावण, बु. सं. २५५६

गुंपुन्हि-जनैपूर्णिमा

**– कोण्डन्य**

बुद्धविहार भृकुटीमडप काठमाडौं-३१,

gkondanya@gmail.com

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

विभिन्न कथाहरूको संग्रहका रूपमा **“बौद्ध आदर्श-कथा”** शीर्षकीय कृति कोण्डन्य भन्तेको लेखन-प्रयासबाट संभव भएको हो । बुद्धकालीन कथा, घटना एवं जातक कथालाई नैतिक एवं आदर्श बोध हुने किसिमले वैचारिक तथा साहित्यिक प्रयोगका कारण फरक प्रस्तुति देखिने यो कृति पाठकसमक्ष प्रकाशन गर्न पाउनु खुसीको विषय हो । पुतलीसडक निवासी श्रद्धालु दाता स्वयम्भू वीरसिंह कंसाकार तथा उपासिका हितलक्ष्मी कंसाकार परिवारले दिवंगत माता-पिताको पुण्यस्मृतिमा धर्मदानस्वरूप बुद्धशिक्षामूलक यस पुस्तक प्रकाशनार्थ सम्पूर्ण अर्थव्ययभार वहन गर्नुभएकाले उहाँ दाता परिवारप्रति साधुवादसहित हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।


**प्रकाशक**

**थेरवाद फाउण्डेशन नेपाल तथा बुद्धविहार भृकुटीमण्डप**

**काठमाडौं-३१ (काठमाडौं मोडेल हस्पिटल परिसर), फोन- ४२२६७०२**


**धर्मदान-प्रकाशन दाता परिवारः**

**स्वयम्भू वीरसिंह कंसाकार तथा हितलक्ष्मी कंसाकार**

छोरा/बुहारीहरु :

**स्वहित वीरसिंह कंसाकार**

**डा. सुबोध वीरसिंह कंसाकार/ऋतु कंसाकार**

**सबिन वीरसिंह कंसाकार/ऋतुकमल कंसाकार**

**सुजन वीरसिंह कंसाकार/मेरिता कंसाकार**

**नाति/नातिनाहरु :**

**रेसु कंसाकार, विदर्शना कंसाकार**

**पुतलीसडक, काठमाडौं ।**


Downloaded from http://dhamma.digital/

# धर्मदान



**पिता :**
रत्नवीर सिंह कंसाकार (भाइ साहु)
ठेगाना : केलटोल
जन्म : वि.सं. १९७३
दिवंगत : २०५७ चैत्र दशमी

**माता :**
हिरादेवी कंसाकार
ठेगाना : केलटोल
जन्म : वि.सं. १९७२
दिवंगत : २०५३ पौष पञ्चमी

**स्वयम्भू वीरसिंह कंसाकार**
पुतलीसडक, काठमाडौं



**माता :**
तीर्थलक्ष्मी तुलाधर
जन्म : १९९५
दिवंगत : २०५० पौष १६ गते
तृतीया

**पिता :**
नियमरत्न तुलाधर
जन्म : वि.सं. १९८१
दिवंगत : २०५६ कार्तिक १६ गते
तृतीया

**हितलक्ष्मी कंसाकार**
पुतलीसडक, काठमाडौं

Downloaded from http://dhamma.digital/

# विषयसूचि


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | गुणीप्रति कृतज्ञ हुनु | १३ |
| २. | द्वेषपूर्ण बदलाभाव निरन्तर जारी रहन्छ | २० |
| ३. | सबै खराब हुँदैनन् | ३० |
| ४. | जल-स्नान गर्दैमा/नुहाउँदैमा पवित्र हुन्न | ३९ |
| ५. | नाउँले मात्रै केही हुन्न | ४६ |
| ६. | जाति होइन, आचरण सोध | ५२ |
| ७. | क्रोधले हित गर्दैन | ५८ |
| ८. | कौवाले कान लग्यो भन्दैमा पछि पछि कुद्नु हुन्न | ६२ |
| ९. | उनकै शब्दमा : बुद्ध को हुन् ? | ६८ |
| १०. | सबैको प्रेम सुखद् हुँदैन | ७१ |


Downloaded from http://dhamma.digital/

# १.

# गुणीप्रति कृतज्ञ हुनु

हामी समाजमा विभिन्न रूपले जीवन गुजारा गरिरहेका हुन्छौं । चाहे त्यागी होऔं वा गृहस्थ होऔं, कुनै न कुनै रूपले जीवन अगाडि बढिरहन्छ नै । ज्ञानी-गुणी हुनुपर्छ, सम्यक् आजीविका अपनाएर गर्नुपर्ने कर्तव्य, जिम्मेवारी बोधलाई सही रूपले भूमिका निर्वाह गरिनुपर्छ भन्ने धार्मिक, सामाजिक, लोक मान्यता रहिआएको छ । तर, ती यावत आदर्शका कुराहरूलाई व्यवहारतः कतिसम्म लागू गर्न सकिन्छ त ? यो अनुत्तरित प्रश्नलाई हामी आफैले आफैलाई चिमोटेर प्रतिप्रश्न उठान गर्ने र सँगसँगै जवाफसमेत प्राप्त गर्ने जमर्को हामीबाट नै गरिनुपर्छ । भनिन्छ ज्ञान बाह्य तत्त्वबाट यथासंभव हुन्छ भने जो कोही ज्ञानी-गुणी हुन भित्री-अन्तस्करणदेखि भावितामयी अभ्यासविना सम्भव हुनैसक्दैन ।

जीवनमा हामीलाई सहयोग गर्नेहरूको नालीबेली र असहयोग गर्नेहरूको नालीबेलीभित्र आमाबुबा, दाजुभाइ, नातागोता, बन्धु-बान्धव, साथीभाइ जो सुकै हुन्, जो कसैले हुन्, यदि आफूलाई गुण गरेका छन्, सहयोग गरेका छन् भने उनीहरूप्रति कृतज्ञता जाहेर गर्ने, उनीहरूको गुणस्मरण गर्ने कार्य



Downloaded from http://dhamma.digital/

हामीले गर्नैपर्छ । तर विडम्बना हामीभित्र खोला तऱ्यो लौरो बिर्स्यो प्रवृत्ति हावी हुँदै गइरहेको छ, परिणामतः **स्वार्थ मूलमन्त्रस्यं स्वाहाः** जस्ता स्वार्थी, अनुत्तरदायी, बेइमानी प्रवृत्ति आकासिंदै जाँदा आपसी मित्रवत्-प्रेमपूर्ण, मैत्रीभाव ओझेलमा परिरहेको छ । कमसेकम गुणको बदलामा गुण गर्ने प्रवृत्ति मौलाउनु पर्ने ठाउँमा गुणको बदलामा समेत खून भनेजस्तै नकारात्मक-बैगुणी व्यवहार गर्न मरिहत्ते गर्ने स्वभाव-प्रवृत्ति समाजमा मौलाउनु कदापि सुखकर मान्न सकिन्न ।

विडम्बना ! परिवार-पारिवारिक प्रवृत्ति, समाज-सामाजिक प्रवृत्ति, धर्म-धार्मिक प्रवृत्ति, शिक्षा-शैक्षिक प्रवृत्ति आदि यावत क्षेत्रमा गुणीभन्दा बैगुणी जमात झ्याँङ्गिदो छ, च्याउ उम्रेसरी मौलाइरहेको दुःखद् नकारात्मक पक्ष नै हुन्, यसलाई कदापि रचनात्मक परिवर्तनको रूपमा स्वीकार गर्न सकिंदैन । हामी मध्येमा कसैलाई गुण गर्नुपर्छ भन्ने मान्यता बोक्ने कति हौऔंला ? कसैले गरेका गुणलाई निरन्तर सम्झिनुपर्छ भन्ने मान्यताअनुरूप व्यवहार गर्नेहरू कति नै हौऔंला र ?! आदर्शका कुरा र व्यावहारिक पक्ष दुई अलगअलग धारजस्तै प्रतिस्पर्धात्मक रूपमा अघि बढेका धेरै ज्वलन्त उदाहरणहरू नभएका होइनन् ।

वास्तवमा कृतज्ञ र कृतवेदी अर्थात् कसैले गरेको गुणलाई स्मरण गर्न सक्नु र कसैलाई गुण लाउनु/गुण गर्नु दुबै व्यवहार दुर्लभ कार्य हुन्-सत्पुरूष धर्म हुन् भनी तथागत बुद्धले आज्ञा गरेका छन् । हो, अवश्य पनि अरूले गरेका गुणलाई सम्झिने, यदाकदा नै किन नहोस् त्यसलाई स्मरण गर्नसके मनमा सुखद् अनुभूति पैदा हुन्छ, यसैलाई हामी पुण्यसाधना भन्छौं । तर हामी उल्टो दिशा घुमिरहेका हुन्छौं कि मैले यसो गरें, त्यसो गरें फलानालाई ढिस्कोलाई गुण गरी आज यहाँ पुऱ्याएँ, आफूले आफैलाई मपाईं भन्दै आफूले गरेको गुण मात्र सम्झी सम्झी दिल भारी बनाउँछौं, भारी बोक्नै नसक्ने गरी म र मेरो भन्ने आसक्तपूर्ण भावसहित आज मलाई यो गरिदिएन, त्यो गरिदिएनजस्ता असन्तोषको पोको थुपारी मनगढन्ते कुरैमा जकडिएर



Downloaded from http://dhamma.digital/

उठ्नै नसक्ने गरी थचारिएका हुन्छौं । अनि सुख खोइ, शान्ति खोइ भन्दै मानसिक सुखशान्तिको खोजीमा अलमलिरहेका हुन्छौं । वास्तवमा आफूले गरेको गुण वा योगदानलगायत विषयलाई बढी गुणगान-भजनगानको रूपमा हात्ती आयो हात्ती आयो फुस्सा भनेजस्तै त्यही त्यही रटान गर्ने अनि गुणबखान मात्रै गर्ने प्रवृत्ति कसैले सुन्ने छैनन्, त्यसलाई धैर्यतापूर्वक सुन्ने कसरत कमले मात्र गर्छन् ।

आफूले गरेको गुणगान जति धेरै हामी सम्झिन्छौं त्यति नै धेरै मनमा असन्तोष छाउने हुन्छ, अशान्तरूपी जरो झ्याँङ्गिदै जाँदा आफैलाई असहज र कठिन परिस्थितिले घेरिँदै गइरहेको हुन्छ, यसलाई बेलैमा ठम्याउन सक्नुपर्छ होइन भने त्यस किसिमको व्यवहार भोलि आफैंलाई घाँडो सावित हुन्छ, अनि मनको लड्डु घ्यूसित खानुजस्तै हुन्छ । बेलैमा विचार पुऱ्याएर बरू आफूले गरेकोभन्दा अरूले आफूलाई गरेको गुणस्मरण गर्दाचाहिँ मनमा आनन्दको अनुभूति हुन्छ, सन्तोषपना फक्रिएको सुवास्नायुक्त फूलजस्तै ढकमक्क फुल्दा सबैलाई त्यसको सकारात्मक प्रभाव छरिँदै जाने हुन्छ । वास्तवमा कृतज्ञता जाहेरी वा कसैले गरेका गुणलाई वस्तुविशेषभन्दा माथि उठी गुणसम्झिन सक्नु अपरिहार्यता मात्र होइन आजको बदलिँदो समाज र परिवेशमा यस्को महत्त्व, विशेषता र उपादेयता दिन प्रतिदिन बढ्दो छ । यस नैतिक शिक्षालाई पुष्टि गर्न बुद्धकालीन कथात्मक घटना प्रस्तुत गर्नु सान्दर्भिक होला ।

राजगृह निवासी एकजना बृद्ध ब्राह्मण, उनको नाम थियो- राध ब्राह्मण । वृद्धावस्थामा पारिवारिक सुखशान्ति प्राप्त हुने उनले भारी ईच्छाआकांक्षा बोकेका थिए, तर आफ्नै सन्तानबाट उपेक्षित भएर नैराश्यपूर्ण जीवन यापन गरिरहेकै समयमा बुद्धको शिष्य भई धर्म-अभ्यास गर्ने उनमा आस्था जाग्यो । प्रव्रजित हुने, धर्मको नियमित अभ्यास गर्ने, धार्मिक सेवाभावमा सक्दो समर्पित भई बाँकी जीवन गुजारा गर्ने भित्री मनोकांक्षा पूर्ण गर्न विहारमा गई भिक्षुहरूसमक्ष विनम्र निवेदन गरे । ठूलो आशा, पूर्ण भरोसासहित प्रार्थना


Downloaded from http://dhamma.digital/

गरिएको उनको अनुरोधलाई कसैले सुनेनन्, टेर्ने कुरै भएन, किनकि उनीप्रति कसैलाई पूर्ण विश्वास गर्ने आधार नै भएन ।

राध ब्राह्मणकै बारेमा सिफारीशसहित जिम्मेवारी वहन गर्ने कोही भएनन्, उनलाई आफूभित्र प्रस्फुटित घरवार त्यागी प्रव्रजित हुने उत्कट अभिलाषा कतै तुषारापातमा परिणत हुने पो होइन !? प्रव्रजित हुने दरो आकांक्षा तहसनहस होलान् कि भन्ने चिन्ता बढ्यो । दिनरात त्यही चिन्तामा चुर्लुम्म डुबे, पीर धेरै भएपछि ब्राह्मणको जिउ सुक्यो, हड्डी हड्डी सिंकुटे भयो । अति नै दुर्बल देखियो, दुर्वर्णको भयो, पातपतिङ्गर विनाको थिङ्गरिङ्ग परेको बृक्षजस्तै देखियो ।

राध ब्राह्मणको कन्तविजोग हविगत देख्दा तथागत शास्ताको करूणा-शीतल हृदय प्रकम्पित भयो । ब्राह्मणको प्रबल ईच्छा प्रव्रजित हुने, जुन श्रद्धा किन पुरा नभएको जान्नबुझ्न, उनको प्रव्रजित आकांक्षा संबोधनार्थ शिष्य भिक्षुहरूलाई आमन्त्रण गरे ।

"भिक्षुहरू ! राध ब्राह्मणले कसैको लागि केही उपकारी कार्य गरेका छन् वा छैनन्, त्यस बारे जानकार राख्ने कोही छैन र यहाँ ? यी ब्राह्मणको कुनैपनि गुणलाई संस्मरण गर्ने कुनै भिक्षु छैन यहाँ ?" भनी तथागतले जिज्ञासा प्रकट गरे ।

कसैबाट जवाफ नसुनिएको त्यस क्षणमा "उनको उपकार बारे मलाई केही जानकारी छ ।" भनी धर्मसेनापति सारिपुत्र महास्थविरले तुरून्तै जवाफ फर्काए ।

त्यसपछि- "यिनले कसलाई के उपकार गरेका छन् ?" भनी तथागतले सोधे ।

"तथागत शास्ता ! कुनै दिन म राजगृहमा भिक्षाटन जाँदा यिनले मेरो पात्रमा एक डाडु - एकचम्चा भिक्षा-दान दिएका थिए, त्यो दान म अझै सम्झन्छु ।" भनी सारिपुत्रले जवाफ फर्काए ।


Downloaded from http://dhamma.digital/

"साधु ! साधु ! सारिपुत्र !!! भगवान्ले हर्षपूर्वक आज्ञा गरे- "सत्पुरूष कृतज्ञ र कृतज्ञवेदी हुन्छन् ।"

तथागत शास्ता तथा सारिपुत्र महास्थविरबीच वार्तालाप सुनिरहेका उदासी एवं निराशभाव बोकिरहेका राध ब्राह्मणको उदासपनभित्र नवचेतना जागृत भयो, उनको अनुहारमा चमकतासहित प्रफुल्लितभाव प्रस्फुरण भएको स्पष्ट झल्किन्थ्यो ।

तथागत शास्ताको श्रीमुखबाट प्रस्फुरण भयो-

**"साधु साधु कतञ्ञूसि, सारिपुत्त इमं तुवं ।**

**पब्बाजेहि दिजं वुड्ढं, हेस्सतिजानियो अयं ।।"**

-"धन्य धन्य सारिपुत्र ! तिमी कृतज्ञ रहेछौ । यी बुढा ब्राह्मणलाई प्रव्रजित गराऊ; यिनी पण्डित हुनेछन् ।"

तथागत शास्ताले सारिपत्रु महास्थविरलाई सम्बोधन गरी- "सारिपुत्र ! राधलाई तुरून्तै प्रव्रज्यादीक्षा प्रदान गर, उपसम्पदादीक्षा दिनू ।" भनी आज्ञा दिए । प्रव्रज्या-उपसम्पदादीक्षा प्रदान गर्न अनुमति प्राप्तिपछि पुनः सारिपुत्र अलमलमा परे कसरी आफू एक्लैले दीक्षा दिने भनी तथागतसमक्ष जिज्ञासा राख्दा- जसरी पहिले बुद्ध, धर्म र संघ गरी "त्रिशरण गमनसहित उपसम्पदा-दीक्षाका लागि अनुज्ञा दिएको थिएँ, आजदेखि त्यस विधिलाई वर्जित गरी चारज्ञप्ति कर्मद्वारा वा चतुर्थ वाचाद्वारा उपसम्पदा दीक्षाको लागि अनुज्ञा प्रदान गर्छु" भनी शास्ताले योग्य-समर्थवान व्यक्तिले संघसमक्ष नवीन प्रकृयाद्वारा उपसम्पदादीक्षा प्राप्त गर्ने विधि प्रतिपादनसहित घोषणा गरे । सोही विधिमुताविक उपसम्पदा प्राप्तार्थ राध ब्राह्मणले प्रार्थना गरेअनुरूप सारिपुत्रद्वारा प्रव्रज्यादीक्षा प्राप्त गर्न सफल भए । उनी अत्यन्तै भावविभोर भई तथागतसमक्ष अनुग्रहित भए, सारिपुत्र महास्थविरद्वारा नवीन प्रकृयाबाट उपसम्पदादीक्षा प्राप्त गर्ने प्रथम भिक्षु राध नै हुन् ।

उपसम्पदादीक्षा प्राप्तिपछि धर्म-साधनामा समर्पित राधले एक समय



Downloaded from http://dhamma.digital/

धार्मिक भावावेग, सुखद्-आनन्द क्षणमा यसरी धर्मप्रीतिरूपी उदान व्यक्त गरेका थिए–

"वर्षात् याममा राम्ररी नछाएको घरको छानाबाट जसरी टपटप पानी चुहिने हो, त्यसरी नै ध्यान-भावना-साधनारहित चित्तमा राग प्रवेश गर्ने हुन्छ । परन्तु राम्ररी पक्का हुने गरी छाएको घरको छानाबाट पानी नचुहिनेजस्तै ध्यान–साधनाद्वारा अभ्यस्त चित्तमा राग प्रवेश गर्न सक्दैन ।"

–(उदान १३३-१३४)

–"मैले लोकमा कम्पित नहुने सारिपुत्र स्थविरलाई एक डाडु भात दिएको थिएँ । जब म जीर्ण तथा बुढो भएँ तब म विहारमा गई भिक्षु हुन चाहें तर मलाई कसैले भिक्षु बनाउन चाहेनन् । यसले गर्दा म दुर्वर्णी दुब्लो र चिन्तित भएँ । अनि त्यस बखत भिक्षुहरूसँग "मैले गरेको कुनै गुण सम्झने कुनै भिक्षु छ ?" भनी भगवान्ले सोध्नुहुँदा सारिपुत्रस्थविरले "भिक्षाटन् गइरहेको बेलामा यिनले मलाई एक डाडु भिक्षा दान गरेको म सम्झिन्छु" भनी भन्नुभयो । –(अपदान, गाथा नं. ३१५, ३१६, ३१९, ३२०)

कुनै बेला राध थेर (ब्राह्मण) को बारेमा जेतवनस्थित अनाथपिण्डिकको आराममा तथागत बुद्धद्वारा निम्न उपदेशात्मक गाथा आज्ञा भयो–

**निधीनंव पवत्तारं - यं पस्से वज्जदस्सिनं ।**
**निग्गय्हवादिं मेधाविं - तादिसं पण्डितं भजे ।**
**तादिसं भजमानस्स - सेय्यो होति न पापियो ।।**

–(धम्मपद, चित्तवर्ग– नं. ७६)

अर्थात्- "आफ्नो दोष देखाइदिनेलाई गाडेको धन देखाइदिने कल्याणमित्र सम्झिनु पर्छ । पण्डितहरूले आफूलाई सम्झाई–बुझाई ज्ञानगुणका कुरा सिकाउनेसँग सत्संगत गर्छन्, त्यस्ता विज्ञजनहरूसित सत्संगत गर्नेको अभिवृद्धि हुने सिवाय् कहिल्यै हानी–नोक्सानी हुँदैन ।"

यसरी राध ब्राह्मण वृद्धावस्थामैं भएपनि बुद्धशासनभित्र प्रवेश गरी


Downloaded from http://dhamma.digital/

सतत् धर्म-अभ्यासका कारण जीवनमा विमुक्ति ज्ञान हासिल गर्न सफल भए । सम्भवतः एक चम्चा भोजन दानरूपी त्यो पुण्यमय वीजारोपण गर्ने आस्था-श्रद्धाभाव व्यक्त एवं त्यसलाई निरन्तररूपमा गुण सम्झिने कृतज्ञता ज्ञापन जस्ता विधिव्यवहारले उपरोक्त कथालाई जीवन्त तुल्याएको छ । दिनानुदिन बदलिँदो-परिवर्तनमुखी समाजमा कसैले कसैलाई गुण गर्ने तथा कसैले गरेको गुणलाई सम्झिने प्रवृत्ति हराउँदो छ, ओरालो लागेको संस्कृतिजस्तै भइरहेको छ । खोला तऱ्यो लौरो बिर्सियो भनेजस्तै कसैले कसैको गुण सम्झिने विधिव्यवहार अत्यन्त न्यून व्यक्तिहरूले मात्र गर्नसक्ने धार्मिक-सामाजिक कार्यजस्तै भएको छ । आफूलाई चाहिँदा चाकडि-चाप्लुसी गर्न तयार हुने अनि स्वार्थपूर्ति भइसकेपछि लात मार्ने प्रवृत्ति देख्दा-भोग्दा सारिपुत्र महास्थविरले एकचम्चा भिक्षा दान प्राप्त गरेको क्षण एवं दातालाई स्मरण गर्नु निश्चय नै अनुकरणीय मार्मिक जीवन-चरित्र हो । गुणस्मरण गर्ने यस्तो चरित्र आजको परिप्रेक्षमा कसैलाई नैतिक जीवनको अत्यन्त कठिन पराकाष्ठा-ब्यवहार जस्तै लाग्लान् तर यस्तो आदर्शलाई धार्मिक धरोहरका रूपमा सम्बद्ध सबैले निरन्तरता दिनसक्नु हामी सबैका लागि सुखद् एवं सुखकर विषय हो ।



Downloaded from http://dhamma.digital/

२.

# द्वेषपूर्ण बदलाभाव निरन्तर जारी रहन्छ

हामी मानिसभित्र रीस-द्वेषभावलगायत वाचसिक, शारीरिक एवं मानसिक कमीकमजोरी भरिभराउ हुन्छ । अनेकौं विकारजन्य प्रवृत्ति हलाहल विष हामीभित्र यत्रतत्र सर्वत्र व्याप्त भइरहेको हुनसक्छ । ती यावत अकुशल प्रवृत्तिलाई जरैदेखि उखेल्नुपर्छ, राग-द्वेष-मोहलाई छेदन-भेदन गर्नुपर्छ, क्लेशावरणलाई हटाई निक्लेशी हुन विशेष अभ्यास वा भावितामयी जीवनलाई बढावा दिँदै अगाडि बढ्नुपर्छ- हो अवश्य पनि यसो भन्नु धेरै सजिलो हुन्छ तर भनाई र गराईको सामञ्जस्यता प्राप्त गर्न सोचेभन्दा धेरैगुणा कठिन हुन्छ ।

धार्मिक-आध्यात्मिक जीवनलाई सफलतापूर्वक निभाउन त्यस्तै सुहाउँदो जीवन चर्या-विधिव्यवहारको अतीव आवश्यकता रहन्छ । हामीले देखासिखीमा औपचारिकता निभाउन अभिनयपूर्ण विधिव्यवहार गरेजस्तो कहाँ हुन्छ र !? हाम्रो वास्तविक जीवनमा अनेकौं उकालि-ओराली, उतारचढावबीच संघर्षपूर्ण



Downloaded from http://dhamma.digital/

तवरबाट अगाडि बढ्ने निरन्तर यात्रारूपी जीवनमा हाम्रा विधिव्यवहारसमेत उतारचढावमुखी भनौं या पानी सँगसँगै माछा बगेजस्तै चाहे अवसरवादी चरित्रकै रूपमा किन नहोस् वा यथास्थिति, परिवर्तनशील, प्रगतिवादी वा पश्चगमनवादीकै रूपमा होस् वा सामाजिक, धार्मिक, राजनीतिकलगायत यावत जुनसुकै रूपबाट आखिर जीवन्तता छाइरहनु वास्तविकता हो ।

श्वासप्रश्वास विद्यमान, रक्तसंचार प्रणाली संचालन, स्नायु-तन्तु क्रियाशील, चेतनाको स्तरमा गतिशीलता रहिरहुन्जेल हामी विद्यमान रहन्छौं, भौतिक रूपमा अस्तित्त्व कायम रहिरहन्छ, अर्को शब्दमा भन्नुपर्दा हामी बाँचिरहेका हुन्छौं, जिन्दा रहन्छौं तर जतिबेला यावत आवश्यक विजुलीको धार प्रायः समाप्त हुन्छ, चेतनाको प्रवाह शून्यतामा विलीन हुन्छ, त्यतिबेला जीवन ढल्छ–समाप्त हुन्छ । मरणधर्ममा परिणतपछि इहलौकिक जीवन यात्रा समाप्त हुन्छ, अनि यावत जीवनसम्बद्ध विधिव्यवहार विषय-क्षणिक वा दीर्घकालीन रूपमा चर्चाको विषय हुन्छ भने जीवन–मृत्युपछिको मुर्दालाई जलाउने–गाड्ने रीतपछिको अन्तराभव वा नयाँ जीवन-पुनर्जीवन बारे धार्मिक–सामाजिक-जैविक सद्भाव बारे आ-आफ्ना सम्पर्क, सम्बन्ध वा जीवन–पद्धतिअनुरूप विधिव्यवहारमा बाँधिंदै जाने हुन्छौं ।

मृत्युपछि सीधै स्वर्गारोहण वा नर्कारोहण के आरोहणमा मिश्रण हुन्छ, त्यसलाई सहीसलामत यसोउसो नै भनी ठम्याउन सहज छैन । तर परम्परागत रूपले ठम्याउने धृष्टता गर्नेहरूले अन्तराभवको समय-परिधिलाई ७ दिन, १० दिन, १३ दिन आदि इत्यादि दिन गणना समेत गिन्ति गर्न भ्याउँछन् । अझ आज यहाँ पुग्यो, त्यहाँ पुग्यो भनेर गैह्र जिम्मेवारीपूर्वक वकालत समेत गर्छन् । विविध आकार प्रकारले चित्राकृतिमा उतार्न समेत भ्याउँछन्, तर धारणा–अवधारणा आ–आफ्नै हुन्छ, परम्परागत मूल्यमान्यताकै नाउँमा किन नहोस्– निरन्तरता दिनेहरूले त्यस्तै विधिब्यवहार गर्न भ्याइरहेका छन्, आस्था-भावनात्मक पक्षलाई हामीले यसोउसो भनेर ठेस लाग्नेगरी भन्नु मनासिब हुँदैन ।


Downloaded from http://dhamma.digital/

जहाँसम्म मानिसको जीवनबारे सवाल उठ्छ, त्यहाँ धर्मकर्म-विधि व्यवहार समेत सँगसँगै उठान भइरहने गतिशील प्रवाह नै हो । **धूवं मे मरणं अधूवं मे जीवितं** अर्थात् बुद्ध भन्नुहुन्छ अस्थीर-अनिश्चित जीवनमा यौटै मात्र निश्चित भनेको मृत्यु हो । मृत्युपर्यन्त जीवनमा हामी यावत काय, वाक, चित्त अर्थात् कायिक, वाचसिक र चेतसिक कुशल वा अकुशल, सुचरित्र वा दुश्चरित्रमुताविक नयाँ जीवनको प्रारम्भ हुने विश्वासका साथ पुनर्जन्मप्रति आस्थावान भई हामी अगाडि बढिरहेका छौं । पुनर्जन्मप्रति संवेदनशीलभई अगाडि बढ्दा समेत हामीमा चेत खुलेको हुन्न । ऋण लिएरै भएपनि घ्यू टन्न खाएर जीवीकोपार्जन गर्नु, मरेपछि डुम्मै राजा, मऱ्यो-पोल्यो, मऱ्यो-गाड्यो सिद्धियो, खाओ-पियो-मजा करो भनेजस्तै चार्वाक-दर्शनअनुरूप अधिकांशतः हामी यसैमा भासिरहेका छौं, पिल्सिरहेका छौं, अड्किरहेका छौं, झुण्डिरहेका छौं, बस त्यतैतिर लामबद्ध भइराखेका हुन्छौं ।

के हामी रीसराग-द्वेषभावलाई चटक्कै निमिट्यान्न गर्नेतर्फ अग्रसर भइरहेका छौं त ? अझ द्वेष-वैरीभाव त यति उति कति कति, रौंका रेशा रेशामा छाइरहेका हुन्छन्, वैरीसाँध्ने नाउँमा बदला लिने भाव जतिबेला सबल हुन्छ, जसरी हुन्छ शत्रुलाई सिध्याउने, विरोधी सखाप पार्ने, घाँटी निमोठ्ने जस्तो वैरले वैरभाव कहिल्यै शान्त नहुने मनोवृत्ति हामीभित्र भूतसवार भइरहन्छ त्यतिबेलासम्म कहिल्यै पनि हामीलाई शान्ति हुँदैन । वैरभावसहित बलियोले निर्धालाई कष्ट दिने अनि निर्धोले पनि पख न देखाजाएगा मैले पनि जानेकोछु भनी शक्ति संचय गरी बदला नलिई कहाँ छोड्छु र भन्ने मान्यता गह्रुङ्गो भारी बोकुन्जेल जन्मजन्मान्तर बदलाभावयुक्त खेल निरन्तर चलिरहन्छ, द्वेषपूर्ण बदलाभाव इहलौकिकमा मात्र सीमित नभई जन्मजन्मान्तरसम्म कसरी अगाडि बढ्नसक्छ भन्ने निम्न उल्लेख बुद्धकालीन उपदेशात्मक कथाबाट स्पष्ट हुन्छ ।

यौटा परिवारमा घरमुली पिताको देहअवसानपछि कुलपुत्र लक्का


Downloaded from http://dhamma.digital/

जवान ठिटोले सम्पूर्ण घरको कामकाज गर्न तम्सिए । बाँचिरहेकी आमाको उचित देखभाल गरिरहँदा आमाको मन न हो मातृवात्सल्यता प्रदर्शनसहित छोरालाई "बाबु तिमीले धेरै दुःख पायौ, घरको-खेतको सम्पूर्ण कार्य एक्लैले धाउनु धेरै बोझ पर्छ । त्यसैले राम्री बुहारीको व्यवस्था गरिदिन्छु, चाँडो बिहे गर्न तम्तयार होऊ" भनी अह्राइन्-

"आमा ! जीवनभरि आमाकै सेवामा खट्छु, बिहे गर्दिनं ।" भनी छोराले बारम्बार प्रतिक्षेप-आनाकानी गरी पन्छिने प्रयास गरे । धेरै नै कचकच गरेपछि केही शीप लागेन, छोरालाई लगनगाँठो कस्न सम्पूर्ण उपायकौशल प्रयोग गरिन् । बिहेवारी सम्पन्न भयो, लामो अन्तरालपछि पनि कुनै सन्तान भएन, ठूलो समस्या खडा भयो ।

वर्तमान परिवेशमा विज्ञानको प्रविधिले सम्भव तुल्याएको Test Tube baby (बच्चा) को धारणा-अवधारणा एवं आवश्यक प्रविधिको व्यवस्था नै थिएन त्यतिखेर । घर-खेतमा सहयोगी भूमिका प्राप्त हुन्छ, वंश परम्परालाई थेग्छ भन्ने मनसायसहित छोरालाई बिहे गरेको बुहारीको विकल्प सोच्नु तत्कालीन सामाजिक बनौटअनुसार खासै आश्चर्य होइन । निःसन्तान चाहे बुहारी होउन् वा चाहे छोरा नै होउन् सहजरूपमा ठम्याउन गाह्रो होला, वर्तमान प्रविधिको विकाससँगै जीवन धान्नेहरू बीच स्वास्नीमान्छे निःसन्तान (बाँझीस्त्री) हुने हो भने तुरून्तै विकल्प सोच्ने यथेष्ट मार्ग प्रशस्त हुन्छन्, घरपरिवार साथीभाइ, नातागोता सबै तुरून्तै एककित्तामा उभी वकालत गर्छन् । तर लोग्नेमान्छे निःसन्तान हुने भए तैं चूप मैं चूप गरी गुमनाम जीवनलाई अगाडि बढाउने अद्यावधि पितृसत्तात्मक सोच हावी कायम छ । आजकाल खर्च गर्न सक्ने धनाढ्य सम्भ्रान्तहरू Test Tube baby अपनाएर सन्तान-सुख प्राप्त गर्न सक्छन् ।

जहाँसम्म नारीवादी सोच भनून् वा स्वभावतः नारी प्रकृतिको कुरा गर्दा जो कोही निःसन्तान आइमाईले सौताको परिकल्पना गर्न सहज हुँदैन,



Downloaded from http://dhamma.digital/

किनकि सौताको आगमनपछि जेसुकै वाचा-सहमति गरेपनि अधिकांशतः परिवारमा झन् विचलन आउँछ, पारिवारिक सुखशान्ति ध्वस्त हुन्छ, सधैं कलह झैझगडा व्याप्त हुन्छ, अनि नारीले किन-कसरी सौता चाहने हुन्छ त ?

आफ्नो लोग्नेलाई सासुले अर्को बुहारी बिहे गरिदिने भनी भलाकुसारी गरिरहेको स्वयं निःसन्तान बुहारीले खुलस्त सुने, छोराले भयो अर्को बिहे नगरौं भन्दा पनि कुलवंश थाम्न भएनि पुनर्विवाह गर्नैपर्ने बाध्यता श्रृजना गरिएपछि निःसन्तान बुहारीको निंद हराम भयो, साह्रै पीर पर्‍यो, गहिरो सोच र सम्बन्धितहरूसँग वैकल्पिक उपायकौशल्य बारे आत्मीय गफमा तल्लीन भए । आखिर आमा-बुबाको कुरा कसरी काट्ने भन्ने बहानामैं भएपनि लोग्नेले सौता भित्र्याए भने आफू विचल्लीमा पर्ने संभावनालाई टार्न स्वयं आफै सौताको खोजीमा हिंडिन् । जहाँ उपाय त्यहाँ ईच्छा भनेजस्तै आफ्नो वास्तविकता उजागर गरी आफ्नै पतिको लागि सौता भेट्टाइन्, उनी धुक्क भइन् कमसेकम म दासी व्यवहारबाट उन्मुक्ति हुने भएँ, मेरो आफ्नो चाहनाअनुरूप हत्केलामा खेलाउन पाइने भएँ, आफू अनुकूलको सौता हुनेभएपछि उनी हुरूक्कै भइन्, कमसेकम तत्कालको लागि समस्या हल भयो ।

एक पति दुई पत्नि हुने वित्तिकै आपसी मायाममता-प्रेमभाव बाँडिने स्वाभाविक हुन्, परिवर्तित विधिव्यवहारसँगै सौताको शारीरिक परिवर्तनले निःसन्तान जेठी स्वास्नीको कन्चट तात्यो, चाहिने नचाहिने भविष्य बारे नानाथरी सोचिन् । सौताले आफू गर्भवती भएको, आमा बन्ने भएँ भनी गर्वकासाथ उद्घोष गरिन्, तर जेठीलाई अपच भयो, खुसी होइन झन् अर्को विपत्ति आउने सपना देखिन् तिनले । छोरा पाएनि छोरी पाएनि भोलि घरव्यवहारमा यिनी मालिकनी हुनेछिन्, आफ्नो आधिपत्य जमाउनेछिन्, मेरो विचल्ली भई घरपरिवार उठिबास होला भन्नेजस्ता नानाथरी नकारात्मक चिन्तन एकपछि अर्को ओइरिन थाल्यो, अन्ततः जसरी हुन्छ भावी सन्तानलाई


Downloaded from http://dhamma.digital/

रोकथाम गर्ने बदनियतपूर्ण उपायको खोजीमा उनी दिनरात खटिन् ।

एउटै चुलोमा पाकेको खाना खानेहरू, सौतिनीको खानामा गर्भपतन हुने औषधी राखी थाहै नदिई खुवाइन्, नियोजित योजना मुताविक गर्भपतन भयो । जेठी आफैले बिहेवारी गरिदिएकी हुँदा शंका गर्ने बाटै थिएन, झन् उनले गर्भवतीलाई देखभाल गरेको जीवन्त अभिनय गरेकी थिइन् ।

दोश्रो पटक पनि सौतिनी गर्भवती भएकी समयमैं जेठीले थाहा पाइन्, पहिलेकै उपाय प्रयोग गरिन् र गर्भ तुहियो । यसरी गर्भपतनपछि टोल छरछिमेकीबीच कानेखुसी गफ बल्झियो । एकदिन छिमेकी आइमाईहरूले कसरी पटक पटक गर्भपतन भइरहेको, गर्भ तुहाउन कतै जेठीको भूमिका हुनसक्ने भन्ने शङ्कास्पद कुरा उठाइसकेपछि सौताले आफू गर्भिणी हुनेवित्तिकै जेठीलाई जानकारी गराउने बारे खुलस्त पारिन् । ईर्ष्याका कारण गर्भ तुहाउने कार्य गरेको हुनसक्ने भनी आइन्दा केही नभनीकन गूपचूप बस्नु है भनी सबैले सचेत गराए ।

समयको अन्तरालपछि तेश्रोचोटी पुनः सौतिनी गर्भवती भइन् । यसपटक गर्भ परिपक्व भैसकेपछि मात्र जेठीले गर्भिणी भएको चाल पाइन्, आफूलाई कुनै सुँइको नदिएकोले आगो भइन्, रीसले चूर भइन् । आफू बरबाद हुनेभयो, आफ्नो मनोमालिन्यता अन्त हुनेभयो, आफू दासी सरह हुनेभयो भन्ने मानसिकता सल्बलाउन थाल्यो, जे गर्न पनि तयार स्थितिमा पुनः गर्भपरिपक्व भइसकेकी सौतालाई सुनियोजित ढङ्गले गर्भपतन हुने औषधी खुवाइन् । औषधीले उल्टो काम गऱ्यो, न त गर्भपतन भयो न त प्रसव वेदना नै शान्त भयो, अत्यन्त दर्दनाक स्थिति पैदा भयो, बच्चा–आमा दुबैको ज्यान खतरामा पऱ्यो । मरणान्तक व्यथा-पीडाबीच रोइकराउने चिच्याउने बाहेक अरु गर्ने के ?

जेठीलाई सौतिनीले मुखैमा भनिन्- "मलाई बरबाद पाऱ्यौ, तिमी आफैले सौता बनायौ, तीनजना बच्चा तुहायौ, अहिले म पनि मर्ने बेला भयो,


Downloaded from http://dhamma.digital/

यहाँबाट च्यूत भएपछि यक्षणी भई जन्मिन पाउँ, तिम्रा सबै सन्तान खान पाउने हुन सकूँ, भनी त्यहीं प्राण त्याग गरिन्, मृत्युपछि सोही घरमा कालो बिरालो भई जन्मिए । सौतिनीको हरिविजोग भई ज्यान गइसकेपछि जेठीको कर्तूतबाट आजित भएका लोग्नेलाई यति रीस उठ्यो कि सम्हाल्नै सकेन, रीसको झोंकमा जथाभावी भक्कुमार पिट्यो, बेस्सरी चुट्यो । आफ्नो वंश विनाशक गरेको झोंकमा मरणासन्नमा पुग्नेगरी हिर्काएको, अन्धाधुन्ध गोदाइका कारण जेठीले पनि उत्तिनैखेर प्राण त्यागिन्, त्यहीं कुखुराको चल्ला भई जन्मिए ।

चल्ला हुर्के-बढेपछि तीन पटकसम्म बच्चा नपाउँदै बिरालो आई अण्डा ङ्वाम्म पारे । कुखुरालाई चित्त दुख्यो, मनमनै सोचिन् अण्डा त तीनपटक ङ्वाम्म पारिहाल्यो, कुनदिन दुष्ट बिरालोले मलाई समेत बाँकी राख्नेछैन, अर्को जन्ममा बिरालोलाई ग्वाम्म खाने हुन सकूँ भनी भित्री हृदयदेखि प्रार्थना गरिन् ।

त्यहाँबाट च्यूतभई जङ्गलमा चितुवा भई जन्मे । बिरालो त्यहाँबाट च्यूट भई मृगिणी भई जन्मे । मृगिणीले तीन पटकसम्म ब्याएका बच्चा चितुवाले शिकार गरिसके, अब यिनले मलाई पनि सिध्याउनेछ, पछि मैले पनि यिनका बच्चालाई शिकार गर्न पाउँ भन्ने कामनासहित मृत्युपछि च्यूत भई यक्षणी भई जन्मे । चितुवाको मृत्युपछि च्यूतभई श्रावस्तीमा कुलकन्या भई जन्मिए । ठूली भइन्, वैंशालु जोवनमा यौटा योग्यवर पाएपछि विवाह सम्पन्न भयो ।

सुखद् वैवाहिक जीवनपछि गर्भिणी भइन्, नानीको आमा हुने रहर हुनु स्वाभाविक हो । घरमै सुत्केरी ब्यथा भयो, त्यहीबेला भोकाएकी यक्षणीले मिल्नेसाथीको भेष बदलेर टुप्लुक्क घरमा आइपुगिन् प्रसव व्यथा भइरहेको खबर सुनी, छोरो पायो की छोरी पायो नि ?!" भन्दै कोठामै पुगी भरखरै जन्मेकी बच्चा झ्याप्प पारी ग्वामै खाइन् ।



Downloaded from http://dhamma.digital/

दोश्रो पटक बच्चा पाउँदा पनि झुक्याएर यक्षणी आई बच्चा शिकार गरिन् । तेश्रोचोटी गर्भिणी हुँदा आफ्नो लोग्नेलाई विगतमा यक्षणीले बच्चा सखाप पारेकोले यसपालि माइतीमैं बच्चा जन्माउने अनुमति मागिन् । तिनले माइतमै बच्चा जन्माइन् तर विगतमा जस्तै थाहा भएरै बच्चा शिकार गर्न घर पुग्दा हिस्स भए, जिल्ल परे किनभने यसपालि बच्चा पाउनकै लागि माइती पुगेको समाचार थाहा पाएर जहाँसुकै जाओस् मेरो हातबाट उम्कन मुश्किल हुन्छ भनी धम्क्याए । रीसराग-वैरभावयुक्त यक्षणी आइमाईले आफ्नो बाटो सोझ्याए । बच्चाको न्वारान सकेर जेतवन विहारतिरको बाटो हुँदै गइरहँदा बीच बाटोमै यक्षणी भेटियो । बच्चाको आमा बेसकन रोईचिच्याउँदै कराइन्, हतार-हतार गरी सानो नानीलाई जेतवन विहारभित्र प्रवेश गराए ।

जेतवन विहारभित्र चतुपरिषद् भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूका बीच तथागत शास्ता 'धर्मोपदेश कार्यमा व्यस्त थिए ।' संत्रश्त-भयभीत, जसरी हुन्छ यक्षणीबाट बच्चालाई जोगाउन प्रयासरत आमाले बच्चालाई बुद्धको पादकमलमा राखिन्-

"भगवान् ! यो बच्चा यहाँलाई नै चढाएँ, जसरी हुन्छ ज्यान जोगाउनु होस् ।" भनी रोइकराई विन्ति गरिन् ।

बच्चा शिकार गर्न यक्षणी पछ्याउँदै जेतवनको ढोकैमा आइपुग्यो, त्यहाँको माहोल सन्नाटामा परिणत भयो, कोही चुँ बोलेनन्, त्वाँ त्वाँ अवाक भएर मूकदर्शक भई तोलाइरहे ।

तथागत शास्ताले धर्मभण्डागारिक-स्वकीय सचिव भिक्षु आनन्दलाई- आनन्द ! यक्षणीलाई मेरो सामू ल्याउनू ।" भनी आज्ञा दिए ।

यक्षणी अगाडि आउँदै गर्दा नानीको आमा डराइन् । "कसैले नरोक्नू, यक्षणीलाई आउन देऊ"- भन्ने बुद्धको आज्ञानुसार अगाडि आइपुगेका यक्षणी, नानीको आमालगायत सम्पूर्ण परिषद्बीच तथागत शास्ताले कारुणिक शब्दमा उपदेश दिए-



Downloaded from http://dhamma.digital/

– "किन तिमीहरू दुईजनाबीच ईष्या-द्वेषभाव ? एकले अर्कोलाई सिध्याउने खेलमा धेरै लामो समयदेखि आपसमा वैरीसाँध्ने खेल जारी छ ।"

बदलाभावसहित आपसमा मार्ने-सिध्याउने चंगुलमा फसिरहेका, दलदल धरापमा भासिँदै, भुमरीमा गुटमुटिँदै आज यहाँसम्म पुग्यौ तिमीहरू, यस पवित्रस्थलमा बुद्धसमक्ष नपुगेका भए अझै तिमीहरूको बदलाभाव-ईर्ष्याभावलाई मलजल दिई पालैपालो हत्या गर्ने दुष्कृत्य-दुश्चरित्रता प्रदर्शन गर्ने निकृष्ट व्यवहार निरन्तर चलिरहन्थ्यो । कौवा र लाटोकोसेरोबीच वैरीपन जुगौंदेखि समाधानको उपायविहिन वैरभाव कल्पस्थायी जस्तै तिमीहरू बीच अद्यावधि परम्परागत खेल-संस्कृति चलिरहेको छ, यसप्रति तिमीहरू दुबैले गम्भीरतापूर्वक विचार गर, आपसी सद्भाव-मैत्रीभाव कायम गर्न सहनशील-क्षमाशीलभावलाई विकास गर ।

वैरी साँध्ने प्रवृत्तिलाई जति बेलासम्म निमिट्यान्न पार्ने प्रयत्नरत कोशिस हुँदैन, रीसले रीसलाई काट्ने-ठम्याउने वा वैरभावले वैरभावलाई समाप्त पारी शान्त-सौम्य पार्न सकिन्छ भन्ने भावनालाई जोड दिएर यावत विधिव्यवहार गरिन्छ भने तिमीहरू बीच कहिल्यै, पनि कुनै जन्ममा पनि शान्ति हुँदैन ।" यसरी नै पुनः शास्ताले गाथासहित उपदेश दिए–

**नहि वेरेन वेरानि-सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति-एसधम्मो सनन्तनोति।।**

–(धम्मपद, यमकवग्ग, गाथा नं. ४)

– "वैरभावले वैरभाव कहिल्यै शान्त हुँदैन, अवैरभाव (मैत्रीभाव) ले मात्र वैरभाव शान्त हुन्छ । यही उहिलेदेखि चलिआएको धर्म हो ।"

उपरोक्त उपदेश सुनिरहेका यक्षणीको हृदय परिवर्तन भयो । निर्वाण गामिनी मार्ग श्रोतापत्ति फलमा सुप्रतिष्ठित हुँदा बुद्ध-उपदेश श्रवण गर्नु सार्थक सावित भयो ।


Downloaded from http://dhamma.digital/

"सानो नानीलाई यक्षणीको हातमा दिए हुन्छ ।" भनी तथागतले नानीको आमालाई आज्ञा दिए ।

"शास्ता ! हुँदैन, मलाई त अझै डरलाग्छ, खाइदिने पो हो कि !?" भनी जवाफ फर्काए ।

"अब यसबाट कहिल्यै कसैलाई पनि दुःख दिने कार्य हुँदैन, सुमार्गमा प्रतिष्ठित भइसकेको छ ।" भनी शास्ताले प्रस्ट पारे ।

यसरी आपसी द्वेषभावका कारण जन्मजन्मान्तर डोरीझैं बाँधिएको बदलाभाव सदाको लागि चुँडियो, खम्बाजस्तै दरो द्वेषपूर्ण-बदलाभाव भुइँमा छताछुल्ल हुने गरी लडियो, बुद्धको मैत्रीभावसहित उपदेशले त्राशयुक्त-भयव्याप्त-अशान्त जीवनले नयाँ गति प्राप्त गऱ्यो, जीवनमा नौलो मोडका कारण जीवन गति र जीवन पद्धत्ति एवं जीवनशैली नै सार्थकतातर्फ फनक्कै मोडियो । यसरी द्वेषपूर्ण-बदलाभावका कारण निरन्तर जारी जन्मजन्मान्तर दुश्मनी व्यवहारको अत्यतासँगै दुःखमुक्तिको साधनामा अभ्यासरत जीवनले यथार्थ सुखशान्तिलाई आत्मसात गर्ने मार्गलाई पहिल्याउन सक्यो, जीवन सार्थक-सफल भयो, जीवन नै धन्य भयो ।


Downloaded from http://dhamma.digital/

# ३.

# सबै खराब हुँदैनन्

हामी समाजमा बस्छौं, समाजमैं हुर्किन्छौं, बाँचुञ्जेल सम्पूर्ण विधिव्यवहार समाजमैं अगाडि बढिरहेको हुन्छ । समाजमा हामीलाई परिवार, साथीभाइ-इष्टमित्र, नातागोता, धर्म-कर्म आदि सबै चाहिन्छ । यसरी समाजमा जीवन गुजारा गर्न सामाजिक जीवन, धार्मिक, राजनीतिक आदि तौरतारिकालाई हामीले चाहेर वा नचाहेर अथवा बाध्यतावश अङ्गालिरहेकै हुन्छौं । समाजमा राम्रा-नराम्रा, कुशल-अकुशल, असल-खराब प्रवृत्ति जतातत्तै मौलाएको हुन्छ । असल मान्छे, राम्रो साथी, गुणी व्यवहार, सफल जीवन प्राप्ति हुँदा हामी खुसीले गद्गद् हुन्छौं, त्यतिबेला सुखद् क्षणको अनुभूति प्राप्त हुन्छ । तर खराब मान्छे भेट्दा, घातप्रतिघात-विश्वासघात, धोका हुँदा हामी दुःखी हुन्छौं, आशा सबै निराशामा परिणत हुन्छ । जोशजाँगर सबै भुँईचालोले लडाएको घरजस्तै निराशा-निरसपूर्ण जीवन यापन गर्नेतिर धकेलिन्छौं जतिबेला खराब-असल छुट्याउन हामी असमर्थ हुन्छौं । त्यसैले जसरी सुखको नाउँमा दुःख, शान्तिको नाउँमा अशान्ति, सफलताको नाउँमा असफलता हातपर्छ, त्यसरी नै समाजमा अगाडि बढ्दा खराब मान्छे हातपर्छ, खराबकै चँगुलमा फँस्नु परिरहेको हुन्छ, खराबले हामीलाई दलदल धरापमा फँसाइरहेको



Downloaded from http://dhamma.digital/

हुन्छ । त्यतिबेला दुनियाँ सबै खराब जस्तै लाग्छ, कसैलाई विश्वास गर्न नसक्ने स्थिति पैदा हुन्छ, कहिले त क्षणिक लोभलालचि, मोजमस्ति, आसक्तिका कारण त्यसलाई क्षणिक प्रभाव मात्र हो भन्ने ठम्याउन समेत हामी पूर्णतः असमर्थ हुन्छौं । यस्तो गुमराहस्थितिमा व्यक्ति विशेष, स्थानविशेषप्रति आकर्षित हुँदै यतिसम्म टाँसिन पुग्छौं कि त्यतिबेला कसैले दिने सल्लाह-सुझाव समेत विष समान हुन्छ ।

समाजमा खराब-असल छुट्याउन सक्ने बहुत कम हुन्छन् । त्यसैले एकजना खराब भेट्टिंदैमा सबैलाई खराब देख्ने र एकजना असल भेट्टिंदैमा सबै असल नै ठान्ने प्रवृत्ति वास्तवमा यी दुइटै गलत प्रवृत्ति हुन् । बुद्धिविवेक प्रयोग नगरी झट्टै निर्णय-विश्वास लिनेजस्ता विधिव्यवहारले हामीलाई अप्ठेरो असहज वातावरणमा अड्काउने हुन्छ, यसप्रति हामी आफै सजग र सतर्क हुने प्रयत्न गर्नुपर्छ । विवेक-विचार नपुऱ्याई क्षणिक आवेशमा गर्ने निर्णयले आफैलाई धोका हुन्छ भन्ने कुरा निम्न उल्लेख्य कथावस्तुबाट स्पष्ट हुन्छ ।

उहिलेको कथा हो, वाराणसी देशमा ब्रह्मदत्त राजाको शासन थियो । राजपात सुख-ऐश्वर्यसँगै राजाको भित्री मनभरि दुःख, पीरमर्का, सन्तापले भरिएको थियो । बाहिरबाट हेर्दा राजाको जीवनजस्तो मस्तिजीवन कसको हुन्छ र ? तर उल्टो खोलो बग्नेझैं जस्तोसुकै राजसी छाँटकाँट भएनि ईच्छा-आकांक्षा-भोगाईमा सर्वसाधारणको मनोवृत्तिभन्दा कम हुन्न, भनेजस्तो ईच्छा पुरा भए दिल खुस हुन्छ, ईच्छा-आकांक्षा-महत्त्वाकांक्षा पुरा गर्न छेकबार तेर्सिंदा मन अशान्त हुन्छ, विचलित भई पानी विनाको माछाझैं छटपट छटपट पीरमर्का, चिन्ताले ग्रसित राजालाई साह्रै दिक्क लाग्यो, घोरिएर बस्ने, मनमा कुरा खेलाउँदै बस्ने लत पऱ्यो । एकदिन झ्यालमा घोरिएर बस्दा भिक्षाटनका लागि हिँडिरहेका शान्त-दान्त पुरूष देखे, हिँडाइ-लवाईखुवाईपन देख्दा राजाको अशान्त मनमा शीतलता छायो । गह्रुङ्गो भारी बिसाउँदा हलुङ्गो भएजस्तै कहिल्यै नभोगेको आनन्दको अनुभूति भयो राजालाई ।

हिमालयबाट नुनिलो, अमिलो, पीरो स्वादसहितको भिक्षाटनका लागि शहर प्रवेश गरेका शान्त-दान्त पुरूष थिए- प्रत्येक बुद्ध । उनमा रीसराग थिएन, द्वेषभाव निर्मूल भइसकेको, मोहरहित अवस्थामा पुगिसकेका शान्त-पुरूषको दर्शन प्राप्तिपछि अशान्त राजाको मनमा शान्तिरूपी वीजारोपण


Downloaded from http://dhamma.digital/

भयो । जसरी टन्टलापुर घामले वा तातो आगो सेकाईले उकुसमुकुस भइरहँदा सफा-निर्मल पानी भएको पोखरी, कलकल बगिरहेको नदी देख्दा छुट्टै आनन्दको अनुभूति प्राप्त हुने हो, त्यसरी नै रागले रंजित, द्वेषले दूषित, मोहले मूढित आसक्तपूर्ण क्लेशयुक्त जीवनले पीर भइरहेको राजाले राग-द्वेष-मोहरूपी क्लेशरहित प्रत्येक बुद्धलाई देख्नासाथ राजाको मनमा शीतल-आनन्द प्राप्त भयो । प्रत्येक बुद्धप्रति श्रद्धा जाग्यो, आस्था प्रकट भयो, तुरून्तै भेट्ने इच्छामुताविक राजाले निमन्त्रणा गरे । राज-आज्ञानुसार प्राप्त निमन्त्रणा जो कसैले स्वीकार गर्नु स्वाभाविक हो । राजदरवारमा प्रवेश गरेका प्रत्येक बुद्धलाई राजाले अत्यन्त धर्मगौरवपूर्वक स्वागत गरे, स्वयं आफ्नो लागि तयार मिष्ठान्न भोजन श्रद्धापूर्वक दान गरे । प्राप्त भोजसहित प्रत्येक बुद्ध विधिपूर्वक खुरू खुरू दरवारबाट निस्के, एउटा शान्त पाटीमा बसेर राज-भोजन सेवन गरे ।

सार्वजनिक पाटीमा अन्य मागीखाने एकजोडी मगन्ते पनि थिए । अवश्य पनि राजसी मिष्ठान्न भोजनको मगमग बास्नाले मगन्तेहरूलाई आकर्षित पार्नु स्वाभाविक थियो, वास्नाका कारण भोका-प्यासी मगन्तेहरूको मुखभित्र ऱ्यालग्रन्थी बढी सक्रिय भयो । अलिकति भएपनि पाइएला नि ! मागौं मागौं जस्तो सम्हाल्नै नसकेपछि विचरा तिनीहरू माग्न विवश भए- "कृपया हामीलाई पनि थोरै खाना दिनुस् न !" भनी भोजन मागे । भोकोपेट, कारूणिक शब्दमा मागेको त्यो क्षणमा प्रत्येक बुद्धले उनीहरूप्रति दया-करूणाभावसहित तुरून्तै खाँदै गरेको राज-भोजन दिए । के मीठो भोक मीठो भनेजस्तै भोकले रन्थनिएर बस्दा जे पाएनि ग्वामग्वाम खाइन्छ, तर भोकले चूर भएकालाई राजसी भोजन खान पाउँदा खुसीको सीमा रहेन, अमृत सेवन गरेजस्तै वाह ! क्या मीठो, कस्तो स्वादिष्ट भोजन ! त्यसैमा उनीहरू रमाए, खाना खाँदै जिउ तातो भयो शरीर हलुङ्गो भयो, आजको ज्यान पालियो भनेर उनीहरू खुसी भए ।

स्वादिष्ट खाना पछि पनि खान पाउने आशा गरी "गुरूजी ! धेरै स्वादिष्ट खाना खुवाउनुभयो, आज त मनभरि अझ पेटभरि नै खायौं । साँच्ची, तपाइँले कहाँबाट ल्याउनुभयो, त्यस्तो मीठो खाना ? !" भनी प्रश्न सोधे ।


Downloaded from http://dhamma.digital/

लोभले भरिएको प्रश्नको उत्तरमा प्रत्येक बुद्धले सीधा जवाफ दिए- "राजदरवारमा निमन्त्रणा प्राप्त भयो, त्यहीँ भोजन दान प्राप्त भएको हो ।"

केही दिनपछि प्रत्येक बुद्ध आफू जहाँबाट आएका हुन् त्यहीँ हिमालयतिर फर्के । वर्षमा एकचोटी मात्र नुनिलो, अमिलो, पीरो स्वादकै लागि प्रत्येक बुद्ध शहरतिर आउने गर्थे । प्रत्येक बुद्धबाट प्राप्त भोजन खाइसकेपछि पनि मगन्तेहरूले स्वादिष्ट भोजन बिर्सिन सकेनन्, राज-भोजन खाउँ खाउँ लागिरह्यो, कसरी हुन्छ, के गर्दा हुन्छ फेरि दरवारको मीठो भोजन प्राप्त गर्ने कल्पनामा मगन्तेहरू चुर्लुम्म डुबे । निश्चित स्वादका कारण रस-तृष्णाले तिनीहरूलाई निरन्तर सताइरह्यो, जहाँ ईच्छा त्यहाँ उपाय भनेझैं तिनीहरू गहिरो सोच, गम्भीर परिकल्पनामा डुबे । आपसी कुराकानी भयो "पक्कैपनि राजाले लरोतरो जो कसैलाई भोजन दान गर्दै गर्दैनन्, उही शान्त-दान्त निश्चित सन्त भिक्षु-श्रमणलाई मात्रै दान दिने होला ! तर आफूहरू श्रमण-त्यागी जीवनबाट अलग धार, अब नाटकमा अभिनय गरेजस्तै नक्कली भेषधारी श्रमण-भिक्षु नबनी भएन, चीवर वस्त्र-पीत वस्त्र धारण गरेर शान्त-दान्त पुरूषको अभिनय शैलीमा प्रत्येक बुद्धको नक्कल-स्वरूप धारण गरी भिक्षाटन जाने सबैभन्दा उपयुक्त उपाय हो" भन्ने ठहर गरियो ।

मिष्ठान्न भोजन प्राप्त गर्ने उद्देश्यकासाथ गेरूवा वस्त्रधारण गरी बनावटी शैलीमा अति नै शान्त-सौम्य भई पात्र बोकी आफ्नो स्वास्नीलाई पाटीमैं छोडी मगन्ते राजदरवारतिर लागे । संयोगवश राजाले विगतमा दर्शन प्राप्त प्रत्येक बुद्ध पुनः दर्शनार्थ आउनुभयो भन्ने सोचे । मागीखाने भाँडो प्रस्तुत गर्ने अभिनय शैलीमा नै किन नहोस्, मगन्तेको अतीव शान्त-सौम्य, सुवच-गम्भीर स्वभाव-मुद्रा देखेर राजा अत्यन्तै प्रभावित भए । श्रद्धा र आस्था जागृत भए जो कसैले जुनसुकै त्याग गर्न पछि पर्दैनन् । राजाले विगतमा जस्तै आफ्नै लागि तयार मिष्ठान्न भोजनसहित अन्य वस्तु समेत नक्कली भेषधारी मगन्तेलाई श्रद्धापूर्वक दान गरे । ढुङ्गा खोज्दा द्यौता मिलेझैं भयो भनी मगन्ते मनमनै खुसी भए, कसरी पाटीमा पुगुँ स्वास्नीसँगै रमाई रमाई मनमौज खाऔं, मस्ति गरौं यस्तै भावनाका साथ हतारिएर मगन्ते आफ्नो बाटो लागे ।

राजाको मनमा श्रमण-त्यागीका बारेमा जिज्ञासा उत्पन्न भयो, तुरून्तै-


Downloaded from http://dhamma.digital/

"उहाँ श्रमण कहाँ बस्नुहुन्छ, को हुनुहुन्छ, उहाँको ज्ञान-ध्यान बारे जानकारी गराऊ" भनी आफ्नै सुपुत्र राजकुमार तथा एकजना मन्त्री (बोधिसत्त्व) लाई आज्ञा दिए ।

राज-आज्ञा पालन गर्नेहरू तुरून्तै आफ्नो जिम्मेवारी पुरागर्न तदारूकतासाथ खटे । हतार हतारमा हड्बड् गर्दै असन्तुलित रूपमा अगाडि बढिरहेको मगन्तेलाई सतर्कतापूर्वक पीछा गरे, पछि पछि कसैले पीछा गरिरहेको ठम्याउनै सकेन उसले । कहिले ल्याउला र झट्टै खाउँला भनी पाटीमा कुरिरहेकी स्वास्नीले टाढैदेखि आफ्नो श्रीमान्लाई देख्ने वित्तिक्कै हुँइकिएर गइन्, हातमा भएको सबै झम्टिएरै लिइन् र अनि मगन्तेले पाटीमा पुग्ने वित्तिकै गेरूवा वस्त्र लछारलुछुर गरेर एकातिर फ्याँके, त्यसपछि हतार हतारमा दुबैले राजभोजन ग्वामग्वाम खान थाले । माग्नेलाई तातो भात भनेजस्तै तिनीहरूका बीच मञ्चन नाटक र अभिनयभन्दा पर वास्तविक जीवन-चरित्र प्रत्यक्ष देखेका राजाका आज्ञाकारी सुपुत्र राजकुमार र मन्त्री दुबै चीट खाए, लाटोले केरा हेरेझैं धेरै बेरसम्म उनीहरू हेऱ्याहेऱ्यै भए ।

धर्मगुरू, श्रमण-त्यागीको धार्मिक जीवन-चरित्र, धार्मिक-अभ्यास थलो, अनुयायी भक्तहरूका बारे लेखाजोखाका लागि आएका तिनीहरू लुरूलुरू फर्के, बाटोमा दुबैबीच  हेराहेर भयो, अवाक भई आपसमा टुलुटुलु हेर्दै मलामी हिँडेजस्तै दरवारतिर अगाडि बढे । दुबैको मनमा कुरा खेलेको खेलेकै, अब गर्ने के ? राजालाई कसरी वास्तविकता जानकारी गराउने ? यसबारे उनीहरूबीच दोहोरी नै चल्यो-

राजकुमार- "भेषधारी नक्कली ठग मगन्ते हो ।' भनी राजालाई वास्तविकता जानकारी गराउनु पर्छ ।

मन्त्री- "होइन राजकुमार ! यतिबेला राजालाई वास्तविक सत्य भन्नु उचित हुँदैन । भलै त्यो मगन्ते ठग, बदमास नै किन नहोस् उनको दुश्चरित्र बारे उदाङ्ग पार्नु मनासिब हुँदैन । शान्त-सौम्य पवित्र श्रमण भनी, सन्त-साधुप्रति श्रद्धा-आस्था जगाई राजाले आफ्नै लागि तयार राज-भोजनसहित दान-प्रदान गरेका हुन् । धार्मिक श्रद्धा-आस्थाका कारण पवित्र मनले राजाले दान गरे, स्वचित्त-स्वमनले निस्वार्थपूर्वक दान गरे, चेतनाको प्रवाह शुद्धता ओतप्रोत भएका कारण राजालाई पुण्यलाभ भए, मनमा आध्यात्मिक सुख-


Downloaded from http://dhamma.digital/

शान्ति प्राप्त भएको छ । धार्मिक पुण्यप्राप्तिले राजाको मनमा जुन धर्मप्रीति उत्पन्न भइरहेको छ, यस्तो सुखद्-आनन्द क्षणको अनुभूतिले दिलखुस भइरहेको बेलामा हामीले त्यो श्रमण नक्कली, ठग मगन्ते हो भनी उनको वास्तविक चरित्रचित्रण गऱ्यौं भने राजाको धार्मिक श्रद्धा-आस्थामा ठूलो धक्का लाग्नेछ, धार्मिक आस्थाका कारण प्राप्त मानसिक सुखशान्ति सबै ढलमा मिसिनेछन्, मनोशान्ति सबै अशान्तिमा परिणत हुनेछन्, मनोबल गिर्नेछ, प्राप्त पुण्य सबै पखालिनेछ, धार्मिक भावनामा कुठाराघात भए ठूलो धोका हुनेछ, असह्य चोट लाग्नेछ, सम्पूर्ण आस्थाका धरोहर खण्डहरमा परिणत हुनेछन् । त्यसैले राजकुमार हामी आफै पनि भूटो-असत्यमा नपरी साँप पनि नमर्ने लट्ठी पनि नभाँचिने गरी राजाको धार्मिक आस्था एवं सुखशान्तिमा आँच नआउने, ठेस नलाग्ने गरी विवेकपूर्ण तवरले केही जानकारी गरौं न हुन्न र राजकुमार ?"

राजकुमार- "अत्यन्त विचारणीय जायज कुरा भन्नुभयो । वास्तवमा गर्नुपर्ने यस्तै हो" मन्त्रीज्यू ।

मन्त्री- "राजकुमार ! हामीबीच विचार मिल्यो । त्यसैले हामीबीच भएको रचनात्मक सरसल्लाहबमोजिम राजालाई म आफै केही जानकारी गराउनेछु । त्यतिबेला हजुरले केही नबोले हुन्छ, उपस्थिति नै काफी हुन्छ राजकुमार !"

राजकुमार र मन्त्री दुबै एकसाथ राजालाई राज-आज्ञामुताविक जानकारी पेश गर्न पुगे ।

राजाले सोधे- "उहाँ धर्मगुरू श्रमण कहाँ बस्नुहुन्छ, उहाँको ध्यान, धर्म-साधना आदि सम्पूर्ण विषयमा के के जानकारी प्राप्त गऱ्यौ नि, खुलस्त पार्नू ।" भनी आज्ञा दिए ।

मन्त्री- "महाराजको जय होस् । महाराज हामीले राज-आज्ञा पाउने वित्तिकै श्रमण-त्यागीको पीछा गऱ्यौं । अलि पर पुगिसकेपछि एउटा पाटी देख्यौं, त्यतिबेला हेर्दाहेर्दै देख्दादेख्दै नै उक्त गेरूवावस्त्र-चीवरवस्त्र नै अन्तरधान भयो, कहाँ गायब भयो भयो हामीले त अत्तोपत्तो पाएनौं । बडो गजब पो भयो महाराज !?"



Downloaded from http://dhamma.digital/

जिज्ञासापूर्वक कुरा सुनिरहेका राजा धेरै खुसी भए, जवाफ सुनेर सन्तुष्ट भएका राजाले भने- "ओहो धन्य भो ! आफ्नै लागि पस्किसकेको भोजन दान व्यर्थमा गएन, पवित्र-पुरूषलाई दान दिन पाएँ, राम्रो ठाउँमै पऱ्यो पुण्यधर्म । पुण्य क्षेत्रमा दिएको दानको महिमा अनन्त अपारको हुन्छ । बस दान गरें, त्याग गरिसकेपछि कुनै अंकुश नै रहेन्, चटक्क त्याग गरिसकेपछि पनि त्यसको स्मरण हुँदा, झलझल याद आउँदा आनन्दको अनुभूति प्राप्त हुन्छ, सन्तोषरूपी श्वास फेर्न पाएझैं सुखशान्ति प्राप्त भएको आभाष हुन्छ ।"

यसरी राजाले दानधर्म-त्यागभावनालाई जीवनको अभिन्न अङ्ग मानी विधिव्यवहार गर्दै सुखी जीवन बिताउँदै गर्दा एकदिन अकस्मात राजा अस्वस्थ भए, शारीरिक पीडाले च्याप्दै लग्यो, जीवन-मरणको कुनै ठेगान रहेन तर पनि राजाले त्याग चेतनाको स्मरण गरी दानमय त्यागभावनाका कारण पवित्र शान्त-दान्त श्रमण पुरूषलाई केही त्याग गर्न पाएँ भनी मन प्रफुल्लित पार्न सफल भए । अन्तत्वगत्वा पवित्र व्यक्तिलाई दान दिएँ भन्ने कुशल शुभकार्य सम्झी सम्झी राजाले मृत्युलाई स्वभावतः वरण गरे, मृत्युलाई आत्मसात गरे, जीवन्तता समाप्त भयो । जीवन समाप्तिसँगै राजाले राम्रो कुशल चेतनाका कारण मृत्युपछि राम्रो गति-सुगति प्राप्त गरे ।

महाराजको मृत्युपश्चात् सुपुत्र राजकुमारलाई राजगद्दीमा पदासीन गराई समयानुकूल राज्याभिषेक गरियो । राज्य-प्रशासन सुचारूरूपले संचालन भयो । केही वर्ष बित्यो, एकदिन हिमालय क्षेत्रबाट प्रत्येक बुद्ध विगतमा जस्तै भिक्षाटनका लागि राजधानी आइपुगे । राजदरवारमा भिक्षाटनका लागि आइपुगेका प्रत्येक बुद्धलाई देख्ने वित्तिकै राजाको मनमा वितृष्णा उत्पन्न भयो । उनको मानसपटलमा "उही धोकेबाजी नक्कली भेषधारी श्रमणको दुश्चरित्र झलझली याद आइरहनाले पहेँलो वस्त्र-गेरूवास्त्रधारी जो कोही देख्ने वित्तिकै नकारात्मक सोचमा चुर्लुम्म डुबिहाल्ने अनि दुनियाँलाई ठगी हिँड्ने मगन्ते नै होला यिनी" भन्ने मनस्थितिका कारण मनमा द्वेषभाव पैदा भइहाल्ने । एउटा रूख अमिलो हुँदैमा सम्पूर्ण जङ्गल नै अमिलो हुन्छ भन्ने मान्यताका कारण राजामा पहेँलो गेरूवास्त्रधारी श्रमण-त्यागी देख्नेवित्तिकै यी मगन्तेहरू सबै एकै ड्याङको मुला हुन्, जुन जोगी आएनि कानै चिरेका हुन् भन्ने दरो मनस्थिति हावी हुँदैगयो ।


Downloaded from http://dhamma.digital/

आस्था, विश्वास र श्रद्धामाथि खेलवाड हुँदा, कसैले विश्वासघात गर्दा कसैको मनस्थिति पूर्णतः एकपक्षीय रूपमैं नकारात्मक हुने अस्वाभाविक होइन । धार्मिक आस्था दरो छ, आध्यात्मिक चिन्तन-अभ्यास प्रबल छ भने जस्तोसुकै उतारचढावलाई समेत धैर्यताका साथ थेग्न सकिने हुन्छ, श्रुतमय-प्रज्ञा, चिन्तनमय-प्रज्ञा, भावनामय-प्रज्ञामा प्रतिष्ठित भई भावितामयी अभ्यासमा निरन्तर लाग्ने प्रवृत्तिका कारण स्वभाव-धर्मप्रति समतामा जिउने प्रयासलाई निरन्तरता दिनसक्ने क्षमता हुन्छ । तर भर्खर भर्खर नयाँ बामे सर्नेहरू, धार्मिक एवं नैतिक आस्थामा आवद्ध भई हिँड्नु पर्छ भन्ने मान्यतालाई सतही रूपमा हेरिरहेकाहरूलाई नक्कली विधिव्यवहारले गहिरो चोट पुऱ्याउँछ, अलि अलि उत्पन्न श्रद्धा-आस्था समेत सदाका लागि ढोका बन्द गर्नेजस्तै अनास्था एवं अश्रद्धाको खाडल पुर्नु कठिन हुन्छ ।

धोकेबाज श्रमणलाई दण्डित गर्नुपर्ने मनोभावना सबल हुँदा राजा झन् अशान्त भए, अनि तुरून्तै दरवारका कर्मचारीहरूलाई आज्ञा गरे- "भिक्षा माग्ने नक्कली भेषधारी मगन्तेलाई ठेगाना-लाइदिनू, सही सबक सिकाउनू ।"

राज-आज्ञा हुकुम हुने वित्तिकै प्रत्येक बुद्धलाई राजकर्मचारीले बेसकन चुटे, गोदे अझ लछारलुछुर पारे । राजाले त्यो दृश्यमञ्चन मज्जाले हेरिरहेकै थिए । अन्धाधुन्ध हानेको मुक्का, लातकालात् कति सहने, मरणासन्न हुनेगरी ज्यानै लिएला जस्तो भएपछि अब यसरी सहेरै मात्र भएन, प्रतिकार नै नगरे पनि उनले आफूमा निहित मनोबल, समाधि शक्तिको प्रयोग गरी ऋद्धि उत्पन्न गरेर त्यहाँबाट फुट्किएर आफ्नो गन्तव्य हिमालयतिर लागे । नक्कली भेषधारी मगन्ते नै होला भनी ठोकुवा गरी दण्ड-सजाँय दिइसकेपछि आखिर नक्कली होइन, सक्कलीलाई पो दुःखकष्ट दिइएको प्रस्ट भएपछि राजा अवाक-दिक्क भए ।

यसरी त्यहाँ भएगरेका दृश्यमञ्चन ध्यानपूर्वक तमासा हेरिरहेका राजाको मनमा चीसो पसेझैं मनमा अशान्त भयो । वितृष्णाका कारण हतारोमा झटारो हान्ने निर्णय विवेकहीन सावित भयो, विवेक शून्यका कारण ठूलो भूल भयो भन्ने आभाष जति सलबलाउन थाल्यो, त्यत्ति नै राजा विचलित हुँदै गए, यौटा रूख अमिलो हुँदैमा सम्पूर्ण जङ्गल फँडानी गर्ने निर्णय जस्तै भयो भन्ने पश्चात्तापले राजालाई पटक्कै शान्ति भएन, निंद



Downloaded from http://dhamma.digital/

हराम भयो, चैन भएन, मानसिक रूपमा अत्यन्त पीडाको अनुभूति भयो, आगोले भतभत पोलेजस्तै भयो, नक्कली मगन्तेलाई भनी अमानवीय निर्दयीपूर्ण ढङ्गले पवित्र पुरूष-प्रत्येक बुद्धलाई दुःख दिएकोले ठूलो पश्चात्ताप भयो । आफूले ठूलै पाप गरें, बाटो बिराएँ, महान पापमय भूल गरियो, महापुरूषप्रति जघन्य अपराध भयो, ठूलै गल्ति गरियो भन्ने झलझली यादका कारण मनमा डाहा भयो, पानी विनाको माछाझैं छटपटी हुनाले राजालाई मानसिक रोगले सतायो । आखिर पीरमर्का, पीडाबोध, पश्चात्तापको भुमरीमैं स्मल्लिएर राजाको प्राणान्त भयो । मरणासन्न अवस्थामा विचलित मानसिकता, डाहपरिडाहका कारण चित्तवृत्ति-मनोवृत्ति स्वच्छ हुनै सकेन, अधिक तनावले मन धमिलो पानीजस्तै हुँदा त्यही पश्चात्तापयुक्त चित्तवृत्तिसहित देहअवसानका कारण स्वर्गारोहण हुन सकेन, मात्र देहअवासन भयो, गति सुगतिभन्दा पर दुर्गतिमा सीमित हुनपुग्यो ।

यसरी एकजना खराब हुँदैमा सबै खराब हुँदैनन् भने एकजना असल हुँदैमा पनि सबै असल हुँदैनन् भन्ने भावनालाई सहीरूपले बुझ्न सके, बुद्धि-विवेक तवरले ठोस निर्णय गर्न सके यौटा रूख अमिलो हुँदैमा सम्पूर्ण जङ्गल नै अमिलो हुँदैन भन्ने मानसिकता उजागरित हुन्छ । होइन भने क्षणिक आवेशबाट प्रभावित भई सन्काहा प्रवृत्तिलाई ठम्याउन नसकी गर्ने विधिव्यवहारका कारण आफैले खाल्डो खन्ने अनि त्यसैमा आफू पुरिने जस्तो महाभूल-महान गल्ति नहोला भन्न सकिंदैन ।


Downloaded from http://dhamma.digital/

# ४.

# जल-स्नान गर्दैमा/नुहाउँदैमा पवित्र हुन्न

"नुहाउँदैमा पवित्र हुन्न, न त शुद्धि नै"- यसो भन्दा हामीमध्ये धेरैलाई के बढी कुरा गरेको जस्तो, यो नचाहिने-अनावश्यक मुद्दा हो जस्तो नै लाग्छ । अझै पनि हामी कुनै नदी विशेष-स्थानविशेषमा पुग्नु-नुहाई धुवाई गर्दैमा पवित्र भयौं भन्ने मानसिकता हामीभित्र भूतसवार भइरहेकै छ । के साँच्चै एक घुट्को-एक चम्ची जल घुटुक्क गर्दैमा वा जल छर्दैमा शुद्ध-पवित्र वा चोखिने नै हो त ? कुनै स्थानविशेष-क्षेत्रमा पुग्दैमा मोक्ष-निर्वाण लाभ हुने नै हो त? कुनै नदी-पानीभित्र नुहाउँदैमा वा डुबुल्किँदैमा हामी पवित्र नै हुने हो त ? कुनै ठाउँको चक्कर मार्दैमा अशुद्धि पखालिने, पवित्र हुने, धार्मिक हुने हो ? यी प्रश्नहरूको सही जवाफभन्दा पनि प्रश्नमैं जकडिएर रणभूल्लमा परेर परम्परागत सोचमान्यतामा पिल्सी हामी गुमराहमा परिरहेको हुन्छौं, भुमरीमा फँसिरहेका हुन्छौं । जतिबेलासम्म यस्तै बाह्यकुराको क्षणिक स्पर्श वा प्रभावकै कारण कुनैपनि कर्म सुधार नगरी, धर्मप्राप्तिको



Downloaded from http://dhamma.digital/

लागि कुनै अभ्यास जरूरत नै छैन भन्ने भावना हामीभित्र हावी रहन्छ, त्यतिबेलासम्म हामी नौटंकीमै रमाइरहेका हुन्छौं, माछा माछा भ्यागुतो भइरहेको थाहै हुँदैन ।

कसैले कसैको टाउकामा छोइदिएकै आधारमा सबथोक ठीक हुन्छ भनी विश्वस्त हुनु र पानी मुखमा छर्किएर वा पानी खन्याएर पवित्र भयो, अब केही गर्नुपर्दैन, जे गरेनि हुन्छ भनी बस्नु उस्तै उस्तै हो । कर्ममुखी, कर्मयोगी, कर्मसुधारक भई मनोवृत्ति-चित्तवृत्ति वा मनोभावनालाई पवित्र गर्ने, हृदय परिवर्तन गर्नेतर्फ आकर्षित नभइकन, सुधारमुखी भई विधिव्यवहार शुद्धि गर्न चित्त शुद्धि गर्ने कार्यलाई बढावा दिन नसकुन्जेल के हुन्छ, के हुँदैन त्यसको लेखाजोखा हामी आफैले राख्न सक्छौं । वास्तवमा नदीको पानीले चित्त स्वच्छ-पवित्र वा सफा हुने गरी धुने कमाई सम्भव नै हुँदैन । चित्तलाई धुन, चित्तलाई पखाल्न, चित्तलाई शुद्धि गर्न शील-नियमरूपी पानीले मात्र सम्भव छ भनी तथागत शास्ताले सुन्दरिक भारद्वाजलाई स्पष्टरूपमा देशना गरेका छन् ।

तथागत शास्तालाई सुन्दरिक भारद्वाजले विन्ति गरे- "गौतम ! नुहाई-धुवाई स्नानका लागि बाहुका-नदी जानुहुन्छ ?"

- "ब्राह्मण ! बाहुका-नदीमा खासै लिने चीज के छ र त्यस्तो ? के हुन्छ र त्यहाँबाट ?"

- "हे गौतम ! बाहुका नदी लोकसम्मत (लोकमान्य) हो, धेरै मानिसहरूले सो नदीलाई पवित्रस्थान वा पुण्यस्थान भनिरहेका छन् । मानिसहरू सबैले बाहुका नदीमा नुहाई सम्पूर्ण पाप समेत पखाल्छन्, पापबाट छुटकारा पाउँछन् ।"

त्यसपछि तथागत शास्ताले ब्राह्मणलाई गाथात्मक उपदेशद्वारा यसरी सम्झाए- "बाहुका, गया, सुन्दरिका, सरस्वती, प्रयाग तथा बाहुमती जुनसुकै नदीमा गएर दिनका दिन स्नान गरे तापनि शुद्ध हुँदैन । पापकर्मी, पापधर्मी, दुष्ट मानिसलाई नदीले शुद्ध गर्न सक्दैन । शुद्धकर्म गर्नेलाई सधैं


Downloaded from http://dhamma.digital/

फलिफाप, शुद्धका लागि सधैं उपोसथ, शुद्धकर्मको व्रत सदा परिपूर्ण हुन्छ । सबै प्राणीप्रति मैत्रीभाव-क्षेमभाव राखी असत्य नबोल्ने, प्राणीहिंसा नगर्ने, चोरी नगर्नेजस्ता कुशल कर्म गर्न सके थोरै पानी भएको जलाशय नै गया समान हुन् । भ्याइ नभ्याई गया (बुद्धत्वज्ञान प्राप्तस्थल) को खोजीमा लाग्नुपर्दैन ।

वस्तुतः अति नै धुलोमैलो कपडामा जुनसुकै रङ्गले रङ्गाए पनि रङ्गाउन सजिलो नहुनेजस्तै हाम्रो चित्त वा मनमा लोभ, द्वेष, मोह आदि चित्त-विकार अर्थात् कलुषित-दूषितभाव हलाहल भरिएको छ भने दुःखबाट मुक्ति प्राप्त गर्न सहज हुँदैन । सेतो-सफा कपडामा जुनसुकै रङ्ग झ्याप्पै समाउने, रङ्गाउन सजिलो हुनेजस्तै हामीले पनि चित्तलाई स्वच्छ निर्मल गर्ने अभ्यास नगरी बाह्य धरातलमै अलमलिरहने हो भने हाम्रो धार्मिक उद्देश्य कहिल्यै सफल हुन्न तर देखावटीरूपमा लोकव्यवहारमा भने खूब धर्मात्मा कहलाउन चाहिँ गाह्रो हुन्न । बाहिरबाट शुद्ध-पवित्र देखाउन यावत धार्मिक क्षेत्रमा सयौं-हजारौं पटक तीर्थाटन गरौंला, जल छर्किने मात्र होइन गङ्गाजी वा विशेष नदीभित्रै डुबुल्किँदै साधना गरौंला, अत्यन्त गर्मीमा चारैतिर दनदन आगो बाल्ने, अग्नि देवताको पुकारमै दिनरात खर्चौंला, विभिन्न देवस्थल-नाथक्षेत्र फनफन्ति चक्कर मारौंला, अझ पञ्चाङ्गभन्दा अष्टाङ्ग दण्डवत प्रणामसहित शास्ताङ्ग ढोग-दर्शन, प्रदक्षिणा नै गरौंला तर हाम्रो पाप पखालिने, हामी पवित्र हुने, शुद्ध हुने भन्ने धार्मिक मान्यता-अवधारणालाई अद्यावधि निरन्तरता दिइरहनुमा को बढी जिम्मेवार हुन् ? कसरी र किन यस्ता विधिव्यवहारमा अझै परिवर्तन हुन सकिरहेको छैन !? यी भावनात्मक सोचनीय व्यवहार हुन् ।

अति नै धुलो मैलो कपडामा नीलो, हरियो, पहेँलो, रातो, चाहे सुन्तला रङ्गले मेहेनतसाथ रङ्गाउन खोज्दा पनि तातेपाते देखिने निश्चित छ । किन कसरी भन्दा कपडामा बढी मयल-फोहोर-धुलो देखिने कारणले भन्ने जवाफ नै काफी हुन्छ । यसरी चित्तमल-कलुषितभावयुक्त मनका कारण जोकोही सुगति होइन, दुर्गतिमुखी भइरहेको हुन्छ । तर सफा कपडामा


Downloaded from http://dhamma.digital/

नीलो, हरियो, पहेँलो, रातो, चाहे सुन्तला रङ्ग होस्, विना मेहेनतपूर्वक दुरूस्त रङ्गाउन सजिलो हुन्छ । कपडा सेतो वा सफा भएकाले जुनसुकै रङ्ग रङ्गाउन सजिलो हुन्छ, यसरी चित्तमल-कलुषित भाव छैन भने, चित्त सफा निर्मल छ भने दुर्गति होइन, सुगतिमुखी भइरहेको हुन्छ । फोहरयुक्त चिन्तन-व्यवहार, अकुशल प्रवृत्ति, पापक व्यवहार, बेइमानीपन, धोकेबाजी, छुल्याउने भुल्याउने, फँसाउने, जसरी हुन्छ आफ्नो स्वार्थसिद्ध गर्नेजस्ता अनैतिक आचार-व्यवहार हामीभित्र विद्यमान अवस्था जस्लाई बुद्धभाषामा चित्तमल भनिन्छ ।

चित्तको मैला वा उपक्लेश (मल) थरीथरी हुन्छन् । दैनिक विधिव्यवहारको क्रममा नयाँ दुलाहा-दुलहीले जस्तै औपचारिक विधिपुऱ्याएर, अभिनय शैलीमा व्यवहार गर्दा सम्भवतः हामी आफ्नो यथार्थ व्यवहारलाई प्रस्फुरण गर्न संयम हौंला, नियन्त्रित रूपमा प्रस्तुत हौंला, त्यतिबेला चित्तमलजन्य अकुशल व्यवहालाई पूर्णतः लुकाउन-छिपाउन हामी सफल नै हुनेछौं । तर जीवनमा हामी सधैं नयाँ दुलहा-दुलहीका रूपमा अगाडि बढ्न सक्दैनौं, स्वभावतः दिनानुदिन दिनगन्तिसँगै पुराना हुन्छौं, अनि आफू जस्तो छ, आफूभित्र जे छ त्यही ओकेल्न, व्यवहारमा उतारिएर प्रस्तुत गर्न, आ-आफ्नो बानी व्यहोरा मुताविक घरव्यवहार गर्ने हुन्छौं, यो वास्तविकता हो । नानीदेखि लागेको बानी भन्दै आ-आफ्नो धुर्त्याईं, छुल्याईं, मिच्याईंलाई बिरालोले आफ्नो दैनिक मल छोप्नेजस्तै पानीमाथि ओभानो बन्न हामी हरदम प्रयास गरिरहेका हुन्छौं ।

वास्तवमा जतिबेलासम्म हामीभित्र चित्तमल-चित्त विकार हलाहल विषझैं भरिभराउ हुन्छ, त्यसलाई कम गर्दै जाने, ताछ्ने, भाविताममयी अभ्यासका रूपमा चित्तलाई संयम-दमन वा समन गर्न तत्परतासहित प्रयत्न गर्दैनौं तबसम्म विकारजन्य प्रवृत्ति, अकुशल चेतना, आस्रवयुक्त कलुषितभावलाई हामीले कहिल्यै निमिट्यान्न पार्न नसकिने पक्ष हुन् । यसउसले चित्तको उपक्लेश (मल) को पहिचान हुनु जरूरी छ, उपक्लेशलाई लसुन केलाउने


Downloaded from http://dhamma.digital/

मकै छोडाउने जस्तै स्पष्ट रूपमा यो यो उपक्लेश हो भन्ने कमसेकम जानकारी हुनुपर्‍यो, बल्ल त्यसपछि त्यसबाट उत्पन्न हुने, दु:ख दिने पक्षलाई के गर्ने? कसो गर्ने? भनी समाधानका उपाय खोजी गर्न सकिने हुन्छ । चित्तको उपक्लेश निम्न १६ वटा छन्- (मज्झिनिकाय, वत्थ-सुत्त)

१) अभिध्या-विषय लोभचित्तको उपक्लेश, २) व्यापाद (द्रोह), ३) क्रोध, ४) उपनाह (शत्रुता), ५) म्रक्ष, ६) प्रदाश (निष्ठुरता), ७) ईर्ष्या, ८) मात्सर्य (कंजुसीपना), ९) माया, १०) शाढ्य, ११) स्तम्भ, १२) सारम्भ (हिंसा), १३) मान, १४) अतिमान, १५) मद, १६) प्रमाद ।

उपरोक्त चित्तमललाई जान्ने, बुझ्ने, ठम्याउन सक्ने भएमा विस्तारै विस्तारै त्यसलाई त्याग गर्ने, त्यसबाट अलग्गिने प्रयत्न भएमा बल्ल प्रहीण गर्ने यानिकी खुर्क्याउँदै-ताछ्दै, टुप्पोदेखि फेद वा फेददेखि टुप्पोसम्म जरो उखेलेर फाल्न सक्ने हुन्छौं, अन्यथा बाह्य नानाथरि तामझाम गरेर, धर्म-संस्कृतिलगायत यावत व्यवहारको नाउँमा पाप पखाल्ने, शुद्ध-पवित्र हुने कार्य सम्भव हुन सक्दैन भन्ने निम्न उदाहरणीय बुद्धकालीन कथाबाट पनि स्पष्ट हुन्छ । -(इतिवुत्तक ६७, मोनेय्यसुत्त)

अनाथपिण्डिक महाजनको घरमा सेविकामध्ये एक हुन्-पूर्णा । कुनैबेला अत्यन्त चीसो, जाडोले कठ्याङग्रिएर बस्नुपर्ने समयमा एकाविहानै नदीमा गई पानी ओसार्न दिनदिनै जानुपर्ने पूर्णाको दिनचर्चा नै थियो । जाडोले थरथर काँप्नुपर्ने त्यस्तो समयमा पनि पानी ओसार्न जाँदा एकदिन एकजना ब्राह्मण बरफजस्तो चीसो पानीमा डुबुल्किँदै गरेको देखिन् । अनौठो लाग्यो, उनी दङ्ग परिन् र सोधिन्-

- "यस्तो चिसोमा पनि पानी भित्र डुबुल्किएर के पो हुने हो, पाइने के होला ?"

- "जल-अभिषेक गरेको, यसरी पानीमा डुबुल्किँदा पाप सबै पखालिन्छ, अधर्म सबै समाप्त हुन्छ, पाप-कर्मबाट मुक्ति प्राप्त हुन्छ नि !"

यस्तो अनोठौ जवाफ सुनिरहेकी पूर्णाले ब्राह्मणलाई मुक्का हानेजस्तै


Downloaded from http://dhamma.digital/

गरी प्रश्न तेर्स्याइन्-

- "ओहो ! यस्तो हुन्छ भनेर कस्ले भन्यो तपाईंलाई ? यो त कोही अज्ञानी मूर्खले अर्को अज्ञानी मूर्खलाई सोझ्याएको उपदेश होला नि !"

- "हेर्नुहोस् ! यदि पानीले नुहाउँदैमा स्नान-कर्मद्वारा पाप-कर्म नै पखालिने हो भने नदी-पानीभित्र कयौं जीवहरू हुन्छन्, माछा, कछुवा, गोहीलगायत सम्पूर्ण जलचर प्राणीहरू निश्चित रूपमा सरासर सीधै स्वर्गगामी हुन्छन्, तिनीहरू सबै स्वर्गारोहणमुखी हुन्छन् ।"

पूर्णाले फेरि मजबुत प्रश्न तेर्स्याइन्-

"यदि जल-स्नानले पापमुक्ति हुने भए प्राणीहरूलाई हिंसा गर्ने, चाहे चौपाया जीवजन्तु होउन् वा पशुपंक्षी होउन्, नरहत्यारा, चोर-डाँकूलगायत, अन्य पापीहरू सबै नदीमा नुहाउन जान्छन्, जल-स्नान गरेकै कारण उनीहरू सबै पापमुक्त हुन्छन् त ? उनीहरूको सबै पापकर्म पखालिने हो त ? उनीहरूलाई पापकर्मबाट मुक्ति प्राप्त हुने नै हो त !?"

पूर्णाको विवेकपूर्ण जबर्दस्त तर्कयुक्त कुराले ब्राह्मणको मन पग्लियो । सह्राहनीय कुरा सुनिरहेका ब्राह्मणको हृदय परिवर्तन भयो, उनको जीवनमा नयाँ मोड भेट्टियो, विगतमा विवेक विचार शून्य मान्यताई आँखा चिम्ली त्वम शरणम् भन्ने आसक्तियुक्त भावका साथ अगाडि बढ्नुलाई नै सबथोक मानिरहेका ब्राह्मणको जीवन पद्धत्ति-शैलीमा देखिएको आयामिक परिवर्तन सकारात्मक एवं उदाहरणीय पक्ष हुन् । पूर्णाको उचित सरसल्लाहअनुरूप जीवनलाई सार्थकतातिर डोऱ्याउन प्रयास गर्ने जल-स्नानलाई नै सबथोक भनी स्वीकार गरिरहेकाले स्वभाव-धर्मलाई बुझेर कर्मलाई बढावा दिई अन्ध परम्परालाई चटक्क त्याग गरे । दैनिक जीवनमा स्वयंले सतत् धर्मको अभ्यास गर्न सिके, र भने-"ब्रह्मबन्धु पुरे आसिं, अज्जम्हि सच्चब्राह्मणो।" अर्थात् पहिले म ब्रह्मबन्धु थिएँ, अब साँचो अर्थमा ब्राह्मण भएको छुँ ।

-(थेरी गाथा २५१, पण्णाथेरी गाथा)



Downloaded from http://dhamma.digital/

तथागत शास्ताद्वारा देशित दुःखमुक्ति साधना शिक्षाको सम्पर्कमा जो जो आउँछन्- बुद्धशिक्षामा जो प्रतिष्ठित हुन्छन् तिनीहरूलाई दिनको घामजस्तै छर्लङ्ग हुन्छ कि पाप-कर्मलाई धुन, चोख्याउन, शुद्धि गर्न केवल एउटै मात्र उपाय भनेको काय, वाक र चित्त (मन, वचन र कर्म) लाई वशमा लिई, नियन्त्रणमा राखी बाह्य नदीमा होइन भित्री चित्त-मनरूपी नदीमा तैरिएर, डुबुल्किँदै ब्यवहारतः हृदयपरिवर्तनमुखी हुनसके चित्त-शुद्धि प्रकृयामा सरिक हुन सकिन्छ, चित्त-मललाई निमिट्यान्न पार्ने कार्यमा सफलता हात लाग्नेछ । यसरी काय, वाक, चित्त (शरीर, वचन, मन/शारीरिक, वाचसिक, मानसिक) लाई मौन-सम्पन्न, अर्थात् समन-दमन, नियन्त्रण, संरक्षण, संवर्द्धन गर्दै जानसक्ने अनास्रव-मुनि वा जो कोही धर्म-गङ्गा (नदी) मा नुहाइ-धुवाई, जल-स्नान गरी पापकर्मलाई बगाइदिने, पापलाई पखाल्ने सही व्यक्ति सावित हुन्छ । यसैलाई भित्री-अन्तस्करणरूपी धर्म-स्नान भनिन्छ । त्यसैले जलस्नान होइन, धर्म-स्नाको अपरिहार्यतालाई बुझौं ! नुहाएर चोखिने होइन, पापकर्म पखालिने होइन, चित्त शुद्ध हुने होइन, चित्तमल धोएर-पखालेर धर्मगङ्गामा धर्मस्नान गर्नु नै चित्त शुद्धि गर्नु हो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

५.

# नाउँले मात्रै केही हुन्न

सजीव-निर्जीव, पुरूष लिङ्ग, स्त्रीलिङ्ग, उभयलिङ्ग वा तेश्रो लिङ्गले मात्रै हाम्रो परिचय यथेष्ट हुन्न । त्यसभित्र पनि हामी आ-आफ्नै पहिचान कायम हुने गरी परिचित हुन, स्वअस्तित्त्व कायम गर्न वा आफूलाई अरूमाझ चिनजान गराउन छुट्टै नामको प्रयोग गरिन्छ । पहिचानको क्रममा अरूभन्दा भिन्न वा पृथकपनालाई सबैले ख्याल गर्छन् । देवदत्त, रावण, जुडास भनी कसैले नामोच्चारण गरेको हामी कसैले सुन्न चाहँदैनौं । बुद्ध, राम, कृष्ण, श्याम, आनन्द, सिद्धार्थजस्ता नाम जोडिएको चलनचल्ति-ब्यवहार कायम प्रथादेखि हामी प्रभावित छौं । हामी घरपरिवार, घरपालुवा पशुपंक्षी, जनावर, ठाउँ, चीजवस्तु, आविष्कारजन्य कुराहरू सबैलाई छुट्टै प्रभावकारी अर्थबोधक नाम दिई त्यसको निरन्तर पहिचान कायम गर्न चाहिरहेका हुन्छौं । त्यसैले न्वारानसहित राम्रो नाउँका लागि हामीले विभिन्न आधारको खोजी गर्छौं, त्यसै अनुसार राम्रो शुभनाम राख्छौं ।

विगत धार्मिक, सामाजिक, राजनैतिक आदि क्षेत्रमा बदनाम, कलङ्कित, विवादास्पद नामहरूलाई जसरी भएनि निरन्तरता नदिने कार्यमा हामी


Downloaded from http://dhamma.digital/

खटिरहेका हुन्छौं । यद्यपि हामीले गर्ने विधिव्यवहार, नकारात्मक छ, खलनायक चरित्रको छ, भिलेन पात्रजस्तै, भिजिलान्ते प्रवृत्ति, तानाशाही, खूनी-हत्यारा, भ्रष्टाचारी, पापाचारी, ठग-लुटेरा आदिको चरित्र-चित्रण भएमा हामीलाई तुरुन्तै कुनाउँले विभूषित गरी तुलनात्मक रूपमा बोलाउने वा नाम भुण्ड्याउने गरिन्छ । हामीले कसैलाई नाउँ राख्दा धार्मिक, सामाजिक, ऐतिहासिक पात्र, स्थान वा गुण विशेषतालाई झल्काउने मनसाय-अभिप्रायसहित सुनाम राख्ने गर्छौं । व्यवहारमा रीसको झोंकमा वा मायाममता र स्नेहकासाथ भएको नाउँमा अर्को नामले समेत बोलाउने गर्छौं । चाहे हामी सेते, गोरे, काले नै किन नहोऔं, यसरी पुकारिने नाउँ हामीलाई पाच्य हुँदैन । धने, वीरे, बहादुर, सुन्दर, सुन्दरी, ज्ञाने आदि नाउँले पुकार्दा त्यति असहजता हुन्न, पचाउन सकिन्छ ।

हो, अवश्य पनि हामी राम्रै नाउँ चाहन्छौं, कसैले हामीलाई स्थापित नाउँ भइकन अर्को नाउँले बोलाउँदा समेत राम्रै-अर्थपूर्ण नाउँले बोलाओस् भन्ने ईच्छाआकांक्षा रहेको हुन्छ । के नाउँ नै सबथोक हुन् त !? नाउँमै अल्झिनेहरू कयौं छन् । देव-देवी वा धर्मग्रन्थमा उल्लेख्य नामअनुरूप नाउँ राख्नुपर्छ भन्ने मान्यतामा समेत परिवर्तन देखिएको छ । नाउँ राख्दा विदेशीकरण हुनेसम्म करण सुरुवात भएको छ । आखिर नाउँ जस्तोसुकै राखौं, त्यो अर्थपूर्ण होस्, ज्ञानबोधक, धर्म-समाज-परिवेश-क्षेत्रको प्रतिनिधित्व गर्ने होस्, अझ नाउँअनुसार भविष्यमा फलोस्-फुलोस् भन्ने मान्यता उहिलेदेखि अद्यावधि चलिरहेकै परम्परा हुन् । नाम अनुसार काम र काम अनुसार नाम भए सुनमाथि सुगन्धझैं हुने नै भयो तर नाम अनुसार ठीक विपरीत कामकाज-विधिव्यवहार यथेष्ट भइरहेका हुन्छन् ।

हामीलाई पहिचान सिद्ध गर्न कसैले नामाकरण गरिदिनु वा नाउँराख्नु र हामी आफै कुनै क्षेत्रमा आबद्ध भई पृथक पहिचान स्थापित गर्नु दुई अलगधार हुन् । हाम्रो जस्तोसुकै-जुनसुकै नाम होस् तर, आबद्ध-सम्बद्ध क्षेत्रमा तपाईँ, हामी र मैले पुऱ्याउने योगदान कार्यले वा सामर्थ्यका कारण हामी सबैलाई स्थापित गर्दै जाने हो, त्यसैबाट हाम्रो पहिचान समेत कायम हुने हो । त्यसैले नाउँको विवादमा अल्झिँदा यदाकदा समस्यामा जकडिने,


Downloaded from http://dhamma.digital/

अधिकारबाट वञ्चित हुने हो कि भन्ने भयत्रास व्याप्त हुने गर्छ । एकातिर यस्तो स्थितिमा गुज्रिरहने हामी अर्कोतिर आफ्नै नामप्रति सशंकित भइराखेका हुन्छौं, आफ्नै नामप्रति सन्तुष्ट हुन सक्दैनौं, अनि नयाँ नामको खोजीमा भौंतारिँदै कहिले त्यो कित्तामा, कहिले त्यो भित्तामा त कहिले यता न उता कता कता झुण्डिने स्थानको खोजीमा दलदल धरापमा भासिरहेका हुन्छौं । वास्तवमा नाउँमै अर्थसिद्धि हुन्छ भन्ने कुरामा ठोस दम हुँदैन । नाम-सिद्धिक हुन हामी जो कोहीको चाहना होलान् तर व्यवहारमा कत्तिको सम्भव होला र !? यसै प्रसङ्गलाई पुष्ट्याईं गर्न निम्न उल्लेख्य बुद्धकालीन कथात्मक घटनाले नाम-सिद्धिक हुन जो कसैले प्रयास गर्छन् भन्ने स्पष्ट हुन्छ ।

एउटा लक्का जवान केटो, उनको नाउँ नै पापक (पापगर्ने), जो श्रद्धा–आस्थापूर्वक बुद्धशासनमा प्रव्रजितदीक्षा प्राप्त गरी भिक्षु भए । साथीहरू सबैले उनलाई– "आयुष्मान् पापक ! आउ, आयुष्मान् ! पापक, बस" भनी बोलाउने गर्थे । 'पापक' भनी बोलाउने उनलाई मनपर्दैनथ्यो, सधैं उनको मनमा कुरा खेल्थ्यो– "पापक नाउँ अति नै घटीया नाउँ हो, अलच्छिन, बेकुफ नाउँ हो, आ ! भएन, अब त नयाँ नाम राख्नुपर्‍यो ।"

एकदिन मनमा नानाथरि कुरा खेलाउँदै आफ्ना गुरूआचार्यकहाँ गई अनुरोध गरे– "भन्ते ! मेरो नाउँ साह्रै राम्रो भएन, अमाङ्गलिक भयो । त्यसैले कृपया मलाई अर्को नाउँ राख्नुहोस् ।"

गुरूआचार्यले जवाफमा– "हेर आयुष्मान् ! नाम भनेको पहिचानका लागि, चिनाउनका लागि प्रज्ञप्त (व्यवहार) गरिएको मात्र हो । कसैलाई बोलाउन–व्यवहार गर्न नाम राखिएका हुन् । नाममा कुनैपनि प्रकारको अर्थसिद्धि हुँदैन । त्यसैले आफ्नो जुन नाउँ हो, त्यसैमा सन्तुष्ट हुनु राम्रो हो ।"

पापकले पुनः नामकरणका लागि धेरै अनुनय विनय गरे, धेरै प्रयास गरेकै थिए । राम्रो नामको भोगी भनी भिक्षुसंघ-साथीभाइबीच हल्ला पिटियो, हँसिमजाक गर्नेहरू पनि भए । विहारका भिक्षुहरूबीच फलाना आयुष्मान् पापक भिक्षु नाउँमै सिद्धि खोजी गर्ने हुन् भन्ने बारे खूब चर्चा भए । एकदिन तथागत शास्ताले शिष्यहरू बीचको चर्चा बारे थाहा पाए, पापकको नाम-सिद्धिक हुने कार्य-व्यवहार पूर्वजन्ममा पनि उस्तै थियो भन्ने पुष्टि गर्न निम्न



Downloaded from http://dhamma.digital/

जातक कथा प्रकाश पारे ।

उहिले तक्षशिलामा बोधिसत्त्व प्रसिद्ध धनाध्य गुरूआचार्य थिए । उनको पाँचसय विद्यार्थीहरू मध्ये एकजना पापक थिए । उनलाई सबैले "पापक ! आउ, पापक ! बस" भनी बोलाउँदा- अह्राउँदा मनमा पीडाको अनुभूति हुन्थ्यो । "अमाङ्गलिक नाम, अलच्छिन नाउँ फेर्नुपर्‍यो, हुँदै भएन" भनी गुरूआचार्यसमक्ष नयाँ नामको लागि भावविन्ति गरे । गुरूले जवाफमा भने-

"शिष्य ! तिमीलाई आफ्नो नाउँ चित्त बुझेन ठीकै छ, त्यसो भए आफूलाई मनपर्ने प्रीय नाउँ खोजी गर, देश घुमेर आउनू, खोज-तलासपछि फर्केर आउनू अनि तिमी जे भन्छौ त्यही गरिदिनेछु ।"

गुरूको आज्ञा पाएर खुसी पापक नाउँ खोजी गर्न बाटो खर्च, खानापिनासहित तयारीका साथ देश भ्रमणमा जान कस्सिए ।

घुम्दैफिर्दै गाउँ-शहर चाहार्ने क्रममा लामबद्ध मलामीसहित मरेको मान्छेलाई मसानघाटतिर लैजाँदै गरेको पापकले देखे । मर्ने मान्छे को होला भन्ने जिज्ञासा लागेर पापकले विस्तारै "मृतकको नाउँ के हो नि ! ?" भनेर प्रश्न सोधे ।

"यिनको नाउँ जीवक हो ।"

"के जीवक पनि मर्छ र ?! नामै त जीवक !"

"जीवक पनि मर्नुपर्छ, अजीवक पनि मर्नुपर्छ । मर्नु नपर्ने को छ र ? नाउँले नमर्ने भए त सबैले नमर्ने नाउँ नै रोज्छन्, नाउँ रोजेर के गर्ने, आखिर जीवकजस्तै मर्नैपर्छ सबैले । नाउँ भनेको विधिव्यवहारका लागि, पहिचान वा चिनजानका लागि मात्र हो नि ! यो त कस्तो मूर्ख पो रहेछ !"

उपरोक्त जवाफ सुनेर पापकलाई उराठ लाग्यो उ उदासीन भएर अर्को नगरतिर लागे । यौटा घरको प्रवेशद्वारमा एउटी आइमाईलाई बेस्सरी कोर्राले हानेजस्तै गरी डोरीले पिटिरहेको देखे । त्यति साह्रो किन पिटेको होला ? भनी पापकले अगाडि पुगेर सहानुभूति दर्शाए-

"यस्तो बेस्सरी कुट्नु भएन नि !"



Downloaded from http://dhamma.digital/

“किन न कुट्नु नि ! पैसा ज्याला दिनु पर्दैन त ?” भनी जवाफ दिँदै कुटेको कुटेकै गरे ।

पापकले आफ्नो उद्देश्यअनुसार कुटाई खानेको नाम के हो भनी जिज्ञासा राख्दा- “उनको नाउँ धनपाली” भन्ने जानकारी पाए, पापक गजब भए- “कस्तो होला ! नाम भने धनपाली, पैसा भने शून्य !”

- “धनपाली पनि गरीब हुनसक्छ, अधनपाली पनि गरीब हुनसक्छ, नाउँले के गर्छ ? नाउँले धनधान्यपूर्ण हुने भए सबैले केही मेहनत गर्नै परेन, दुबै हात पोको पारेर गफ मारेर बसे भइगो नि ! नाउँले नै खुवाउँछ, नाउँले सबै सम्पन्न हुन्छ भनेर । “यो मान्छे त लाटोकोशेरोजस्तो पो रहेछ !”

उपरोक्त घटनाले पापकको मनमा चिसो पस्यो, राम्रो नाउँ चाहियो भन्ने मान्यता र विश्वास झन् झन् घट्यो । मनमा अनेक कुरा खेलाउँदै, खिचडी-दही च्यूराजस्तै मनोवादमा अलमलिइरहेका पापकले अर्को एकजना अलमल अलमल रणभुल्लमा परिरहेको व्यक्ति भेट्टाए । बाटो बिराएर, आफ्नो गन्तब्य स्थल पुग्न हस्याङ्ग फस्याङ्ग गर्दै सही बाटोको खोजीमा लागिरहेका थिए । पापकसित भेटपछि कुराकानी भयो-

“किन यताउति भौंतारिएको, के भयो ?”

“स्वामी ! बाटो भुलें, सही बाटो कुन होला भनी भौंतारिरहेको नि !”

“परिचय गरौं न ! यहाँको शुभनाम ?”

“मेरो नाम पन्थक हो ।”

“ओहो ! नामै पन्थक, मार्गविज्ञ, सम्पूर्ण बाटो बारे थाहा पाउने नाउँको मान्छे भएर पनि कसरी बाटो बिराएको नि ! यस्तो पनि हुन्छ र ।?”

“पन्थक भन वा अपन्थक भन, नाम जेसुकै होऊन्, बाटो बिराउनेले भुलिहाल्छ, अनि अलमलमा परिहाल्छ, नाउँले नै मात्र जस्तै मैं हुँ भन्नेहरूले पनि बाटो बिराउन सक्छन्, चिनजान, बोलाउन र व्यवहारका लागि राखेकै नामका कारण सबथोक हुन्छ भन्ने सोचेमा मेरोजस्तै हविगत सबैको हुन्छ । स्वामी ! कस्तो होला, नाउँ जस्तो काम ठ्याकराक्कै उस्तै हुन्छ र भन्या !?”

यसरी देश घुमेर शेष खाएपछि पापकको मनमा अब नाउँप्रति



Downloaded from http://dhamma.digital/

वितृष्णा जाग्यो, उनी बिल्कुल उदासीन भए । घुमेर केही हुनेवाला छैन, सबै नामपछाडि उस्तै उस्तै चरित्र-चित्रण झल्किँदो रहेछ, आखिर आफ्नो नराम्रो नाउँप्रति असन्तुष्ट भएर राम्रो नाउँको खोजी गर्दा नामकै अनुसार केही नहुने रहेछ भन्ने भावना जागृत भएपछि उसले बल्ल कुरा बुझ्यो, अनि बोधिसत्त्व गुरूआचार्य कहाँ फर्के ।

गुरूशिष्यबीच सुख-दुःखसम्बन्धी भलाकुसारी भयो, जुन उद्देश्यले देश चाहार्न गयौ त्यो पुरा भयो कि भएन भनी सोधे-

"शिष्य ! आफूलाई मनपर्ने-प्रसन्न नाउँ पायौ ?"

"आचार्य ! जीवक पनि मर्छ-अजीवक पनि मर्छ, धनपाली पनि गरीब हुन्छ-अधनपाली पनि गरीब हुन्छ, पन्थकले पनि बाटो बिराउँछ- अपन्थकले पनि बाटो बिराउँछ, नामजस्तै कामकुरो नहुने रहेछ । नाम भनेको चिनाउन-व्यवहार (प्रज्ञप्ति) गर्न, आपसी पहिचानको लागि मात्रै हो, नामले सबै कुरा सिद्ध नहुने रहेछ । नाउँले होइन कार्य-कर्मले नै जीवन सिद्ध हुने रहेछ । अब मलाई अर्को नयाँ नामको आवश्यकता रहेन । मेरो जुन नाउँ हो, त्यसप्रति सन्तुष्ट हुने भएँ, नाउँले सबकुछ हुन्छ भन्ने लिँडेढिप्पी गर्दिनं अब, आखिर नाउँ यौटा परिचयसम्म रहेछ, राम्रो नाउँ भएर त्यसलाई सुहाउँदो कर्म गर्न सकेन भने के अर्थ रहन्छ, नाउँले नै सबै पूर्ति नहुने, सिद्ध नहुने रहेछ भन्ने कुरा राम्ररी बुझेँ ।"

यसरी बोधिसत्त्वले पापकको हृदयपरिवर्तन एवं उसको मनोभावना बुझी निम्न उपदेशात्मक गाथा उच्चारण गरे-

**"जीवकञ्च मतं दिस्वा, धनपालिञ्च दुग्गतं ।**

**पन्थकञ्च वनेमुल्हं, पापको पुनरागतो" ति ।।"**

"जीवकलाई मृतक देखी, धनपाली गरीब भएको देखी, पन्थकले बाटो बिराएको देखी पापक पुनः आफ्नै ठाउँमा फर्कियो ।"

(श्रोत : जातक बाखं, ल्याः ९७, नामसिद्धि जातक, भाग-१, नेपालभाषा, अनुवादक दुण्डबहादुर वज्राचार्य)



Downloaded from http://dhamma.digital/

## ६.

# जाति होइन, आचरण सोध

जातीयता, जातीय बन्धन, जातीय भेदभाव, कट्टर जातिवादजस्ता जातीय अतिवाद अद्यावधि हावी भइरहेकै छ । सामाजिक परिवर्तन एवं विकाससँगै जातीय अतिवादलाई प्रोत्साहित नगरी दुरूत्साहित गरिनुपर्थ्यो । तर विडम्बना जातीय अहंभावलाई जीवनको अभिन्न अङ्ग मान्ने प्रवृत्तिका कारण कानूनतः, सिद्धान्ततः जातीयतामा कट्टरता हुनु हुँदैन भन्ने जपना गर्न त सिक्यौं, तर व्यवहारमा पूर्णतः लागू गर्न सकेका छैनौं । जातीय छुवाछुतको भेदभावका कारण सामाजिक तथा धार्मिक असमानता मात्र होइन, राजनीतिक क्षेत्रमा समेत अद्यावधि पिछडिएको वर्ग, सीमान्तकृत दलित आदि वर्गअन्तर्गत समावेश गरिएका छन् । जातीय उँचनीचताको भेदभाव, जातीय छुवाछुतका कारण सार्वजनिक धारामा छोएको, इनार प्रयोग गरेको निहुँमा पिटिने, बेइज्जति खप्नुपर्ने, गाउँसहरबाट लखेटिनु पर्ने अमानवीय घटना अझै पूर्णतः बन्द हुन सकेका छैनन् ।

जातीय कट्टरता, जातीय अन्धता, जातीय अतिवाद युगौं युगदेखि परम्परागत रूपमैं अगाडि बढिरहेको सामाजिक, साँस्कृतिक, धार्मिक रोग हो । यस रोगले कसैको हित गर्दैन भने यसले आपसमा विभेद गरी


Downloaded from http://dhamma.digital/

सामाजिक, धार्मिक तथा राजनीतिक संरचनामैं अस्तव्यस्तता कायम गरिदिने हुन्छ । एकाइसौं शताब्दीमा आइपुग्दा समेत जातीय अन्धतालाई व्यवहारतः चटक्कै छोड्न सक्नेहरू छैनन् । जबसम्म हामी कुनै न कुनै रूपले जातीय अन्धतामैं पिल्सिएर त्यसैलाई सही मानी जातीय अहंकारलाई प्रदर्शन गर्नमैं हावी भइरहेका हुन्छौं, तबसम्म हाम्रो धार्मिक आध्यात्मिकतामा प्रश्न उठिरहने छ । वैधानिकताकै कुरा गर्ने हो भने २०२० को मुलुकी ऐनदेखि ऐतिहासिक संविधानसभाबाट जारी नेपालको अन्तरिम संविधान-२०६३ मा (भाग-१, धारा १२ /३) समेत "राज्यले नागरिकहरूका बीच धर्म, वर्ण र जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्नेछैन" भनी स्पष्ट उल्लेख गरिसकेको छ ।

एउटै समाज वा भौगोलिक क्षेत्रमा रहेर एउटै शारीरिक बनौट, एउटै संस्कृति, धर्म र भाषा भएका हामीबीच पनि एकआपसमा फलानो ठूलो जात, फलानो सानो जात भनेर उँचनीचको भेदभाव गर्नुजस्तो विधिव्यवहारप्रति हामी आफै सचेत हुने कहिले ? अझै हामी ठूला जातिका भनाउँदाहरूले पशुपन्छी, कीराफट्यांग्रालाई छुनु हुने, कुकुरलाई सँगै परिवारका सदस्यझैं व्यवहार गरी अझ म्वाइ समेत खानु हुने तर सानो वा अछुत बनाइएका मान्छेलाई भने सँगै उठबस, खानपान गर्न नहुने, उनीहरूले छोएको पानी समेत अशुद्ध हुनेजस्तो धारणालाई कहिलेसम्म काखी च्यापेर बस्ने ? यसमा पुनर्विचार गर्ने समय कहिले आउने हो ?! सानो जातका भनाउँदाहरूले छोएको पानी नचल्ने, अनि आफ्नो स्वार्थपूर्ति गर्ने सवालमा कुनै खाना चल्ने वा कुनै नचल्ने, यो कस्तो विडम्बना हो ! सफासुग्घरकै विषय किन नहोस्, श्रम-सीप चाहिँ चल्ने, अझ चिकित्साक्षेत्रमा ब्लड बैङ्कको संकलित रगत प्रयोग गर्दा हुने तर व्यवहार भने उही पुरानै मान्यतालाई निरन्तरता दिनु कत्तिको सुहाउँछ, यो विचारणीय प्रश्न हो ।

मानिसहरूमा को शूद्र को उच्च भन्ने बारेमा बुद्धको उपदेशात्मक सन्देशसहितको कथात्मक घटनाक्रम अद्यावधि चिन्तनीय एवं अनुकरणीय भएको हुँदा पाठलाई बढी स्पष्ट होस् भनी परिवर्तन चाहनेहरूका लागि प्रेरणात्मक उपदेश प्रस्तुत गर्नु प्रासङ्गिक हुनसक्छ ।

-(सुत्तनिपात १४२, वसल-सुत्त)



Downloaded from http://dhamma.digital/

एक समय श्रावस्तीस्थित अग्निक भारद्वाज ब्राह्मणको घरमा आहुतिको लागि आगो बालिराखेकै समयमा तथागत बुद्ध त्यहाँ पुगे । बुद्धलाई गाली गलौज शैलीमा रोक्न खोजे- "हे मुण्डक, हे श्रमणक, हे वसलक (वृषल, शूद्र) त्यहीं बस ! त्यहीं नै बस !"

कडा शब्द सुनेर पनि शान्त-सौम्य मुद्रामा बुद्धले जवाफ फर्काए-

- "हे ब्राह्मण ! कस्तो काम गर्नेलाई र कसलाई वसल (वृषल) भन्दछन् भन्ने कुरा तिमीलाई थाहा छ ?"

- "भो गौतम ! थाहा छैन । कसलाई वृषल (शूद्र) भन्दछन्, कस्तो काम गर्नेलाई वृषल भन्दछन् केही पनि थाहा छैन । बरू तपाईले "**कसलाई र कस्तो गर्नेलाई वृषल भनिन्छ**" भन्ने धर्मोपदेश दिनुभए बेश हुने थियो" भनी ब्राह्मणले विन्ति गरे ।

उनको अनुरोधपछि तथागतले "**जातिले ब्राह्मण हुँदैन, कर्मले नै ब्राह्मण हुन्छ**" भनी उपदेश दिए :-

**"न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।**
**कम्मना वसलो होति कम्मना होति ब्राह्मणो ।।"**

अर्थात्- "जातिले वृषल (शूद्र) हुँदैन, न त जातिले नै ब्राह्मण हुन्छ । कर्मले नै वृषल (शूद्र) हुन्छ, कर्मले नै ब्राह्मण पनि हुन्छ ।"

१. "जो मानिस क्रोधी, वैरी, पापी र मिथ्यादृष्टि भएको हुन्छ;"
२. "जसले योनिज र अण्डजलाई हिंसा गर्छ, प्राणीमाथि दया गर्दैन;
३. "जसले गाउँ, निगममा चोरी डकैती मारपीट गर्दछ;"
४. "गाउँ वा जङ्गलमा बस्नेहरूले 'यो मेरो हो' भनी ममत्व गरिराखेको वस्तुलाई जसले चोरी गरी वा खोसेर लिन्छ;"
५. "जो अर्कासँग ऋण लिन्छ र पछि साहूले सो ऋण माग्न आउँदा 'तिम्रो ऋण कहाँ छ र !" भन्दै भाग्दछ;"
६. "जसले कुनै वस्तु लिने लालसाले बटुवाहरूलाई कुटपिट गरेर केही वस्तु लिन्छ;"
७. "जसले, आफ्नो कारणले वा अर्काको कारणले अथवा धनको कारणले, साक्षी बकाउँदा 'झूटो' बोल्दछ;"


Downloaded from http://dhamma.digital/

८. "जो मानिस, ज्ञातिको वा साथीको स्त्रीलाई जबर्जस्ती वा वासनाजन्य प्रेमले राख्दछ;"

९. "जो समर्थ भएर पनि आफ्ना असमर्थ वृद्ध आमा-बाबुलाई भरण पोषण गर्दैन;"

१०. "जसले, आमा-बाबु, भाइ-बहिनी अथवा सासूलाई पिट्दछ वा गाली गर्छ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।"

११. "जसले, अर्थ (हित) को कुरा सोद्धा अनर्थ (अहित) कुरा बताउँछ अथवा अस्पष्ट शब्दमा बताइदिन्छ;"

१२. "जसले, पाप कर्म गरी, 'अरूले थाहा नपाओस्' भन्ने इच्छा गर्दछ;"

१३. "जसले, परकुलमा गई राम्ररी खाएर आफू कहाँ आउँदा ख्वाउन चाँहदैन;"

१४. "जसले ब्राह्मणलाई, श्रमणलाई अथवा अरु याचकलाई मृषावादद्वारा झुक्याउँछ;"

१५. "जसले, खाने बेलामा उपस्थित हुन आउने ब्राह्मण वा श्रमणलाई केही नदिई उल्टै गाली गर्दछ;"

१६. "जो कुनै चीजमाथि मोहित भई त्यो चीज लिनको निमित्त असत्य बोल्दछ;"

१७. "जो आफूलाई बढाई अर्कालाई होच्याएर, अहङ्कार भई नीच काम गर्दछ;" १८. "जो रिसाहा, लोभी, नीचवृत्ति, कञ्जुस, छली, निर्लज्जी, कुकर्म गर्नमा डर मान्दैन;"

१९. "जसले बुद्धलाई, उनको श्रावकलाई र परिव्राजकलाई अथवा गृहस्थीलाई निन्दा गर्छ;"

२०. "जो अरहत् नभइकन पनि 'अरहत् हुँ' भन्दछ, त्यो, ब्रह्मलोकसहित सबै लोकको निमित्त चोर हुन्छ । यही नै सबैभन्दा अधम 'वृषल' हो ।" भनी वृषल (शूद्र) सम्बन्धी उक्त बीस प्रकारका कुराहरू भगवान् बुद्धले बताए ।

यसरी जातले होइन, कर्मले मानिसको मूल्यांकन हुनुपर्छ भन्ने बुद्धद्वारा देशित उपदेश सुनिरहेका अग्निक भारद्वाज ब्राह्मण प्रभावित भए, उनको हृदय परिवर्तनलगत्तै उनले बुद्धसमक्ष शरणागमनको लागि प्रार्थना गरे :-



Downloaded from http://dhamma.digital/

"धन्य, भो गौतम ! धन्य, भो गौतम ! घोप्टो परेकोलाई उत्तानो पारिदिँदा, अँध्यारोमा तेलको बत्ती राखिदिँदा– आँखा हुनेहरूले रूप देखेझैं तपाईं गौतमले मलाई अनेक प्रकारबाट धर्मप्रकाश गरिदिनुभयो । अब म तपाईं गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाईं गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् !"

यसरी नै कुनैबेला सुन्दरिक भारद्वाज ब्राह्मण ठूलो यज्ञमा लागिरहेका बेला कोही कोही ब्राह्मणहरू पनि केश मुण्डन गर्न प्रभावित भएका थिए । यिनीहरूलाई कसरी ब्राह्मण भन्ने ? ब्राह्मण भन्ने आधार नै छैन भन्ने बहस चल्यो । एकदिन बुद्धसमक्ष तपाईंको जाति के हो ? भनी सुन्दरिकले सोधे ।

-(संयुत्तनिकाय १.१.१९५, सुन्दरिकसुत्त)

बुद्धले जवाफमा भने- "न म ब्राह्मण हुँ, न क्षेत्री हुँ, न वैश्य हुँ, न त म अरू केही नै हुँ । केश मुण्डन गरी अकिंचन र अनासक्त भई पूर्ण रूपले शान्त भई विचरण गरिरहेको छुँ । हे ब्राह्मण ! अनावश्यक गोत्रको विषयमा अल्झेर तिमी किन यस्तो प्रश्न सोधिरहेका छौ ?"

भारद्वाजले जवाफमा भने- "म ब्राह्मण हुँ, त्यसैले तपाईं ब्राह्मण हो कि होइन भनी सोधेको ।"

बुद्धले सम्झाउँदै भने- "तिमी यज्ञ गर्दैछौ, यसको सफलताको लागि कोही शान्त, क्रोधमुक्त, निष्पापी, तृष्णारहित महाज्ञानी योग्य पात्रसँग तिमीले जातिका बारेमा होइन, बरू धर्मसम्बन्धी महत्त्वपूर्ण प्रश्न सोध । कुरा बुझेमा यसले तिम्रो कल्याण र भलाई हुनेछ ।"

ब्राह्मणको मनमा कुरा खेल्यो, आफू यज्ञरत भएको हुँदा यज्ञ कसरी सफल हुन्छ?, योग्य पात्र भनेको के होला? भन्ने जिज्ञासा उब्जियो र बुद्धसमक्ष सोध्न भ्याए ।

वास्तवमा जातिले आचरण जान्न सकिने हुँदैन, कसै कसैले अनुमानकै भरमा केही भन्नु त्यो बेग्लै कुरा हो । त्यसैले बुद्धले- "**मा जाति पुच्छ, चरणञ्च पुच्छ - जाति होइन, आचरण सोध** । योग्य पात्रका लागि कसैको जाति होइन, उसको आचरणसम्बन्धी जानकारी लिनु उत्तम हुन्छ ।" भन्ने स्पष्ट पारे ।



Downloaded from http://dhamma.digital/

वास्तवमा आज हरेक मुलुकमा संवैधानिक रूपमा जातीय छुवाछुत खतम भइसकेका छन् तर पनि अझै त्यही छुवाछुतकै कारण समाजको एक विशेष समुदायलाई अधिकारहरूबाट वञ्चित गरिन्छ, जुन सम्भावना र अवसर हुन्छन् त्यसबाट वञ्चित गरिन्छ भने यस्तो अमानवीयपन हावी भएको ठाउँमा बुद्धका उपरोक्त सन्देशमूलक शिक्षा जन-जनमा पुऱ्याउनु अत्यन्त आवश्यक छ, तब मात्र कुनै पनि राष्ट्रले प्रगति गर्ने छ । यसरी जन्म वा कर्ममध्ये कुनचाहिं मान्यताअनुरूप उँचनीचपनलाई पहिचान गर्ने हो भन्ने मुद्दाको किनारा हामी आफैले स्वतन्त्र मनस्थिति एवं विधिव्यवहारले गर्नु आजको आवश्यकता हो । वास्तवमा शारीरिक संरचनागत रूपमा भन्नुपर्दा जन्मले त सबै मनुष्य जाति एकै हुन् । उनीहरूले गर्ने कर्मका आधारमा गुण र दोषको पहिचान गरिनुपर्थ्यो । जे होस् त्यतिबेला समाजमा प्रचलित जातीय उँचनीचताविरूद्ध देशना गरिएका उपरोक्त बुद्धका उपदेश सामाजिक रूपान्तरणका लागि प्रभावकारी उपदेश हुन्, जुन आजको यो परिवेशमा पनि त्यत्तिकै सान्दर्भिक, समयसापेक्षिक, महत्ता र विशेषताले भरिएको छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# ७.

# क्रोधले हित गर्दैन

हामी जतिबेला धार्मिक क्षेत्र प्रतिनिधित्व हुने विहार वा कुनैपनि, मन्दिरमा पुगिरहेका हुन्छौं, त्यहाँ हुने विविध धार्मिक-क्रियाकलापमा संलग्न भइरहेका हुन्छौं, कहिलेकाहिं विभिन्न गतिविधिलगायत ध्यान शिविरमा ध्यानरत अवस्था वा अरू कुनै विशेष स्थानमा हुँदा हामी शान्तदान्त हुन्छौं, नरमभावसहित विधिव्यवहार गरिरहेका हुन्छौं । अनुकूल विधिव्यवहार निरन्तर चलिरहँदा क्रोधभाव सुषुप्तावस्थामा पुगिरहेको हुन्छ । तर जतिबेला हामीलाई उचित लाग्ने, राम्रो वा आफ्नो चाहनाअनुरूपको विधिव्यवहार भएका हुँदैनन्, त्यतिबेला भने तुरून्तै कन्चट तात्ने हुन्छ, तत्कालै हामी क्रोधित मुद्रामा परिणत हुन्छौं । ब्लडप्रेशर हाइ हाइपरटेन्शन आदिका कारण, तुरून्तै हाम्रो सुन्दर-राम्रो अनुहार एकैछिनमा अनुहार न दनुवारजस्तो देखी अशान्त र हिंस्रक भावमा परिणत हुन्छ ।

दैनिक व्यवहारलाई गम्भीर भएर चियाउने हो भने वास्तवमा रीसराग वा क्रोधलाई उत्पन्न गर्नु कुनै कठिन कार्य नै होइन । जतिबेला हामी रागले



Downloaded from http://dhamma.digital/

रंजित, द्वेषले दूषित, मोहले मूढित अवस्थाबाट गुज्रिरहेका हुन्छौं, त्यतिबेला हाम्रो मानवीय स्वभाव प्रतिक्षण, प्रतिपलमैं  दानवतामा परिणत हुन खासै समय लाग्दैन, एक चुट्कीको भरमा शान्तमन अशान्तमा परिणत भइसक्छ । मानवमा सुषुप्त रीसराग जागृत भई जतिबेला दानवीयता उर्लिएर बाढी आउने हुन्छ, त्यतिबेला पनि उसले यो त्यो केही मापन नै गर्न सक्ने हुँदैन, उ जे गर्न पनि तयार हुन्छ, जस्तोसुकै हिंसात्मक गतिविधिमा संलग्न हुन तत्पर हुन्छ, त्यतिबेला नैतिक-अनैतिकतामा ख्याल गर्ने मनस्थिति पूर्णतः धरापमा पर्न सक्छ । हामीभित्र गुम्सिएर रहने क्रोध कतिबेला विष्फोट हुने हो, त्यो हामी अनुमान नै गर्न सक्दैनौं । क्रोधले उमेर भन्दैन, लिङ्ग भेद गर्दैन, भिक्षु र गृहस्थ भन्दैन, स्थानको भेद गरेको हुँदैन, समय निर्धारण गर्न सक्दैन, जहाँ साह्रो त्यहाँ अप्ठ्यारो भनेजस्तै सोच्दै नसोचेझैं क्रोध-रीस जागृत हुनसक्छ । धार्मिक उपदेश-धर्मकर्मलगत्तै स्मृति टुट्दा गुरू नै भएपनि उनमा रीस सवार नहुने भन्ने हुँदैन । मुख्यकुरा सजग-सतर्कता हो, त्यसलाई ठम्याउन सकेन भने जो कोही चिप्लिएर तीन बल्ड्याङ्ग लड्नसक्छ ।

हो, हामीले क्षमाशील हुनुपर्छ नै भनिरहेका छौं, तर रीस पलाउँदा त्यसलाई समयमैं निमिट्यान्न पार्न सकेका हुँदैनौं । आफ्नो गोरूको बाह्रै टक्का भनेजस्तै जो कसैसँग विधिव्यवहार गर्दा ऊभन्दा म के कम भन्ने प्रवृत्ति हावी हुन्छ र किन नरम हुने, किन सहने, बदला लिएरै छोड्छु भन्ने मानसिकता हामीमा सवार हुँदा त्यसलाई ठम्याउन सकिएन भने उही मात्तिएको हात्तीजस्तै सधैं क्रोधले राज गरिरहने हुन्छ । यदि मानसिक शान्तिको चाहना गर्ने नै हो भने हामीले सहनु पर्छ, धैर्य धारण गर्नैपर्छ ।

हामीलाई थाहा छ, बुद्धलाई क्षान्तिवादी पनि भनिन्छ । उनले धेरै त्याग-तपस्या गरेर बुद्धत्त्वज्ञानसहित जनमानसमा धर्मप्रचार-प्रसार गर्न सफल भए । उनले हमेसा रीसरागलाई शान्त गर्न व्यक्ति स्वयं शान्त हुनसक्नु पर्ने उपदेश संप्रेषण गरेका थिए । ४५ वर्षसम्मको धर्मप्रचार-प्रसारको क्रममा उनको परीक्षा गर्ने मनसाय राखी धेरैले उद्दण्ड विधिव्यवहार गरेका थिए । उनले दिएका विभिन्न उपदेश शैलीमध्ये रीसलाई शान्तदान्त गर्न सके स्वयंआफैलाई शान्ति प्राप्त हुने, अन्यथा रीस-क्रोधले स्वयंलाई समाप्त पार्ने



Downloaded from http://dhamma.digital/

भनी अत्यन्त रिसालु आक्रोशक भारद्वाजलाई दिएका यौटा रमाइलो कथा प्रसङ्ग मननयोग्य छ, जसभित्र जो कसैलाई प्रभावित गर्नसक्ने नैतिक गुण अन्तर्निहित भएको पाउन सकिन्छ । -(संयुत्तनिकाय, अक्कोस-सुत्त)

कुनैबेला भगवान् बुद्ध राजगृहस्थित वेणुवनको कलन्दक निवाप (विहार) मा हुँदा "भारद्वाज गोत्र-ब्राह्मण श्रमण गौतम कहाँ घर-बार छाडी अनगारिक भई प्रव्रजित भए" भन्ने समाचार सुनी आक्रोशक (आक्रोश गर्ने भारद्वाज गोत्रका) ब्राह्मण खूब रिसाए । रीसको झोंकमा बुद्धलाई असभ्य (परूष) भाषा प्रयोग गरी आक्रोश व्यक्त गरे, निन्दा गरे ।

रीसआवेग एवं आक्रोशमा तथानाम निन्दा-उपहास गरेको सुनी बुद्धले ब्राह्मणलाई सोधे– "हे ब्राह्मण ! के तिम्रो घरमा कुनै मित्र, ज्ञातिबन्धु तथा अतिथी आफन्तहरू, साथीभाई आउँछन् कि आउँदैनन् ?"

"भो गौतम ! मेरो घरमा मित्र, ज्ञातिबन्धु तथा अतिथीहरू कहिलेकाहिँ आउँछन्, आउनेक्रम जारी रहन्छ ।"

"उनीहरूलाई पाहुना सत्कारस्वरूप खानेपिउने कुरो पनि त दिन्छौ होला नि, होइन ?"

"भो गौतम ! त्यसरी सत्कार सम्मान गरिन्छ नै ।"

"यदि उनीहरूले सत्कारपूर्वक दिएको खानेकुरा ग्रहण गरेनन् भने त्यो के गर्ने नि ?"

"भो गौतम ! यदि उनीहरूले सो खानेकुरा ग्रहण गरेनन् भने त्यो आफ्नै हुन्छ, घरकैले खाने नि !"

"हे ब्राह्मण ! त्यस्तै तिमीले आक्रोश नगर्नेहरूलाई आक्रोश गर्छौ, नरिसाउनेमाथि रिसाउँछौ, झगडा नगर्नेमाथि झगडा गर्छौ; त्यो हामी ग्रहण गर्दैनौं । हे ब्राह्मण ! त्यो तिम्रै हुन्छ, सबै तिम्रै भयो ।"

"जसले आक्रोश गर्दा प्रत्याक्रोश गर्दछ, रिसाउँदा रिसाउँछ, झगडा गर्दा झगडा गर्छ, त्यसैलाई भन्दछन्– खाने र खुवाउने । त्यसैले त्यो हामी न खान्छौं, न खुवाउँछौं । अतः हे ब्राह्मण ! त्यो रीस जति तिम्रै भयो, आफै काँधमा बोकी हिँड ।"



Downloaded from http://dhamma.digital/

"भो गौतम ! तपाईं गौतमलाई राजासहित परिषद्‌हरू 'श्रमण गौतम अरहत् हुन्' तथापि तपाई गौतम रिसाउनु हुन्न ।" भनी जान्दछन् । त्यसपछि बुद्धले गाथात्मक उपदेश गर्नुभयो -

१) **"अक्कोधस्स कुतो कोधो, दन्तस्स समजीविनो ।**
**सम्मदञ्ञा विमुत्तस्स, उपसन्तस्स तादिनो ।।"**
*"नरिसाउनेलाई, दान्त समजीवीलाई, राम्ररी बुझी विमुक्त हुनेलाई, उपशान्त भई अकम्प्य हुनेलाई रीस कहाँ हुन्छ ?"*

२) **"तस्सेव तेन पापियो, यो कुद्धं पटि कुज्झति ।**
**कुद्धं अप्पटि कुज्झन्तो, सङ्गामं जेति दुज्जयं ।।"**
*"उसकै त्यसले हानि गर्छ जो क्रोध गर्नेसँग प्रतिक्रोध गर्छ । रिसाहामाथि नरिसाउनेले, दुर्जय संग्राम जित्दछ ।"*

३) **"उभिन्नत्थं चरित, अत्तनो च परस्स च ।**
**परं सङ्कुपितं ञत्वा, यो सतो उपसम्मति ।।"**
*"जसले अरू रिसाएको जानी, होश राखी सहने गर्दछ, त्यसले आफ्नो र अरूको (दुबैको) उभयार्थ हित गर्दछ ।"*

४) **"उभिन्नं तिकिच्छन्तानं, अत्तनो च परस्स च ।**
**जना मञ्ञन्ति बालोति, ये धम्मस्स अकोविदा'ति ।।"**
*"आफ्नो र अरूको (दुबैको) पनि चिकित्सा गर्नेलाई धर्म नजान्ने अज्ञानीहरू 'मूर्ख' ठान्दछन् ।"*

बुद्धको उपदेश सुनी प्रभावित भएर आक्रोशक भारद्वाज भिक्षु भए, अन्तमा अन्यतर अरहन्त भए ।


Downloaded from http://dhamma.digital/

८.

# कौवाले कान लग्यो भन्दैमा पछि पछि कुद्नु हुन्न

बुद्धलाई 'स्वतन्त्र, चिन्तन र मननका अग्रपक्षधर" मानिन्छ । बुद्धले कहिल्यै-कतैपनि स्व-सन्देश (धम-दर्शन) प्रचारार्थ विश्वास र करकापको नारा लगाएनन् । यसै पद्धत्तिलाई बुद्धिजीवीहरूले विज्ञानसम्मत धर्मका रूपमा परिभाषित गरेका छन् । धम्मपदमा उल्लेख्यअनुरूप पञ्ञावन्तस्स अयं धम्मो नायं धम्मो दुपञ्ञस्स अर्थात् बुद्धिविवेकलाई प्रयोग गर्ने प्रज्ञावानहरूका लागि देशित धर्म हो - बुद्धशिक्षा । यसउसले बुद्धशिक्षालाई प्रज्ञावानहरूको धर्मको रूपमा लिइन्छ । विज्ञाले अभूतपूर्व सफलता हासिल गरिसकेको यो विश्वपरिवेशमा समेत अझै धर्मकर्मको नाउँमा धर्मगुरू वा धर्माचार्यहरू ग्रन्थशास्त्रलाई नै हवाला दिई ती पुराना शास्त्रसम्मत जस्तो छ हुबहु मान्नु पर्छ, कुनै प्रश्न-प्रतिप्रश्न तेर्स्याउनु हुन्न भनी रटान गरिरहेमा यो अन्धश्रद्धा र अन्धभक्तिलाई बढावा दिनुजस्तै हुन्छ कि हुँदैन, यो विचारणीय प्रश्न हो ।



Downloaded from http://dhamma.digital/

कुनैपनि धर्मकर्म जसलाई हामीले दैनिक विधिव्यवहारमा प्रयोगको रूपमा अगाडि बढाउँदा हामीले विवेकबुद्धिलाई समेत ख्याल गर्नुपर्ने हुन्छ । बुद्धशिक्षालाई दैनिक जीवनमा उतार्नेहरूले विज्ञानसम्मत धर्मका रूपमा पनि चर्चा गर्ने गर्दछन् । वास्तवमा तथागत सम्यक् सम्बुद्धले आफ्नो शिक्षालाई प्रचारप्रसार गर्ने क्रममा कहिंकतै जबरजस्ती लाद्ने गरेको पाईंदैन । उनले धर्मअभ्यास प्राप्त गर्नेहरूलाई हरहमेसा बुद्धिविवेकपूर्ण तवरबाट सजग एवं सतर्कता अपनाउनु पर्ने कुरामा जोड दिएका छन् । कहिंकतै पनि आफूले प्रकाश गरेका शिक्षालाई मान्नै पर्छ भनेर कसैलाई झुक्याउने र कसैलाई लालीपप खुवाएर आकर्षित गर्ने कार्य गरेका छैनन् । कुनैपनि बेला जो कसैले बुद्ध शिक्षाप्रति आकर्षित भएर यदि त्यसबाट जीवनमा सुखशान्ति प्राप्त हुने हो भने त्यस शिक्षालाई हामीले स्वीकार गर्नसक्ने हुन्छौं अन्यथा जबरजस्ती परम्पराकै नाममा मात्र धर्मकर्म गर्दा धर्मको मर्मलाई हामीले मनन् गर्नसक्ने हुँदैनौं ।

त्यसैले तथागत शास्ताले स्पष्टतः किटानका साथ भनेका छन् - जतिसुकै सुदीर्घ परम्पराबाट जुनसुकै धर्मकर्म आइरहेको किन नहोस्, जतिसुकै मानिसहरू त्यस बारेमा ठुलठुला स्वरमा बोल्ने किन नहोस्, अझ धार्मिक ग्रन्थमैं उल्लेख गरेका कुराहरू किन नहोस्, तर्कसम्मत, अनुमानसम्मत, जो कसैबाट अनुमोदित, परीक्षित या अत्यन्त आकर्षक व्यक्तित्व भनौं वा पूज्य आचार्यगुरूवरका श्रीमुखबाट उपदिष्ट धर्मव्याख्यान किन नहोस्, ती यावत् कुरालाई तबसम्म नमान जबसम्म आफ्नो अनुभवी ज्ञानले थाहा हुँदैन कि यो राम्रो हो, कुशल हो, दोषरहित छ, यसले दुःख हुँदैन, यसले अहित गर्दैन् । यी यावत् पक्षमा कुनैपनि प्रश्न उठान गर्नै नहुने, जे भने पनि आँखा चिम्लेर स्वीकार्नु पर्ने, पुरानो र धार्मिक मान्यता भन्ने वित्तिकै त्वम् शरणम्को रूपमा स्वीकार्नु पर्छ भन्ने हुँदैन । सन्देह र शङ्का उपशङ्का रहुन्जेल त्यसप्रति प्रश्न उठाउने, आफ्नै स्वविवेकले अभ्यास गरेर ठिक लाग्छ भने मात्र कुनै पनि कुरालाई स्वीकार गर्न स्वतन्त्र हुने शिक्षालाई हामीले वैज्ञानिक शिक्षाको रूपमा परिभाषित गर्न सक्छौं । तथागत शास्ताले कालामहरूलाई निर्दिष्ट



Downloaded from http://dhamma.digital/

उपदेशलाई बौद्धिक क्षेत्र वा विचारकहरूको गम्भीर आकाशमा एक यस्तो विद्युतरेखाजस्तो सावित भएको छ, जसले सदासर्वदा आयामिक प्रकाश दिइरहेकै हुन्छ । त्यसैले बुद्धशिक्षालाई सार्वजनीन, सार्वकालिक एवं सार्वभौमिक मानवीय हितसुखको धर्मको रूपमा समेत परिभाषित गर्न सकिन्छ । यस विषयलाई निम्न उल्लेख्य सूत्रबाट अझ प्रष्ट्याउन सकिन्छ ।

तथागत शास्ता शिष्यहरूसहित आफ्नो चारिकासँगै कोशल राज्यमा अवस्थित केशमुक्त नामक गाउँमा पुगेको हल्ला गाउँका कालामहरूले थाहा पाए । "तथागतको कल्याणकीर्ति यसरी गाउँभरि फैलियो– "वहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत (असल ठाउँमा पुगेको) हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरूषदम्य सारथी हुनुहुन्छ, देव–मनुष्यको शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ ।"

केशमुक्तवासीहरूले जानेबुझे अनुसार, तथागत शास्तालाई दर्शन गरी आदर सम्मानभाव प्रकट गरे । धार्मिक भेटघाटमा औपचारिक–अनौपचारिक तवरले सुखदुःखका कुराहरू गरिए । दर्शनभेटकै सिलसिलामा उपस्थित कालामहरू मध्ये कसैकसैले जिज्ञासायुक्त ढङ्गले मनभरि गुम्सिएका प्रश्नसोधे– "यस केशमुक्तिमा थरिथरि श्रमण–ब्राह्मणहरू आउँछन्, सबैले आफ्नै गुणगान–बखान गर्छन् र अरूलाई होच्याउने, आफ्नो मत–अभिमत, धर्मसाधना–अभ्यास मात्रै सही, अन्य सबै गलत हुन्छन् भनी आफ्नै पक्षपोषण गर्ने, आफ्नै धर्म–सिद्धान्त–मतलाई प्रकाशित गरी त्यसैलाई ज्वलन्त पुष्टि गर्ने धृष्टता गर्छन् । अरूको मतवादलाई होच्याउने–घोचपेच गर्ने, चोट पुऱ्याउने, घृणा गर्ने, निकृष्ट सावित गर्नेजस्तै विधिव्यवहार हेर्दा सुन्दा हामी आजित भयौं, के हो कसो हो हैरान भइसके । त्यसैले तिनीहरूको डम्फु बजाउने प्रवृत्तिका कारण हामी कालामहरू झन् अलमलिएका छौं, सही गलत ठम्याउन, उचित अनुचित छुट्याउने भुमरिमा रूमल्लिएझैं भइरहेछ तथागत शास्ता ! उनीहरू श्रमण–ब्राह्मणमध्ये को सत्य को झूटो भन्ने सही मूल्याङ्कन गर्न नसक्दा हामीभित्र शङ्का–उपशङ्का जागेको छ, सन्देह प्रवृत्ति जटिल हुँदैछ । त्यसैले के गरौं शास्ता ?!"



Downloaded from http://dhamma.digital/

धेरै समयदेखि कालामहरूको मनमा सल्किरहेको सन्देह-शङ्कायुक्त प्रश्नहरू ध्यानपूर्वक सुनिरहेका तथागतले जिज्ञासु एवं जवाफ सुन्न आतुर कालामहरूलाई रचनात्मक परिवर्तनमुखी जवाफ यसरी वर्षा नै गरे-

- (अंगुत्तरनिकाय, ३. तिकनिपात-७. केसमुत्तिसुत्त)

"कालाम हो ! शङ्का गर्नु, सन्देह जनाउनु योग्य छ, स्वाभाविक नै हो । त्यसैले कालामहरू ! तिमीहरूले-

१) पहिल्यदेखि सुन्दै आइरहेको (अनुश्रवण) कुरा भन्दैमा स्वीकार नगर (**मा अनुस्सवेणु**),

२) परम्परागत मूल्यमान्यता भन्दैमा स्वीकार नगर (**मा परम्पराय**),

३) यसरी नै भनिएको भन्दैमा स्वीकार नगर (**मा इतिकिरियाय**),

४) पिटक-ग्रन्थमा उल्लेख गरिएको (ग्रन्थ प्रतिपादन) भन्दैमा स्वीकार नगर (**मा पिटकसम्पदानेन**),

५) तर्कसम्मत छ भन्दैमा स्वीकार नगर (**मा तक्कहेतु**),

६) न्यायसम्मत छ भन्दैमा स्वीकार नगर (**मा नयहेतु**),

७) आकार-प्रकार राम्रो छ भन्दैमा स्वीकार नगर्नु (**मा आकारपरिवितक्केन**),

८) यो त हाम्रो मतको अनुकूल छ भन्दैमा स्वीकार नगर (**मा दिट्ठिनिज्भानक्खन्तिया**),

९) प्रवचक वा भन्ने व्यक्ति आकर्षक व्यक्तित्वका हुन् भन्दैमा स्वीकार नगर (**मा भब्बरूपताय**),

१०) प्रवचक हाम्रो श्रमण पूज्य छन्, अतीव गौरवनीय ब्यक्तित्व हुन् भनेर स्वीकार नगर (**मा समणो नो गरूति**) ।"

- "त्यसैले कालामहरू हो ! जतिबेला तिमीहरू आफै जान्ने बुझ्ने (**अत्तनाव जानेय्याथ**) हुन्छौ कि- यी धर्महरू अकुशल हुन्, यी धर्महरू सदोष छन्, यी धर्महरू विज्ञजनबाट निन्दित-आलोच्य छन्, यी समस्त धर्मअनुसार अगाडि बढ्दा अहित हुन्छ, दुःख हुन्छ भने तिमीहरूले त्यसलाई चटक्कै त्याग गर ।"

तथागतले कालामहरूलाई पुनः प्रश्न सोधे-



Downloaded from http://dhamma.digital/

– "कालामहरू ! मानिसभित्र जुन लोभ द्वेष, मोह उत्पन्न हुन्छ, के त्यसले हित गर्छ वा अहित गर्छ ?"

– "ती सबै अहितका लागि नै उत्पन्न हुन्छन् त्यसैले अहितकर हुन्छ शास्ता ।"

– "जो लुब्धभई लोभी हुन्छ, लोभले अभिभूत हुन्छ, उ त्यसैको वशमा परी असंयत हुन्छ...... द्वेषी-क्रोधी हुन्छ, द्वेषभावले अभिभूत (दूषित) हुन्छ, उ त्यसैको वशमा परी असंयत हुन्छ....... जो मोहले मूढित हुन्छ, मोहद्वारा अभिभूत हुन्छ, त्यसैको वशमा परी असंयत हुन्छ, त्यस्ताले कसैको हत्या पनि गर्छन्, चोरी पनि गर्छन्, व्यभिचारीणी पनि हुन्छन्, झूटो पनि बोल्छन् र अरूलाई समेत त्यस्तै अकुशल कुकर्म गर्न प्रेरित गर्छन्, अरूलाई पनि त्यस्तै कार्यमा लगाउँछन्, यस्ता धर्म-विधिव्यवहारले दीर्घकालसम्म अहित नै हुने गर्छ, उल्टो मार्ग निर्देशन गरिरहेको हुन्छ ।"

– त्यसैले "कालामहरू ! जुन धर्म वा विधिव्यवहार अकुशल छन्, सदोषयुक्त छन्, विज्ञजन-जान्नेबुझ्नेहरूद्वारा निन्दित हुन्छन्, त्यस्मा आँखा चिम्लेर लाग्दा, एकोहोरो रूपमा, त्यस्को भक्त हुँदा, एकलकाँटे अनुयायी हुँदा त्यसले सुखी होइन बरू दुःखी बनाउँछ, हित होइन अहित गर्छ । तर स्वय्मले धर्मलाई जानी बुझी यी धर्महरू कुशल छन्, निर्दोष छन्, विज्ञजनद्वारा प्रशंसित छन्, यसै धर्ममा लाग्दा हित हुन्छ, सुख प्राप्ति हुन्छ भने त्यसलाई ग्रहण गरी आचरण गर ।"

– "कालामहरू ! अवैरचित्त, अव्यापाद चित्त, प्रदूषणरहित चित्त र विशुद्ध चित्त गरी चार प्रकारका दृष्टान्त धर्मको आश्वासन प्राप्त हुन्छ ।"

यसरी उपरोक्त उपदेशात्मक संवादपछि कालामवासीहरूले सन्देश-शङ्का-उपशङ्कालाई चिरेर दूरगामी सुखशान्तिको मार्ग अपनाउने निधो गरे । वास्तवमा हामी धर्म-संस्कृतिको नाउँ जपेर कतातिर डोहोरिएका छौं, कुन कित्ताको भित्तामा थच्किएका छौं, सही वा गलत बाटो कतातिर रूमल्लिएको हो भन्ने तथ्यलाई स्वयं हामीले मूल्याङ्कनसहित अगाडि बढ्ने चेष्टा गरिरहनु पर्छ । जीवन-मुक्ति र कर्म-शुद्धिलाई उद्देश्य गर्ने हो भने पनि उपरोक्त तथागत शास्ताले स्पष्ट आज्ञा गरेका मार्ग-दर्शनलाई पछ्याउने काम-कर्तव्य



Downloaded from http://dhamma.digital/

हाम्रो दायित्वअन्तर्गत पर्छन् भने त्यसको अनुगमन स्वयं हामीबाटै हुनुपर्छ । अरू कसैले सुझाउने-बुझाउने, मार्ग प्रशस्त गर्ने भनेको निश्चित अवधिका लागि बाहेक सदापर्यन्त हुन सक्दैन । कागले कान लग्यो भनी कसैले भन्नेवित्तिकै कुद्नुभन्दा हो होइन भन्ने वास्तविकता पहिल्याउनु उचित हुन्छ । यसउसले व्यवहारतः स्वयं-आफै धर्म-व्यवहारको कार्य क्षेत्रमा नउत्री, भावितामयी अभ्यासलाई निरन्तरता नदिई, आफै प्रत्यक्ष संलग्न सरोकार राख्ने उद्योगी नभइकन सही मार्गलाई सहीरूपमा पछ्याउन कठिन हुँदोरहेछ भन्ने तथ्यलाई तथागतवाणी "**अत्तनाव जानेय्याथ**" अर्थात् आफैले जान्ने-बुझ्ने निरन्तर अभ्यासको जरूरत पर्छ भन्ने उपदेश प्रवाहबाट स्पष्ट हुन्छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

१.

# उनकै शब्दमा : बुद्ध को हुन् ?

कुनै बेला भगवान बुद्ध कोशलराज्यको उक्कट्ठा (उत्कृष्ठ) नगर बाट सेतव्य नगरतिर जाँदै हुनुहुन्थ्यो । श्रावस्तीबाट निकटतम नगर सेतव्य थियो । सेतब्य भएर नै श्रावस्ती जानु पर्दथ्यो । सेतब्यको उत्तरतिरको हिमालय पहाडको छेउमा उक्कट्ठा (उत्कृष्ठ) नगर थियो ।

अङ्गुत्तर अर्थ कथानुसार द्रोण ब्राह्मण यश र कीर्तिले सम्पन्न थिए । यिनी धर्मशास्त्र, ब्याकरण, इतिहास र लक्षण शास्त्रमा निपुण थिए । एक दिन यी पाँचशय शिष्यहरूका साथ बहुमूल्य लुगाहरू लगाई उक्कट्ठाबाट कुनै कामको निम्ति निस्के । जाँदा जाँदै बाटोमा उनले भगवान् बुद्धको पदचिन्हमा चक्राङ्कित रेखा देखेर द्रोण ब्राह्मण आश्चर्य चकित भए । अनि भगवानलाई भेट्टाउन उक्त पदचिन्हको पीछा गरे । पदचिन्हको पछि लाग्दै जाँदा एक रूखमुनि बुद्धलाई देखेर द्रोणले जिज्ञासायुक्त प्रश्न गरे कि–

'तपाई देवता हुनुहुन्छ कि इत्यादि सोधिएका प्रश्नको जवाफ दिंदै बुद्धले द्रोण ब्राह्मणको जिज्ञासा शान्त पारेका थिए । बुद्धले आफ्नो परिचय आफैले प्रस्ट पारेका उत्तर स्मरणीय छ । (अंगुत्तर निकाय, दोणसुत्त ।)


Downloaded from http://dhamma.digital/

कुनैबेला बुद्ध हिंडेकै बाटो भई द्रोण ब्राह्मण जाँदै थिए । अनि द्रोण ब्राह्मणले बाटोमा, बुद्धको पदचिन्हमा चक्राङ्कित रेखा देखे । सो चक्रचिन्हमा हजारवटा आरा (तेर्सो रेखा) र भित्री तथा बाहिरी गोलाई रेखा पनि राम्ररी देखिन्थ्यो । यस्तो देखेर उनको मनमा यस्तो लाग्यो :–

"आश्चर्य ! अद्भूत ! ! यो पद-चिन्ह मनुष्यको हुनै सक्दैन !"

त्यस बखत भगवान् बाटो छोडेर एक रूखमुनि स्मृतिसहित पलैटीकसी ध्यान-मुद्रामा बसेका थिए । द्रोण ब्राह्मणले उक्त पद-चिन्ह हेर्दै जाँदा, उनले एक रूखमुनि प्रसन्न तथा सुन्दर मुद्रामा, दर्शनीय लीलामा, शान्त चित्तले, उत्तम-दमथ-समथ-अनुप्राप्त गरी अर्थात् दान्तेन्द्रिय, गुप्तेन्द्रिय, संयतेन्द्रिय भई महापुरूष लीलाले पलेटी मारी बसिरहेका भगवान्लाई देखे । अनि जहाँ भगवान् बसेका थिए त्यहाँ गई भगवान्सँग निम्न कुरा सोधे–

"तपाई देवता हुनुहुन्छ कि ?"

"हे ब्राह्मण ! न म देवता हुँ ।"

"तपाई गन्धर्व हुनुहुन्छ कि ?"

"हे ब्राह्मण ! न म गन्धर्व हुँ ।"

"तपाई यक्ष हुनुहुन्छ कि ?"

"हे ब्राह्मण ! न म यक्ष नै हुँ ।"

"त्यसो भए तपाई मनुष्य हुनुहुन्छ कि ?"

"हे ब्राह्मण ! न त म मनुष्य नै हुँ ।"

द्रोण :–"देवता हो कि' भनी सोध्दा, 'देवता होइन'; 'गन्धर्व हो कि' भनी सोध्दा, 'गन्धर्व पनि हुने होइन'; 'यक्ष हो कि' भनी सोध्दा, 'यक्ष पनि होइन'; 'मनुष्य हो कि' भनी सोध्दा, 'मनुष्य पनि होइन' भनी भन्नुहुन्छ । त्यसोभए तपाई के हुनुहुन्छ त ?"

"ब्राह्मण ! जुन मेरा आस्रवहरू हुन् यदि ती अप्रहीण भएका भए देवता पनि हुने थिएँ, अब ती मेरा आस्रवहरू क्षय भैसके, तालवृक्ष छेदनभैं जरैसमेत उखेली फ्याकिदिई सकें, पुनः सम्भव तथा उत्पन्न नहुने गरिसकें । जुन मेरा आस्रवहरू छन् यदि ती अप्रहीण भएका भए गन्धर्व पनि हुने थिएँ, ...यक्षपनि हुने थिएँ, ...मनुष्य पनि हुने थिएँ । अब ती मेरा आस्रवहरू क्षय



Downloaded from http://dhamma.digital/

भैसके, तालवृक्ष छेदन भैं जरै समेत उखेली फ्याकिदिई सकें, पुनः सम्भव तथा उत्पन्न नहुने गरिसकें । जस्तो कि उत्पल वा पद्म वा पुण्डरिक फूल पानीमा उत्पन्न भई, पानीमै संवर्द्धन भई, पानीले छुननसक्ने गरी, पानीभन्दा माथि आई बस्दछ, त्यस्तै गरी म, यस लोकमा जन्मी, यसै लोकमा संवर्द्धन भई, यस लोकलाई जिती, लोकले छुन नसक्ने गरी बसेको छु । हे ब्राह्मण ! त्यसैले मलाई बुद्ध भनी जान ।"

यसपछि पुनः निम्न गाथा प्रकाश पारे :

**१– "येन देवूपपत्यस्स, गन्धब्बो वा विहङ्गमो ।**
**यक्खत्तं येन गच्छेय्यं, मनुस्सत्तं च अब्बजे ।**
**ते मय्हं आसवाखीणा, विधस्ता विनली कता ॥"**

**२– "पुण्डरिक यथा वग्गु, तोयेन नुपलिम्पति ।**
**नुपलिम्पामि लोकेन, तस्मा बुद्धोस्मि ब्राह्मण'ति ।"**

अर्थ :– १– "जुन हेतुले देवता, गन्धर्व वा विहङ्गम हुने हो अथवा जुन हेतुले यक्षत्वमा वा मनुष्यत्वमा जाने हो; ती मेरा आस्रवहरू क्षीण भईसके, विध्वशं भईसके, बन्धनबाट मुक्त भईसके ।"

२– "जस्तो पुण्डरिक-फूल पानीले छुन नसक्ने गरी पानीभन्दा माथि गएको हुन्छ, त्यस्तै मलाई लोक-धर्मले छुन सक्दैन; त्यसो हुनाले, हे ब्राह्मण ! म बुद्ध हुँ ।"

स्रोत : आचार्य भिक्षु अमृतानन्दकृत "बुद्धकालीन ब्राह्मण भाग-१"


Downloaded from http://dhamma.digital/

१०.

# सबैको प्रेम सुखद् हुँदैन

वस्तुतः जीवन र जगतलाई बुझ्ने अभिप्राय हुँदैमा मात्र सफलतापूर्ण तवरले आफूभित्र सुखशान्ति संचार गर्न सक्ने हुँदैन । त्यसका लागि हामी स्वयम्ले प्रयत्न गर्नुपर्छ, सूझबूझ तवरबाट अगाडि बढ्ने चेष्टा गर्नुपर्छ । हामीले जीवनमा सुखशान्तिलाई प्राप्त गर्नका लागि केही न केही उपाय रचिरहेका हुन्छौं, केही न केही साधना गरिरहेका हुन्छौं, उपायकौशलको खोजीमा लागिरहेका हुन्छौं । जीवनमा वास्तविक सुख केलाई भन्ने ? कुन अवस्थालाई हामीले यही हो शान्ति भनेर निक्र्यौल गर्ने, यो ठम्याउन गाह्रो छ । जसरी यसैलाई सुख भनिन्छ, यही नै शान्ति हो भनेर औंला ठड्याएर भन्न सकिरहेका हुँदैनौं, त्यसरी जीवनको परिभाषा यही हो - त्यही हो भन्न सकिरहेका हुँदैनौं । सुखशान्ति, सौन्दर्यतालाई जुन रूपमा भोगिरहेका हुन्छौं, यानिकी त्यसलाई आफूले सहज ढङ्गबाट अनुभूतिद्वारा प्राप्त गरिरहेका हुन्छौं कि त्यतिबेला आफूलाई राम्रो लाग्छ, सहीजस्तो आभाष हुन्छ, सजिलो सहज ढङ्गबाट जीवन गुजारा भइरहेको जस्तो अनुभूति हुन्छ भने त्यसैलाई सुखको रूपमा, शान्तिको रूपमा सौन्दर्यका रूपमा हामीले परिभाषित



Downloaded from http://dhamma.digital/

गरिरहेका हुन्छौं । वास्तवमा प्रत्येक मानिसको जीवनमा कुनै न कुनै रूपबाट बहार छाइरहेको हुन्छ नै, तर त्यो सदाबहारको रूपमा अगाडि बगिरहँदैन । जीवनमा कुनै एउटा यस्तो समय आइलाग्छ, जतिबेला आफूले आफैलाई ठम्याउन सकेका हुँदैनौं भने उत्पत्ति र विनाशको विधिविधानलाई कसरी ठम्याउन सक्ने हुन्छौं ? जीवनमा यस्ता अनेकौं अभिन्न प्रतिप्रश्न तेर्सिन्छन् ।

वास्तवमा उत्पत्ति हुने, विनाश हुने, जुन स्वभाव धर्म छन्, जुन प्रकृया छ, त्यसलाई नजानिकन, नबुझिकन हामी सयवर्षै बाँचौं न ! त्यसको कुनै अर्थ रहन्न । तर उत्पत्ति-विनाशरूपी स्वभावधर्मलाई हामीले जान्ने प्रयत्न गर्छौं, संकल्प गर्छौं, कोशिस गरिरहेका हुन्छौं, त्यसलाई साक्षात्कार गरेर बुझेर चाहे एकैदिन मात्र किन नहोस्– त्यसरी बाँच्नुको सार्थकता रहन्छ, त्यो श्रेष्ठमय जीवन हुनसक्छ ।

बुद्धकालीन विरहब्यथाकी रानी पटाचाराको जीवनले पनि यही कुरालाई पुष्टि गरेको छ । प्रेमपूर्ण संयोगले अगाडि बढेको उनको जीवन वियोगान्तसँगै तितरवितर भयो । यता न उता भौंतारिने अवस्थामा पुगी, आफ्नो मानसिक स्थितिलाई समेत सन्तुलनमा राख्न सकेन । त्यस्तो कहालिलाग्दो अवस्थामा गुज्रिसकेको कारूणिक जीवनमा तथागत शास्ताको मिलनपछि, दर्शनभेटपछि सर्वथा यौटा नयाँ जीवन पायो । यस उसले हामीले पनि प्रत्येक जीवनको पाइलामा सूझबूझकासाथ सजग एवं सतर्कतालाई निरन्तर रूपमा प्रवाहित गर्न सक्नुपर्छ, अप्रमादी भएर बाँच्ने जमर्को गर्नुपर्छ । उत्पत्ति र विनाशको जुन नीतिनियम-स्वभाव छ, त्यसलाई बुझ्ने प्रयत्न गर्नुपर्छ । अनि हामीले जीवन र जगतलाई सामीप्य ढङ्गबाट बुझ्नसक्ने हुन्छौं ।

**यो चे वस्ससतं जीवे, अपस्सं उदयब्बयं ।**

**एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ।।** – (धम्मपद, ११३)

उदयब्यय अर्थात् उत्पत्ति र विनाश स्वभाव-धर्मलाई आत्मसात नगरिकन सयौंवर्षसम्म बाँचेर पनि त्यसको कुनै अर्थ रहन्न । तर त्योभन्दा पनि कयौं गुणाबढी जस्ले उदयब्यय धर्मलाई बुझेको हुन्छ, आत्मसात



Downloaded from http://dhamma.digital/

गर्नसकेको हुन्छ, चाहे त्यो एकदिन मात्रै किन नहोस्, त्यो महत्त्वपूर्ण उत्तम जीवनको रूपमा अगाडि बढेको हुन्छ ।

उपरोक्त उल्लेख्य विषयलाई बुद्धकालीन कथानक घटनाक्रमअनुरूप यसरी जीवन्तता दिन सकिन्छ–

बुद्धकालीन त्यो समयमा कोशल राज्यको संवृद्धशाली श्रावस्ती नगर जहाँ अनेकौं धनाढ्य सम्भ्रान्त परिवारहरू बस्ने गर्दथे । करौडौंको मालिक सम्भ्रान्त परिवारमा जन्मिएकी पटाचारा, जो एक्ली छोरी, राम्री छोरी, प्यारी छोरी, जस्को बाल्यजीवन एकदमै लाडप्यारमा हुर्किएको थियो । उनको सम्भ्रान्त परिवारमा एउटा छोरा, एक्ली छोरी हरकुराहरू व्यवस्थित रूपमा अगाडि बढिरहेको थियो, प्रतिष्ठित जीवन सामाजिक मूल्यमान्यतालाई मर्यादित रूपमा अगाडि बढाउनुपर्ने भएकोले त्यो परिवारमा कडाइका साथ विधिव्यवहार हुनेगर्थ्यो । घरमा कामगर्ने नोकरचाकरहरू थुप्रै थिए । पटाचारा विस्तारै हुर्किन्, लक्का जवानी, टिनेजर चुलबुले कुखुरे वैंशमा प्रवेश गरेलगत्तै प्राकृतिक रूपमा, शारीरिक रूपमा, मानसिक रूपमा धेरै परिवर्तन देखिए ।

आखिर कुनैपनि परिवारमा हुर्किएको छोराछोरी किन नहोस् मन न हो हुर्कंदै बढ्दै जाँदाखेरि यौवनमत्ता र त्यससँगै पनि चञ्चल चुलबुले वैंशको कारणले सताउने हुन्छ । विपरीत-लिङ्गप्रति पटाचाराको झुकाव आकर्षण बढ्नु अस्वाभाविक थिएन, आफ्नै घरमा कामगर्ने यौटा नोकरसँग हेमखेम बढ्यो, माया-प्रीति बस्यो, भावनात्मक रूपमा उनीहरूबीच प्रेम साटासाट भयो, आपसी मायाममता स्नेह यति अगाढरूपमा अगाडि बढ्यो कि दुई मुटु यौटै भएर आपसमा छुट्टिएर बस्नै नसकिने परिस्थिति बन्यो । यद्यपि उनीहरूको शार ीरिक एवं मानसिक आकर्षणयुक्त त्यस्तो प्रेमपूर्ण सम्बन्ध गोप्य थियो, परिवार पूर्णतः अनभिज्ञ रह्यो । वास्तवमा उनीहरूबीच शारीरिक रूपमा जुन आकर्षण देखियो, त्यसले आफ्नो परिवार, सम्पत्ति, जातजातीयता, क्षेत्रीयता कुनैपनि विषय गौण भयो । प्रेम अन्धो हुन्छ भनेजस्तै उर्लंदो जवानीसँगै कस्सिएको आसक्तियुक्त प्रेमातुर समुद्री छालभित्र मडारिनु अनि त्यसपछि



Downloaded from http://dhamma.digital/

आँधीतुफानबीच वर्जित सामाजिक मूल्यमान्यतालाई समेत केही ख्याल नगरिएको जस्तै भयो । आसक्तयुक्त व्यवहारभित्र त्यसको कुनै सरोकार हुने कुरै हुँदैन, बस् उनीहरू एउटै कुरामा मात्र लीन थिए– जसरी हुन्छ एक हुने, सँगै जिउने सँगै मर्ने वाचालाई सार्थकता दिने । कसैले अन्धो प्रेमकै रूपमा आलोचना गरोस्, त्यसको कुनै पर्वाह नराखी उनीहरू द्रूतगतिमा आपसी प्रेमपूर्ण जीवनलाई साकाररूप दिन अगाडि बढे ।

भरखरकी नौजवान, आकर्षक यौवन-मत्तामा प्रवेश गरेकी पटाचारालाई आमाबाबुले हुने खाने यौटा प्रतिष्ठित सम्भ्रान्त परिवारकै छोरासँग बिहे गरिदिने चाँजोपाँजो मिलाए, पटाचाराले सबै कुरा थाहा पाइन् । उनी झँल्यास्स बिउँझेझैं, रूखबाट बाँदर खसेझैं झस्किन्, भावनात्मकरूपमा उनलाई ठूलो धक्का लागेको महसूस भयो, त्यसपछि नानाथरी कल्पनामा डुबिन् । कोरा ईच्छा, आफ्नो मनमा बुनिसकेको धेरै कल्पनारूपी आकाश छुने गगनचुम्बी घर बनाइसकेकी उनी भित्रभित्रै डराइन्, कतै त्यो कल्पनामा ठेस पुग्ने त होइन, त्यो कल्पनारूपी महल भत्किने त होइन ? यसरी उनको भावनामा, दीनचर्यामा सोच्दै नसोचिएझैं भुईंचालो आउने संकेत देखियो । भय र डरत्रासले उनलाई खूब सताउन थाल्यो, निंद्रा लाग्दैनथ्यो । एकदिन आमाले पटाचारालाई फलाना फलाना केटोसँग तिम्रो विवाह छिनिसकेको जानकारी गराउँदा भने पटाचारा अब चैनकासाथ निदाउन सकिनन्, पानी विनाको माछाझैं छटपटाइन्, बाँच्नै गाह्रो हुने भयो, हतासभई प्रेमीलाई उनले सुटुक्क भनिन्–

"हेर ! हामीबीच भावनात्मक रूपमा जुन प्रेमको टुसा पलाएको छ, त्यसलाई फलाऔं-फुलाऔं, मलजल दिऔं, त्यसलाई साकार रूप दिऔं । मौका यही हो ! होइन भने मलाई कुनैपनि बेला अर्कैसँग बिहे गरिदिने निधो गरिसकेका छन् । त्यसैले जसरी हुन्छ मलाई तिमीले आफ्नो घर लान तयार होऊ, मलाई भगाई लानू, जुनसुकै रिश्क मोलेर म तिमीसित आउन तयार छुं ।" नोकरको आफ्नै बाध्यता छ, आफ्नो घर सम्झिन्छ– "त्यस्तो अनकन्टार विकट ठाउँमा कसरी लगूँ ? अहिले त उनी भावनात्मक रूपमा


Downloaded from http://dhamma.digital/

तयार छिन्, मानसिक रूपमा तयार छिन्, भोलि भविष्यमा त्यो पुनः वस्तुगत स्थिति देख्दाखेरि उनी तयार हुनसक्छिन ? उनी डराएर भागिन् भने के गर्ने ?" मनमा अन्तरद्वन्द्व छाउँछ, तर पनि उसले आँट्यो । "ठीक छ, भोलि विहान म फलाना ठाउँमा गएर कुर्छु, तिम्रै प्रतिक्षामा रहनेछुँ, जसरी भएपनि आउनू" भनी उ त्यहाँबाट भाग्यो ।

त्यसो त पटाचारालाई संरक्षणको लागि सातलले घरको माथिल्लो बुँइगल कौसीमा राखिएको थियो तर पनि मायाप्रेम, स्नेह जुन आसक्ति ढङ्गबाट कस्सिएर आयट्याचमेन्टको रूपमा अगाडि बढ्छ, त्यतिबेला कसैले त्यसलाई फुत्काउन-भत्काउन गाह्रो हुन्छ । कसैले फुत्काउन खोज्छ त त्यहाँ विद्रोह बुलन्द हुनसक्छ । त्यसैले जबरजस्ती होइन, यसलाई समन गर्न नियन्त्रण गर्नका लागि बुद्धी पुऱ्याएर, अक्कल पुऱ्याएर समाधानको उपाय पहिल्याउनु पर्छ भनेर हामी भनिरहेका हुन्छौं । पटाचाराको संरक्षित जीवनलाई कसैले रोक्न सक्दैन, सपनाको राजकुमार, भविष्यको हुनेवाला जीवन साथीलाई पाउने, नयाँ प्रेमपूर्ण जीवन गुजारा गर्ने बारे रातभर विभिन्न कल्पनामै डुबिन्, काल्पनिक संसारमै कताकता भौंतारिन्, एकपल पनि निंद्रै लागेन । झिसमिसे विहानीसँगै नयाँ राम्रो लुगा होइन, पुरानो च्यातिएका लुगा लगाइन्, कति न घरमा बढार्ने जस्तै गरी उनी भागिन् । प्रतिक्षामा प्रेमीलाई भेट्दा खुसीको सीमा रहेन, नयाँ जीवनको टर्निङ्ग प्वाइण्टमा उभिएको नयाँ जीवनले नयाँ गति लिने भयो– "तयार छौ ?" – "म तयार छुँ ।" – "जाऔं हिंडौं अबेर नगरौं ।" केटोले पटाचारालाई आफूसँगै विकट गाउँमा लगे ।

नयाँ परिवेश, नौलो जीवन पद्धत्ति, गाउँको साधारण जीवनमा प्रवेशसँगै आखिर त्यहाँ पटाचाराले सम्पूर्ण कुरा भुल्नुपऱ्यो, त्यो उनको बाध्यता पनि थियो, जसलाई उनले आफ्नो जीवन साथी भनेर स्वीकार गरिन्, अब त्यस घरमा गर्नुपर्ने भोग्नुपर्ने यावत संघर्षहरूलाई आत्मसात गर्नैपऱ्यो, गर्न पनि उनले त्यसै गरिन् । माइतमा खूब मस्तिकासाथ हुर्किएकी, कुनै काम नगरी सबै काम नोकरचाकरबाटै परिपूर्ण हुने बिल्कुल त्यस्तो अवस्था अब रहेन र पनि उनी सन्तुष्टीका साथ आफ्नो जीवनसाथीसँग


Downloaded from http://dhamma.digital/

जेजस्ता कृयाकलाप गर्नु परेपनि समर्पित भई घुलमिल हुँदै नयाँ जीवन अगाडि बढाइन् । समयको अन्तरालसँगै पटाचारा गर्भवती भइन्, झण्डै दशमहिना पुग्नलागेको थियो, त्यतिबेला माइतजान खूब ईच्छा गरिन् । पहिलेदेखि नै माइत जान्छु, माइतीमैं बच्चा पाउँछु भन्ने सोचेकी थिइन् र धेरै पटक अनुमति मागेकी थिइन् । तर पनि माइतीजाने अनुमति पाइनन् । अनुमति दिनु पनि कसरी ? केटाको आफ्नै बाध्यता छ, उनी माइती गइन् भने त्यहाँकाले घर थाहा पाउलान् अनि बबाल गर्न आउलान्, सम्भ्रान्त परिवार न हो ! के गर्लान, कसो गर्लान् भन्ने त्रास थियो । त्यसैले स्पष्टै भन्यो– "हेर ! पटाचारा माइतजाने कुरै नगर, यसमा म राजी छुइनँ ।" एकदिन पटाचारा आफ्नो श्रीमान जङ्गलतिर दाउरा खोज्न गइरहेकै मौका छोपी माइती जान्छु भनी भागिन् । केटो घर फर्किंदा पटाचारा हुँदैन, यता हेऱ्यो उता हेऱ्यो कतै हुँदैन, पटाचारालाई भेट्टाएरै छोड्यो, खूब कर गर्छिन् माइत जान, तर बीच बाटैमा व्यथा भयो, प्रसव वेदनापछि बाटैमा बच्चा जन्माइन्, त्यसपछि पटाचाराले सोचिन् जे कामको लागि माइती जान्छु भनेर भागेर आएँ, बाटैमा पूरा भयो, अब जान्न भनी केटाकै घर फर्किन् ।

मायाप्रीति, भावनात्मक–आत्मिय निकटता फलस्वरूप पाएको त्यो बच्चा, बाह्य संसारलाई बिर्सेर सानो झुपडीलाई नै प्यारो संसारको रूपमा सुखदुःख बाटेर जीवीकोपार्जन गरिरहे ।

केही वर्ष बित्यो, पटाचारा पुनः गर्भवती भइन्, अब जसरी भएपनि माइती जान्छु, त्यहीं बच्चा जन्माउँछु, मेरा आमाबुबाले मलाई स्वीकार्ने नै छन् भन्ने सोचमा डुबिन् । त्यसो त प्रत्येक छोरीले विबाह भैसक्दा चाहे त्यो भागेरै वा मागी विबाह नै किन नहोस्, उनीहरूको लागि भरपर्दो सहारा भनेको माइती नै हुन् । यो मान्यता त्यतिबेला थियो, अहिले छ र भोलि पनि रहिरहने छ । त्यसैले पटाचाराले पनि सोचिन्– "आखिर आमाको मन न हो ! उनीहरूकै छोरी हुँ म, मलाई कसरी स्वीकार नगर्लान् ? म जान्छु, जसरी भएपनि जान्छु ।" पहिलेजस्तै अनुमति मागेकै थिइन् तर हुँदैन भन्ने जवाफ पाइन् । गर्भवती पटाचारा पहिलेजस्तै भाग्न सफल भइन् । भरखरै हिनहिनाउन


Downloaded from http://dhamma.digital/

थालेको, तोते बोलीसँगै आमा र बा मात्र भन्न जानेको छोरालाई कहिले बोक्दै कहिले हातको औंलाले डोऱ्याउँदै गइन् । केटो मान्छे घर आइपुग्दा पटाचारा हुँदैन, पहिलेजस्तै भागेकीलाई जसरी भएपनि फर्काउँछु भनी तुफानले हुँइकियो । धेरै पर पुगिसकेकी पटाचारालाई बाटोमा भेट्टाए, घर फर्किन करकर गरे, तर मान्दै मानिनन् । त्यतिबेला आकाशमा कालो बादल मडारिरहेको थियो, घनघोर वर्षा भयो, घर फर्कन झन् जटिल भयो ।

जङ्गलमैं रात काट्नुपर्ने अवस्था श्रृजना भयो, संयोग यस्तै भयो पहिलेजस्तै प्रसव वेदनाले सतायो, ब्यथा भयो, पटाचारा चिच्याइन्, कराइन् । ब्यथा भइरहेकी श्रीमतिबाट पाउने बच्चालाई सुरक्षार्थ चाँजोपाँजो मिलाउने मनसायले पातपतिङ्गर स्याउला खोज्न जङ्गलभित्र छिऱ्यो । तर ठूलो विपत्ति आइपऱ्यो, जङ्गलभित्र यौटा विषधारी साँपले केटोलाई डस्यो, थुङ्गाइले, तुरुन्तै जिउभरी विष फैलियो, त्यहीं घुप्लुक्कै लड्यो, देहअवसान-मृत्यु भयो ।

प्रसव वेदनाले पीडित पटाचाराले मुसलधारे वर्षाकै दौरान त्यहीं बच्चा पाइन् । दुईहातले छेकेर, मासुको डल्लोझैं त्यो भर्खर पाएको बच्चालाई रातभरी, सुरक्षितसाथ बचाइन् । ठूलो संघर्ष नै गर्नुपऱ्यो, मिर्मिरे विहानीसँगै यतिका बेर भैसक्यो, रात कटिसक्यो, किन अहिलेसम्म आइपुगेनन् भनी सानो बच्चा र भरखर पाएकी बच्चा लिएर श्रीमानको खोजीमा पटाचारा विस्तारै जङ्गलभित्र प्रवेश गर्दा "हरियो नीलो रङ्गमा डङ्गरङ्ग पल्टिरहेको श्रीमानलाई देखिन्, असह्य पीडा-संवेदना उत्पन्न भयो– "अहो ! जसको लागि मैले परिवार त्यागें, सारा सुखद् जीवनलाई तिलाञ्जली दिएँ, मैले परिवार भनिनं, समाज भनिनं, सुखद् जीवन भनिनं, सबै छाडेर आएँ आखिर उसैलाई यति चाँडो त्याग्नुपऱ्यो, छोड्नुपऱ्यो । अहो ! मैले कस्तो दुःख व्यहोर्नु पऱ्यो !?" ठूलो शक (चोट) पऱ्यो, गाह्रो भयो, रुँदै रुँदै मनमा ठूलो विरह र वेदना बाहेक सहारा विहीनजस्तै भयो । एउटै बाँकी सहारा माइती, बस माइतीभन्दा अरू कुनै सहाराको भर भएन । हर कुरामा उनी बेसहारा भइन्, सुत्केरी जिउ, रातभरीको पीडाकष्टले गर्दा तिनको शरीर रगत



Downloaded from http://dhamma.digital/

नभएकोजस्तो फुस्रो देखियो । नवजात शिशुलाई बोकी ठूलो छोरालाई औंलाले डोऱ्याई, धुन्मुनिँदै आफ्नो लोग्नेको मृत्युले वज्रपात भएपछि ती बोकेका सम्पूर्ण आशा सबै निराशामा परिणत भए, माइतकै आशामा विलाप गर्दै अगाडि बढिन् ।

रातभरिको मुसलधारे वर्षात्का कारण बाटैमा भेटिएको अचिरवती नदी तर्न ठूलो समस्या भयो । खोलामा पानी बढेको थियो, नदी तर्ने आँटै भएन । पहिले नवजात शिशुलाई पारीमा छोडी सकी नसकी अर्को सानो बच्चालाई लिन आउँदै गर्दा जतिबेला उनी नदीको बीचैमा पुगेकी थिइन्, त्यतिबेलै भोकले रन्थनिएको यौटा चील-गिद्ध आकाशमा रन्थनिएर यताउता चहार्दै गर्दा नवजात शिशुलाई आलो मासुको डल्लोझैं देखेर सरर तल ओर्ली त्यो नवजात शिशुलाई टपक्क टिपेर उड्यो । पटाचारा बेस्सरी रोइन्, कराइन्, चिच्याइन् । स्यू हा ! भन्दै हात हल्लाइन् । विजोगको बेला एकपछि अर्को दुःखदर्द लहरिँदै आउनु झन् विजोग हुन्छ । आमाको चिच्याहट एवं हात हल्लाइएकोजस्तो ठानेर पारिमा छोडिआएको त्यो सानो बच्चाले मलाई आमाले आऊ आऊ भनी बोलाइन् भन्ने लागेर बिस्तारै नदीतिर ओर्लिएका मात्र थिए, अचिरवती नदीले बगायो ।

अभागी पटाचाराको दिल छियाछिया भयो, मन फाट्यो, साह्रै दुःख भयो, वेदना भयो, विरहव्यथा र विलापका कारण विचरा टुहुरा बनेकी पटाचाराले "मेरो यौटा छोरा बाजले लग्यो, अर्को छोरा बाढीले बगायो, सर्पको टोकाइबाट श्रीमान्को मृत्यु भयो" भन्दै छाति पिटी पिटी रुँदै रुँदै, कराउँदै चिच्याउँदै-विलाप गर्दै, जसोतसो श्रावस्ती नगरको द्वारमा पुगिन् । बाटोमा यौटा मान्छेसित उनले सोधिन्– "फलाना फलाना ठाउँमा बस्नेहरूको हालचाल के छ ? उनीहरूको जीवन कसरी गुजारा भइरहेको छ ?", त्यस मान्छेले "कृपया उनीहरूको बारेमा नसोध्नुस्" भनी जवाफ फर्काउँदा पटाचाराको मनमा झन् खुलदुलि भयो- "किन ?" भन्नुहोस् न भन्नुहोस्- "हेर बहिनी आज रातभरि मुसलधारे वर्षा भएको तिमीलाई थाहा छँदैछ, रातभरिको वर्षाले त्यो महाजनको परिवारमा ठूलो विपत्ति भयो । सुतिरहेकै बेला घर


Downloaded from http://dhamma.digital/

भत्किँदा सबैको मृत्यु भयो । त्यसैले हेर ! उ त्यो पर देखिने मसान घाटमा, एउटै चितामा उनीहरूलाई जलाइरहेको छ । चिताको आगो अझै निभेको छैन ।" ती लाशहरूबाट एकसरो धुँवा आकाशमा मिसिएकोझैं उनले देखिन् । अब भने पटाचाराले केही सोच्नै सकिनन् । लोग्ने र छोराहरूको पीरले अलि अलि असन्तुलन भइरहेको पटाचाराको मानसिक स्थिति झन् असन्तुलन भयो । केही सोच्नै सकिनन् बेहोशजस्तै भइन्, के भइरहेको छ ठम्याउन सकिनन्, कहाँ छिन् ? त्यो पनि बिर्सिन् । अझ आफ्नो जिउमा लुगा छ छैन त्यो समेत उनले बिर्सिन्, होसहवासै उड्यो, आफूले आफैलाई सम्हाल्न नसकेपछि उनी पगलीजस्तै भौंतारिएर छताछुल्ल भए ।

एकपछि अर्को बहारझैं थपिएको दुःखदर्दले पटाचारालाई मानसिक आघात पर्नु स्वाभाविक हो । विछोडै विछोड हालतले जिउँदो लाशमा परिणत भइन् पटाचारा । असह्य मानसिक आघातका कारण उनी बर्बराउन थालिन्, कराउँदै, चिच्याउँदै भौंतारिन थालिन्-

**"उभो पुत्ता कालकता, पन्थे मय्हं पति मतो ।**
**मातापिता च भाता च, एकचित्तम्हि डय्हरे ।"**

- (थेरी अपदानपालि)

"मेरा दुई बालकहरू मध्ये एउटालाई बाजले लग्यो, अर्कोलाई बाढीले (नदीले) बगायो, सर्पको टोकाइले श्रीमान्को मृत्यु भयो, आमा-बुबा र भाइ एउटै चितामा भस्म भए ।"

यसरी आफ्नो असह्य पीडालाई गाथात्मक शैलीमा गीत गुनगुनाउने जस्तै रटान भइरहनु अत्यन्त स्वाभाविक विषय हो । त्यही त्यही कुरा मात्र मनमा झलझली याद आइरहँदा, त्यसैमा मात्र लीन भइरहँदा, उनको मानसिक स्थिति असन्तुलित भयो, बहुलिनीजस्तै भइन्, पगली नै भइन्, आफ्नो आङ्गमा वस्त्र छ छैन पर्वाह भएन, निर्वस्त्र नै भइन् । बस दुःख, वेदना, पीडा, विरहका साथ "सबै मरे, म एक्ली भएँ" भन्ने एकोहोरो एक्लोपन-भावनामै डुबुल्किँदै तैरिँदा बाटोमा सबैले बहुलिनी, पगली, खुस्केकी आदि नानाभाँटी भनी जिस्काउन थाले, हिलो छ्याप्ने, ढुङ्गाले हान्ने, लट्ठीले


Downloaded from http://dhamma.digital/

हिर्काउने, तर्साउने, लखेटिने, रिङ्ग्याउनेजस्ता लोकव्यवहारले पटाचारालाई झनै बहुलिनी हुन बाध्य पाऱ्यो ।

गन्तव्यहीन-उद्देश्यहीन यात्रासँगै उनको जीवन छताछुल्ल भइरहेको समय, यताउता-कताकता भौंतारिँदै उनी जेतवनाराममा पुग्छिन् । जेतवनभित्र प्रवेश गर्न उनलाई सबैले रोके– "हे ! त्यहाँभित्र जानुहुन्न, यहाँ आउनुहुन्न, भित्र जान पाइंदैन ।" चतुपरिषद्सामु तथागत शास्ताले उपदेश गरिरहेका थिए– मैत्री, करूणा, मुदिता, उपेक्षा आदि गुणले भरिएको तथागत हृदय न हो, सबैले रोकेकै थिए तर "नरोक आउन देऊ" भनी मैत्रीपूर्वक मधुरस्वरमा– **"सतिं पटिलभ भगिनी"** "हेर ! बहिनी, होसमा आऊ, सजग होऊ, सतर्क होऊ ।" बुद्धवाणी मधुरवाणीको प्रभावले पटाचारा झसङ्ग ब्युँझिए । "अहो ! मलाई के भनेको ? पगली-बहुलिनी भनी कसैले मलाई मान्छे गन्नै छोडेको बेला कसैले मेरो कुरा सुनिरहेका छन्, मसित कुरा गरिरहेका छन् । होसमा आऊ बहिनी भन्ने कसैको पुकार सुनिरहेको छुँ ।" यसरी तथागत-हृदयबाट प्रष्फुटित झङ्कार सुनी पटाचाराले आफूलाई सहारा मिलेको महसूस गरिन् । एक्लिएर विरक्तिएकी पटाचारालाई कसैले नजिकको व्यवहार गरी आत्मियताले अङ्गालो हालेजस्तै अनुभूति प्राप्त हुँदा उनमा सजगता-सतर्कता एवं होशीयारीपन जागृत भयो । त्यसपछि उनी सर्माइन्, उनमा लज्जालुपन देखियो, थचक्क भुइँमैं बसिन्, कसैले उनलाई दिएको पछ्यौरा बेरिन् ।

त्यसपछि पटाचाराले आफ्नो सम्पूर्ण विरह-गीत, कहालिलाग्दो जीवन-वृत्तान्त सबैसामु खुलेआम प्रकट गरिन् । उनको दुःखद् जीवन-वृत्तान्त सुनिसकेपछि महाकारूणिक तथागतको श्रीमुखबाट उपदेश प्रवाहित भयो–

"पटाचारे ! धैर्य गर, शोक नगर, विलाप नगर । तिमी यताउता चहार्दै-भौंतारिँदै थियौ– बेसहारामा । आज तिमीले सहारा पायौ, तिमी अत्यन्त सही ठाउँमै आइपुग्यौ, राम्रो शरणमा आइपुगेकी छौ । हो, तिमीलाई अत्यन्त दुःख भइरहेको छ, तिम्रो दुःख-पीडा ठम्याउनै नसकिनेजस्तो छ, तिम्रो मुटु फुट्लाजस्तो छिया छिया परेको छ अहिले, यस किसिमको दुःख कसैलाई नआओस् र पनि


Downloaded from http://dhamma.digital/

यो स्वाभाविक दुःख हो । यो कसैले कसैलाई गर्छु भनेर सराप्दैमा, यस्तै होस् भनेर अलाप्दैमा हुने दुःख होइन । जीवनसँगसँगै के कस्ता दुःख आइलाग्छन् कसैले भन्न सक्दैन । यो अनिश्चित जीवनमा कुनै न कुनै बेला कुनै न कुनै तवरबाट यावत दुःख-दर्दहरूले पछ्याइराखेको हुन्छ । तिमी पनि आफ्नो बालबच्चा, आफ्नो श्रीमान्, आफ्ना जन्मदाता आमाबुबा तथा भाइको सम्झनामा, उनीहरूको स्मरणमा कति रोयौ होला । तिमीले कति विलाप गरिसक्यौ, कति आँसु झारिसक्यौ, समुद्रको पानीजस्तै कति बगे बगे । वास्तवमा दुःखले छट्पटिएका मानिसहरूको शोकसन्ताप अनन्त-अप्रमाण हुन्छ । त्यसकारण पटाचारा, तिमी अप्रमादी होऊ, होसमा आऊ, सजग र सतर्क बन । अब तिमीले दिलचस्पिकासाथ कुशलधर्म पालना गर, कुशल धर्म सम्पादन गर । तिमीले राम्रो विधि-व्यवहारमा निरन्तररूपमा छाउँदै त्यसैमा रमाउने प्रयत्न गर । यो संसारको कुनै अन्त छैन । शोकसन्तापमैं मात्र अल्मलिएर नबस ।"

वास्तवमा मृत्यु ध्रुव सत्य हो । मृत्युलाई सबैले वरण गर्नुपर्छ, आत्मसात गर्नुपर्छ । सानोमा या ठूलोमा, यौवनमत्तामा या बुढेसकालमा स्वाभाविक रूपमा या दुर्घट्नामा, कुनै न कुनै तवरबाट मृत्युलाई सबैले वरण गर्नैपर्छ । यहाँ जस्को जन्म हुन्छ, उसको मृत्यु यहीं हुन्छ । मरणलाई उसले स्वीकार्नै पर्छ ।

तथागत शास्ताले दुःख दर्दकी रानी, शोक र विलापले थकित पटाचारालाई सान्त्वना दिंदै गाथात्मक सन्देश प्रकट गरे–

**"चतुसु समुद्देसु जलं परित्तकं,**
**ततो बहुं अस्सुजलं अनप्पकं ।**
**दुक्खेन फुट्ठस्स नरस्स सोचना,**
**किं कारणा सम्म तुवं पमज्जस्सी'ति ।।"**

– (धम्मपदट्ठकथा, थेरीगाथा अट्ठकथा)

"पटाचारे ! जसरी अहिले तिम्रा बालबच्चा, पति, आमाबुबा तथा भाइको मृत्यु भयो, त्यस्तैगरी यो अनन्त संसारचक्रमा तिम्रा कति पतिहरू, बालबच्चाहरू, आमाबुबाहरू मरिसके होलान् । त्यसमा तिमी कति रोयौ


Downloaded from http://dhamma.digital/

होली । साँच्चै ती बहेका आँसु एकै ठाउँमा जम्मा भएका भए महासमुद्रको पानीभन्दा पनि धेरै भइसक्थे होलान् । त्यसो हुनाले बहिनी पटाचारा ! शोक नगर, प्रमादी नहोऊ ।"

यसरी अनन्त संसार-विषयक उपदेश सुन्दासुन्दै प्यासीलाई कुवामिलेजस्तो भयो पटाचारीलाई, मनमा दन्दन् बलिरहेको आगो शान्त हुँदै गयो, जिउ हलुङ्गो भयो, विक्षिप्त मानसिकता सनै सनै सन्तुलनमा आएझैं सही ट्र्याक भेट्टियो, हृदयभित्र थुप्रिएका-कोचिएका शोकसन्ताप मत्थर हुँदै गए, जीवनमा नयाँ मोड भेट्टिएजस्तो भयो । उनको हृदय परिवर्तनतिर आकासिँदै गइरहेको ठीक समयमा बुद्धको सामीप्यता एवं उपदेशात्मक उपचारले आयामिक परिवर्तन भयो । उपदेशपछि पटाचारा बुद्धसमक्ष शिष्या-भिक्षुणी हुन तयार भइन्, प्रव्रजित भइन् । भिक्षुणी भइसकेपछि उनको जीवनले कोल्टो फेऱ्यो, जीवन सार्थक एवं सही दिशातिर मोडियो । उनले धर्मलाई जसरी हुन्छ निरन्तर मेहेनत र लगावकासथा भाविता गर्न खोजिन्, अभ्यास गर्न खोजिन्, मानसिक रूपमा उनी सबल भइन् । उनले निरन्तर विपश्यना साधना गरिन् । आफूले आफैंलाई चिन्ने उपायमा उनी तल्लिन भइन् ।

एकदिन अभ्यासकै चरणमा, आफ्नो कोठामा ध्यान गर्न जानुभन्दा पहिले हातखुट्टा धुने समयमा जग (मग) ले खुट्टामा पानी खन्याउँदा खन्याउँदै अलिकति पानी बहेको, त्योभन्दा अलिकति पर, अझ बढी खन्याउँदा अझ बढी पर बगेको– त्यसैकुरालाई मात्र चिन्तन मन्थन गर्दै पटाचाराले समग्र जीवन र जगतलाई आत्मसात गरिन् "अहो ! जीवन यस्तै रहेछ, कोही आमाको गर्भमैं, कोखमैं मरेर जान्छन्, कोही भरखर तोतेबोली बोल्न मात्र जानेको सबैको प्यारो अवस्थामा मरेर जान्छन्, भरखरको नवजवान यौवनमत्ताको उमेरमा मरेर जानेहरू छन्, अर्धवैंशमा मर्छन्, बुढापाकाको उमेरमा मरेर जान्छन् । आखिर मृत्युले कसैलाई पनि छाड्दैन । प्रत्येक जीवनमा मृत्यु लुकेको हुन्छ, प्रत्येक जीवन मृत्युमा परिणत हुनैपर्छ, हरेक जीवनमा मृत्यु अवश्यम्भावी छ । वश ! कहिले, कसरी, कुन रूपमा मृत्युलाई वरण गर्नुपर्ने


Downloaded from http://dhamma.digital/

हुन्छ यसमा अन्तरता हुनसक्छ, भिन्नता हुनसक्छ । तर मृत्युलाई त वरण गर्नैपर्छ ।"

यस्तै भावनाहरू मनमा एकपछि अर्को तैरिनेक्रम जारी रह्‍यो । गहिरो गम्भीर चिन्तनको कारण पटाचाराले उत्पाद र व्यय, क्षय, उत्पत्तिका विषयमा ज्ञान प्राप्त गरे, उनी शान्त भइन् । शान्त र सौम्यरूपमा उनले जीवन गुजारा गर्नसक्ने भइन् । यहाँ प्रत्येक कुरा-चीजवस्तु उत्पत्ति हुन्छ, विनाश हुन्छ । यो देखिने र त्यो फेरि हराउँदै जाने, यो जुन यौटा प्रकृया छ, जुन चक्रिय पद्धत्ति छ, यो प्रकृतिको नियम, उत्पत्ति र विनाशको नियम वा स्वभाव-धर्म हुन्, जसलाई जान्नु पर्छ-बुझ्नु पर्छ भनेर त्यही कुरालाई पटाचाराले भित्री हृदय-अन्तस्करणदेखि साक्षात्कार गरिन्, उनको सम्पूर्ण विकारजन्य आस्रव क्षय भयो । राग, द्वेष र मोहलाई क्षेदन गरी अर्हत् भइन्, अरहत्वस्थितिमा पुगिन्, निर्वाणधर्मलाई अवबोध गर्न सकिने भइन् । जीवन र जगतलाई यथार्थ रूपमा आत्मसात गरी पटाचाराले विरही जीवन-गाथालाई यथार्थ सुखमा परिणत गरी समग्र जीवनलाई सुखी तुल्याइन्, अहो धन्य बनाइन् ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

प्रकाशक दाता

Dhamma.Digital





स्वयम्भू वीरसिंह कंसाकार

हितलक्ष्मी कंसाकार

सपरिवार - पुतलीसडक, काठमाडौं

Downloaded from http://dhamma.digital/